# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ विषय परिचय

विश्वेश्वरप्रसाद कोइराला (१९७१-२०३९) आधुनिक नेपाली फाँटका एक सशक्त प्रतिभा हुन् । नेपाली साहित्यमा अराजकतावादी विचार बोकेको कोइराला नेपाली साहित्यको आख्यान विधामा सर्वप्रथम पाश्चात्य साहित्यको आमन्त्रण गर्ने प्रथम आख्यानकार मानिन्छन् । सुरूमा हिन्दी साहित्यमा कलम चलाएका कोइराला शान्तिप्रिय द्विवेदी र सूर्यविक्रम ज्ञवालीको प्रेरणाले गर्दा नेपाली साहित्यमा भित्रिएको पाइन्छ । नेपाली साहित्यमा प्रथम पटक **चन्द्रवदन** (१९९२) कथा लिएर भित्रिएका कोइरालाले कविता, निबन्ध, उपन्यास, जीवनी, आत्मवृत्तान्त आदि विधामा समेत कलम चलाएको पाइन्छ । कोइरालाले कलम चलाएका अनेक विधाहरू मध्ये मूलतः आख्यान विधा नै बढी चर्चित मानिन्छ । कोइरालाको कलमबाट चर्चित छ वटा औपन्यासिक कृतिहरूको रचना भएको पाइन्छ । ती कृतिहरू **तीनघुम्ती** (२०२५), **नरेन्द्रदाइ** (२०२६) **सुम्निमा** (२०२७), **मोदीआइन** (२०३७), **हिटलर र यहुदी** (२०४०) र **बाबु आमा र छोरा** (२०४५) रहेका छन् ।

कोइरालाका उपन्यासको वर्गीकरण र विश्लेषण गर्ने क्रममा **सुम्निमा** उपन्यास तेस्रो औपन्यासिक कृति हो । कोइरालाले यस उपन्यासमा आर्य संस्कृति र अनार्य संस्कृतिलाई क्रमशः अध्यात्मवाद र भौतिकवादको प्रतीकको रूपमा सोमदत्त र सुम्निमालाई समायोजन गरी किरात देशको एउटा कथा भनेको पाइन्छ । **सुम्निमा** उपन्यासमा प्रमुख पात्र सुम्निमा, सोमदत्त, पुलोमा आदिकै संस्कारगत र चारित्रिक परिवेशबाट नै नेपाली संस्कृतिको धरातल चिनाउने प्रयास गरिएको पाइन्छ । **सुम्निमा** उपन्यास आन्तरिक र बाह्य परिवेशमा घटनावली पूर्ण भएको देखिन्छ । बाह्य परिवेशमा कोशीको चतरा वराह आसपासका क्षेत्रहरू स्थानिक परिवेशका रूपमा आएका छन् । कालिक परिवेशको रूपमा हेर्दा **सुम्निमा** उपन्यास प्राचीन कालको उपन्यास हो भन्न सकिन्छ । औपन्यासिक तत्वका आधारमा केही विश्लेषण भए तापनि परिवेशका आधारमा अध्ययन तथा विश्लेषण नभएको हुँदा यहाँ परिवेशको आधारमा **सुम्निमा** उपन्यासको अध्ययन तथा विश्लेषण गरिएको छ ।

## १.२ समस्याकथन

उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित **सुम्निमा** (२०२७) उपन्यास आदिमतापरक दर्शनका साथै पौराणिक दर्शनमा आधारित एक प्राचीन संस्कृतिमूलक उपन्यास हो । **सुम्निमा** कोइरालाको तेस्रो औपन्यासिक कृति हो । प्राचीन कालको उपन्यास भएको हुनाले उपन्यासको परिवेशको बारेमा भने केही अस्पष्टता देखिन्छ । यस उपन्यासलाई परिवेश तत्वका आधारमा विश्लेषण गर्दा निम्न समस्याहरू देखा परेका छन् ।

क) **सुम्निमा** उपन्यासमा प्रयुक्त स्थानिक, कालिक र परिस्थितिक परिवेश के कस्तो छ ?

ख) **सुम्निमा** उपन्यासमा प्रयुक्त परिवेशको उपन्यासका अन्य तत्वसँगको अन्तर सम्बन्ध के कस्तो छ ?

## १.३ शोधको उद्देश्य

विश्वेश्वरप्रसाद कोइराला नेपाली उपन्यासका एक बहुमुखी प्रतिभा हुन् । उनको खारिएको लेखनशैलीले गर्दा उनको तेस्रो उपन्यास **सुम्निमा** (२०२७) आजसम्म पनि चर्चित छ । शोधको मुख्य उद्देश्य **सुम्निमा** उपन्यासको परिवेश चित्रणमा रही समस्या कथनमा उठाइएका समस्याहरूको खोजी गर्नु हो । बुँदागत रूपमा प्रस्तुत शोधपत्रको उद्देश्यहरू निम्न रहेका छन् :

क) **सुम्निमा** उपन्यासमा प्रयुक्त स्थानिक, कालिक र पारिस्थितिक परिवेशको विश्लेषण गर्नु,

ख) **सुम्निमा** उपन्यासमा प्रयुक्त परिवेशको उपन्यासका अन्य तत्वसँगको अन्तर सम्बन्धको विश्लेषण गर्नु,

## १.४ पूर्वकार्यको समीक्षा

विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित प्रस्तुत **सुम्निमा** उपन्यास पौराणिक मिथकीय विषयवस्तुको स्रोत ग्रहण गरी लेखिएको एक आधुनिक संस्कृतिमूलक उपन्यास हो । यस उपन्यासमा आर्य संस्कृति र किरात संस्कृति बिच समन्वय गर्ने प्रयास गरेका छन् । साथै, फ्रायडवादी जीवनदर्शनको पनि समाहित गरेका छन् । वि. सं. २०२७ मा प्रकाशित यो उपन्यासलाई धेरै समालोचकहरूले विभिन्न कोण प्रतिकोणबाट अध्ययन, विश्लेषण र मूल्याङ्कन गरेको पाइन्छ । यस शोधपत्रमा विभिन्न समालोचकहरूले विभिन्न समयमा गरेका टिका टिप्पणीलाई समेट्ने प्रयास गरिएको छ । त्यसैगरी वि.सं. २०३० सालपछिका पत्र पत्रिकाहरूले **सुम्निमा** सम्बन्धी गरेका अध्ययनलाई समेट्ने प्रयास गरिएको छ । समीक्षकहरूले गरेको सम्पूर्ण पक्षको अध्ययनलाई यसमा समेट्न नसके तापनि जे जति कार्य भएको छ, तिनको सङ्क्षिप्त विवरण कालक्रमिक रूपमा यस शोधपत्रमा उल्लेख गरिएको छ :

प्रधान (२०३१) ले **संचय** पत्रिकाको ‘**सुम्निमा** उपन्यासभित्र प्राचीन इतिहास’ भन्ने लेखमा उपन्यासमा आर्यहरू उत्तरतर्फको पहाडी भागमा बस्न आएको, आर्य र अनार्य बिचमा धेरै लामो युद्ध भएको र आर्यकै जित भएको, केही कालसम्म आर्य र अनार्यहरू जातिगत र सांस्कृतिक हिसाबले फरक फरक रहे पनि कालान्तरमा तिनीहरूको सम्बन्ध अविच्छिन्न रहेको कुरा बताएका छन् । यस समीक्षाले उपन्यासको कालिक परिवेशका बारेमा विश्लेषण गर्न सहयोग गरेको छ ।

पराजुली (२०३३) ले **ज्ञानविज्ञानको दिशा** कृतिको ‘नेपाली उपन्यासको ऐतिहासिक विवेचना’ शीर्षकको लेखमा **सुम्निमा** उपन्यासको केन्द्रीय तत्व यौन भएर पनि अत्यन्त संयम र बौद्धिक स्तरबाट विश्लेषित भई हाम्रो इतिहास र प्रवृत्तिलाई औपन्यासिक रूप दिएको कुरा देखाएका छन् । उनको यस विश्लेषणले यौनलाई जोड दिएकाले पात्रका मनको वातावरणलाई विश्लेषण गर्न सहयोग गरेको छ ।

शर्मा (२०३९) ले **नेपाली साहित्यको इतिहास** कृतिमा उपन्यासकी **सुम्निमा** किराती आदिनारी हो भन्ने ठहर गर्दै भौतिक सुखलाई महत्व दिने सुम्निमा र आध्यात्मिक सुखलाई महत्व दिने सोमदत्तको बिचमा आ आफ्नै किसिमको संस्कृतिको अडानले गर्दा उपन्यासमा द्वन्द्वको सिर्जना भएको बताएका छन् । यही भनाइको आधारमा उपन्यासमा सांस्कृतिक परिवेशलाई हेरिएको छ ।

पौड्याल (२०४१) ले **समालोचनाको बाटोमा** भन्ने कृतिमा **सुम्निमा** उपन्यासको घटनावलीको विस्तृत व्याख्या गर्दै यसको द्वन्द्वात्मक परिवेश ज्यादै प्रभावकारी रहेको बताएका छन् । द्वन्द्वको निकास उपन्यासकारले सुम्निमा र सोमदत्तका सन्तानको बिहे गराइदिएर समन्वयमा पुगेको बताएका छन् ।

चापागाईं (२०४३) ले **केही सृष्टि केही दृष्टि** भन्ने कृतिमा **सुम्निमा** उपन्यासका केही मूल्यहरू भनोदैहिकता, देह र आत्मा, चेतन र अचेतन, आर्य र किरात आदि पक्षमा सधन रूपमा आएको छ भनेका छन् । यस भनाइले परिवेश चित्रणमा त्यति सहयोग गरेको देखिँदैन ।

शर्मा (२०४४) ले **अवलोकन र विवेचना** भन्ने कृतिमा **सुम्निमा** उपन्यासको कथानक योजना दृश्यात्मक ढङ्गबाट अगाडि बढेको, कथानकलाई गतिशील बनाउन द्वन्द्वको आयोजना गरिएको र चरित्र घटना र परिवेश कथानकसँग अभिन्न भएर आएकाले कथावस्तु सुगठित र चमत्कारपूर्ण छ भनेका छन् । यस भनाइले उपन्यासका अन्य तत्वसँग परिवेशको सम्बन्ध हुन्छ भन्ने कुरालाई पुष्टि गरेको छ ।

धरावासी (२०४८) ले **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरू** कृतिमा सुम्निमा, सोमदत्त, पुलोमा, बिजुवा आदि पात्रहरूको कार्यभूमिकाको चर्चा गर्दै समन्वयवादी दर्शन नै यस उपन्यासको मूल सन्देश मानेका छन् । यस समीक्षाले पात्रको कार्यले समन्वयात्मक वातावरणको सिर्जना भएको देखाएको छ ।

ढकाल (२०४८) ले **गरिमा** पत्रिकामा '**सुम्निमा**मा पाइने द्वन्द्वात्मक पक्ष' भन्ने लेखमा दुई भिन्न जाति, दुई भिन्न संस्कृति भएका पात्रहरूको आन्तरिक र बाह्य द्वन्द्वलाई अगाडि सार्दै द्वन्द्वको मूल कडी नै दुई भिन्न सांस्कृतिक परिवेशका पात्र हुन् भनेका छन् । यस भनाइले पात्र र परिवेशको अन्तर सम्बन्धलाई देखाएको छ ।

राई (२०५०) ले **नेपाली उपन्यासका आधारहरू** भन्ने कृतिमा सुम्निमालाई देहवादी र आत्मवादीको प्रतीक मान्नु भन्दा प्रतिनिधि मान्नु पर्ने राय व्यक्त गरेका छन् । देह र आत्माको सम्झौता भएकाले उपन्यासले अस्तित्ववादलाई वरण गरेको धारणा व्यक्त गरेका छन् ।

रेग्मी (२०५०) ले **मनोविश्लेषणत्मक समालोचना : उपन्यास खण्ड**मा मनोविश्लेषणको कोणबाट पात्रलाई हेर्दै सोमदत्तको कामवृत्तिको उदय भई सुम्निमाप्रति अतृप्त प्रेमले भोगी सिद्ध हुनु र पुलोमा पनि भिल्ल युवक प्रतिको प्रेमले गर्दा कामवासना हुनुले दुवै पात्रहरू सजातीय संस्कृतिप्रति बिकर्षित र विजातीय संस्कृतिप्रति आकर्षित भएको देखाएका छन् । उनको भनाइ हेर्दा **सुम्निमा** उपन्यासमा घटित घटनावलीको एक कारकका रूपमा विजातीय सांस्कृतिक परिवेशलाई लिन सकिन्छ ।

दाहाल (२०५३) ले **विश्वेश्वरप्रसाद कोइराला : समालोचना र विचारमा** भन्ने पुस्तकमा **सुम्निमा** उपन्यासको विषयवस्तु अनुरूपको वातावरणको चयन पनि स्वाभाविक रूपमा भएको छ र पौराणिक दन्त्यकथाश्रित विषयवस्तु सुहाउँदो कोशीको चतरा वराह क्षेत्रको धार्मिक भूभाग वातारणीय दृष्टिले पनि मेल खाने देखिन्छ भनेका छन् ।

भट्टराई (२०५३) ले **विश्वेश्वरप्रसाद कोइराला : समालोचना र विचारमा** कृतिको 'कोइरालाको साहित्यमा पात्रको उपस्थिति' भन्ने लेखमा **सुम्निमा**मा वर्णित सामाजिक र सांस्कृतिक परिवेश अनुसार नै पात्रहरूको चयन भएको निर्क्योल गरेका छन् । समीक्षक भट्टराइको यस निर्क्योल तथ्यपूर्ण र प्रभावपूर्ण देखिन्छ ।

भट्टराई (२०५३) ले **विश्वेश्वरप्रसाद कोइराला : समालोचना र विचारमा** कृतिको पुस्तकमा 'विश्वेश्वरप्रसाद कोइराला : नेपाली वाङ्मयका ध्रुवतारा' भन्ने शीर्षकमा अध्यात्मवाद र भौतिकवादको चर्को बहस चलाएर दुई सभ्यता बिचको सङ्गम सुम्निमालाई आजसम्म पनि प्रश्न चिन्हमै छोडिएको र यथार्थता निर्क्योल हुन बाँकी रहेको मन्तव्य राखेकी छिन् ।

पोखेल (२०५३) ले **विश्वेश्वरप्रसाद कोइराला : समालोचना र विचारमा कृतिको** 'विश्वेश्वरप्रसाद कोइराला र उहाँका केही कृति' भन्ने शीर्षकमा **सुम्निमा** उपन्यासभित्र किरात संस्कृतिका पात्रलाई नाङ्गो देखाउनु तर आर्य संस्कृतिका पात्रलाई नाङ्गो नदेखाउनुले त्यसवेलाका आर्यहरू सभ्य थिए तर किरातहरू असभ्य थिए भन्ने धारणा लेखकीय आशयले व्यक्त गर्दछ भनेका छन् । यस भनाइले तत्कालीन समयको सामाजिक वर्ग विभेदको बारेमा जानकरी दिएको छ ।

सुवेदी (२०५३) ले **नेपाली उपन्यास परम्परा र प्रवृत्ति**मा मानव सभ्यताको विकास प्रक्रियामा एउटा मानव समूदायमा अर्को समूदायमा मिश्रित हुँदै मानव समाजको निरन्तर विकास हुने कुराको मूल्यबोध हुनु **सुम्निमा** उपन्यासको कथ्य पक्ष हो भनेका छन् । यो ठहर समन्वयमा बढी केन्द्रित छ ।

राई (२०५५) ले **सुम्निमा उपन्यासको कृतिपरक अध्ययन** शीर्षकको शोधपत्रमा उपन्यासमा घटेका घटना तथा सम्पूर्ण कार्यव्यापार भएको स्थान कोशी प्रदेशको चतरा र वराह क्षेत्रको आसपासको भूभाग नै सुम्निमाको स्थानिक परिवेश हो भनेका छन् ।

वतन (२०५५) ले **गोर्खा सैनिक आवाज** भन्ने पत्रिकाको '**सुम्निमा** उपन्यास : पूर्वाग्रह र सुनियोजित षडयन्त्र' भन्ने शीर्षकमा **सुम्निमा** उपन्यासले किरात जाति, संस्कृति, आस्था र विश्वासमाथि ठाडो प्रहार गरेको, सोमदत्तको छोरालाई किरात जातिमा विलय भएको तारतम्य मिलाएर किरात रक्तलाई विषाक्त भएको देखाउनु लेखकीय षडयन्त्र हो भनेका छन् । समन्वयमा बढी जोड दिएकाले यो भनाइ त्यति तथ्यपूर्ण देखिँदैन ।

गैरे (२०६०) ले **सुम्निमा उपन्यासमा यौन मनोविश्लेषण** शीर्षकको शोधपत्रमा पात्रको यौन मनोविश्लेषणलाई अति सूक्ष्म रूपमा चर्चा गर्दै **सुम्निमा** उपन्यास पौराणिक शैलीमा निर्माण

गरिएको, पौराणिक पात्रको चयन गरिएकोले पात्र आफ्नो धर्म र संस्कृतिले प्रेरित छन् र पात्रमा विभिन्न प्रकारको वातावरणको सिर्जना भएको छ भनेका छन् ।

बराल (२०६३) ले **सुम्निमा उपन्यासमा पात्र विधान** शीर्षकको शोधपत्रमा पुराण प्रसिद्ध विश्वामित्र ऋषिको आश्रम कौशिकी चतरामा कुनै बेला भएको र सो आश्रम पृथ्वीकै गर्भमा लोप भएको कुरालाई कोइरालाले दन्त्यकथा र पूराकथाको समायोजन गरी प्रस्तुत गरेको देखिन्छ भनेको छन् । यस भनाइमा पुराण प्रसिद्ध विश्वामित्रको चर्चा गरिएको हुँदा यो ज्यादै प्राचीन कालको उपन्यास देखिन्छ ।

ढकाल (२०६७) ले **विश्वेश्वरप्रसाद कोइरालाका कथा र उपन्यासको विश्लेषण** भन्ने पुस्तकमा सुम्निमाको कालिक परिवेश **मोदीआइन** र **हिटलर र यहुदी** जस्तो तोकेर भन्न नसके तापनि तिन पुस्ताको समयावधिलाई लिएको देखिन्छ । त्यस्तै कोशीको चतरा स्थित जङ्गलको आश्रम र आसपासका स्थानलाई स्थानिक परिवेशको केन्द्र मानेका छन् । ढकालको यो समीक्षा अन्य समीक्षकको भन्दा बढी विश्वसनीय र तथ्यपूर्ण देखिन्छ ।

माथि गरिएको समीक्षाले **सुम्निमा** उपन्यासको परिवेश विश्लेषण प्रत्यक्ष अप्रत्यक्ष रुपमा समेत सहयोग गरेको देखिन्छ । धेरै समीक्षकहरुले **सुम्निमा**को विषयवस्तुको आलोचना गरका छन् । यस शोधपत्रमा परिवशेको जे जति विश्लेषण गरिएको छ ती सबै माथि उल्लेख भएका छन् । राजेन्द्र सुवेदी, कृष्ण धारावासी, हिरामणि पौड्याल आदिले समन्वयमा जोड दिएका छन् भने हरिराज भट्टराई, भूपति ढकाल, ऋषि बराल आदिले उपन्यासको परिवेशको पनि चर्चा गरेका छन् । यसरी विभिन्न समालोचकहरुले गरेको परिवेश विश्लेषण सङ्क्षिप्त, अपूर्ण र प्रभावपरक देखिन्छ । सुम्निमा उपन्यासको परिवेश विश्लेषणलाई वस्तुपरक र शोधात्मक ढंगले निरुपण प्रस्तुत शोधमा गरिने भएकाले पूर्ववर्ती कार्यभन्दा यो कार्य पृथक छ तसर्थ औचित्यपूर्ण पनि छ ।

## १.५ अध्ययनको औचित्य

प्रस्तुत शोधको शीर्षक **सुम्निमा** उपन्यासको परिवेश विधान आफैमा अनुसन्धेय र औचित्यपूर्ण छ । आधुनिक नेपाली उपन्यासको चौथो चरणमा सुरूवात भएको मनोवैज्ञानिक यथार्थवादी धारालाई अगाडि बढाउन कोइरालाको **सुम्निमा** उपन्यास महत्वपूर्ण देखिन्छ । चरित्र, द्वन्द्व, उद्देश्यका दृष्टिले समेत चर्चित भएको **सुम्निमा** उपन्यासको जे जति अध्ययन विश्लेषण भए पनि परिवेशमा केन्द्रित भएर अध्ययन तथा विश्लेषण भएको देखिँदैन् । त्यसैले परिवेशको विश्लेषण गर्नु नै यस शोधको औचित्य हो । यसका अतिरिक्त मनोवैज्ञानिक र समन्वयवादी उपन्यासकार कोइरालालाई सफल उपन्यासकारका रूपमा चिनाउनु र शोधपत्रमा परिवेशको व्यापक रूपमा अध्ययन गरिएको हुँदा यस विषयमा अध्ययन गर्न चाहने अध्येताहरूलाई थप ज्ञान दिनु तथा कुनै पनि कृतिको परिवेशको अध्ययन गर्न चाहने शोधार्थीले सामान्य मार्ग निर्देशन प्राप्त गर्ने हुँदा यसको औचित्य र महत्व स्वतः पुष्टि हुन्छ ।

## १.६ शोधको सीमा

नेपाली उपन्यासका क्षेत्रमा वि.सं. २०२७ सालदेखि कलम चलाउन थालेका उपन्यासकार कोइरालाले छ वटा उपन्यास लेखिसकेका छन् । यिनै छ वटा कृतिहरू मध्ये वि.सं. २०२७ मा प्रकाशन भएको **सुम्निमा** उपन्यासको परिवेशको अध्ययन गर्नु नै यस शोधको सीमा हो । उपन्यासमा परिवेशलाई विश्लेषण गर्दा परिवेशका पक्षहरू देश, काल र वातावरणको आधार लिइएको छ । यही नै यस शोधपत्रको सीमा हो ।

## १.७ शोध विधि

शोध विधि अन्तर्गत सामग्री सङ्कलन विधि र सामग्रीले विश्लेषणको सैद्धातिक आधार ढाँचा पर्दछन् । प्रस्तुत शोधपत्रमा निम्न लिखित शोध विधिको प्रयोग गरिएको छ ।

### (क) सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्रमा शोधका समस्याहरूको प्रमाणिक समाधानका लागि प्राथमिक स्रोत र द्वितीयक स्रोत अन्तर्गतका सामग्री सङ्कलन गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत उपन्यासकार कोइरालाको **सुम्निमा** उपन्यासलाई लिइएको छ भने द्वितीयक स्रोत अन्तर्गत सम्बन्धीत विषयसँग सम्बन्धीत पाठ्य पुस्तक, लेख रचना, पत्र पत्रिका, शोधपत्र आदिको अध्ययन गरी सामग्री सङ्कलन गरिएको छ ।

### (ख) सामग्री विश्लेषणको सैद्धान्तिक आधार ढाँचा

प्रस्तुत शोधमा सामग्री विश्लेषणको मूल सैद्धान्तिक आधारका रूपमा उपन्यास सिद्धान्तबाट अवधारणका रूपमा परिवेशलाई लिइएको छ र त्यसै अवधारणले निर्माण गरेका उपकरणका आधारमा प्रस्तुत शोधका सामग्रीको विश्लेषण गरिएको छ । त्यसैले यो शोध प्रायोगिक, विश्लेषणात्मक र गुणात्मक प्रकारको रहेको छ ।

प्रस्तुत शोधका सामग्रीको विश्लेषण गर्ने ढाँचा समस्याका क्रमश निम्नानुसार उल्लेख गरिएको छ :

**(क) स्थानिक परिवेशको विश्लेषण**

(१) स्थान र प्रकृति

(२) स्थान र भाषा

(३) स्थान र रहन सहन

**(ख) कालिक परिवेशको विश्लेषण**

(१) पौराणिक काल

(२) किरात काल

(३) आधुनिक काल

**(ग) परिस्थितिक परिवेशको विश्लेषण**

(१) सामाजिक परिस्थिति

(२) सांस्कृतिक परिस्थिति

(३) राजनितिक परिस्थिति

(४) पात्रको मनको परिस्थिति

दोस्रो समस्याको समाधानका लागि निम्न लिखित ढाँचाको प्रयोग गरिएको छ ।

(क) स्थानसँग उपन्यासका अन्य तत्वहरूको अन्तर सम्बन्ध

(खं कालसँग उपन्यासका अन्य तत्वहरूको अन्तर सम्बन्ध

(ग) परिस्थितिसँग उपन्यासका अन्य तत्वहरूको अन्तर सम्बन्ध

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई पाँच (५) परिच्छेदमा बाँडी ती परिच्छेदलाई पनि विभिन्न शीर्षक एवं उप शीर्षकमा बाँडेर सुसङ्गठीत एवं व्यबस्थित गरिएको छ ।

प्रस्तुत शोधको परिच्छेद विभाजन यस प्रकार रहेको छ

१. परिच्छेद एक : शोधपत्रको परिचय

२. परिच्छेद दुई : परिवेशको अवधारणा र अन्य तत्वसँग परिवेशको सम्बन्ध,

३. परिच्छेद तिन : **सुम्निमा** उपन्यासमा परिवेश विधान

४. परिच्छेद चार : **सुम्निमा** उपन्यासका विभिन्न तत्वहरूसँग उपन्यासमा प्रयुक्त परिवेशको अन्तर सम्बन्ध,

परिच्छेद पाँच : उपसंहार तथा निष्कर्ष

## १.९ सन्दर्भ सामग्री सूची

यस शोधपत्रको लागि प्रयोगमा आएका सम्पूर्ण सन्दर्भ सामग्रीलाई यस शोधपत्रको अन्त्यमा राखिएको छ ।

# दोस्रो परिच्छेद

## परिवेशको अवधारणात्मक स्वरूप र उपन्यासका अन्य तत्त्वसँ ग परिवेशको सम्बन्ध

### २.१ विषय परिचय

प्रस्तुत परिच्छेदमा परिवेशको सैद्धान्तिक अवधारणा र परिवेशको उपन्यासका अन्य तत्वसँगको सम्बन्धलाई विश्लेषण गरिएको छ । शोधपत्रमा **सुम्निमा** उपन्यासको परिवेशको चित्रण तथा विश्लेषण गर्नु पर्ने भएको हुँदा यस दोस्रो परिच्छेदमा परिवेशको अर्थ खुलाइएको छ भने विभिन्न विद्वान्हरूले परिवेश सम्बन्धी दिएका परिभाषाको उल्लेख पनि गरिएको छ । परिवेशको विश्लेषण गर्न सजिलो होस् भनेर परिवेशका पक्षहरू देश, काल र वातावरणलाई पनि विश्लेषण गरिएको छ । यस परिच्छेदमा परिवेशको अर्थ, परिवेशको परिभाषा, परिवेशको विशेषताहरू तथा परिवेश विश्लेषणको सामान्य आधार जस्ता प्रसङ्गको विश्लेषण गरी उपन्यासमा परिवेश विश्लेषणको आधार निमार्ण गरिएको छ ।

### २.१ परिवेशको अर्थ

हाम्रो वरिपरिको वातावरण वा सेरोफेरो नै परिवेश हो । परिवेश मूलतः तत्सम शब्द हो, परिवेशको संरचनालाई हेर्दा यो दुई शब्दको संयोजनबाट बनेको देखिन्छ । 'वेश' शब्दमा परि उपसर्ग लागेर 'परिवेश' शब्दको निर्माण भएको हुन्छ । वेश शब्दको अर्थ मानिसले लगाउने पोषाक वा पहिरन भन्ने बुझिन्छ । यसलाई अङ्ग्रेजीमा 'सेटिङ'  भनिन्छ । कुनै काम हुनमा लागि उपयुक्त स्थल कार्यपीठिका हो, त्यही कार्यपीठिका नै उपन्यासको परिवेश हो । यसलाई कथान्तरणमा पर्यावरण, वातावरण, परिवृत्त, परिधि जस्ता शब्दहरूले सम्बोधन गर्ने गरिन्छ (सुवेदी, २०५३ : १८) । यसरी कुनै पनि कृतिमा पात्रले गरेको कार्यव्यापारको स्थान, समय र त्यसले पारेको वा छोडेको प्रभावलाई नै परिवेश भनिन्छ । परिवेश उपन्यासका अन्य तत्वहरू कथानक, चरित्र, संवाद, भाषाशैली, उद्देश्य जस्तै ज्यादै महत्वपूर्ण तत्व हो । परिवेशकै आधारमा रहेर कृतिभित्रका चरित्रहरूले आफ्नो कार्यव्यापार सम्पन्न गर्ने गर्दछन् । कुनै पनि उपन्यासमा रहेको कथानक र चरित्रले परिवेशकै आधारमा अघि बढ्नु पर्ने हुन्छ, त्यसैले उपन्यासमा परिवेशको ज्यादै महत्व रहन्छ । कुनै पनि कार्यव्यापार सम्पन्न गर्नको लागि सबैभन्दा पहिले स्थानको आवश्यकता पर्छ । सो कार्यव्यापार भएको कुनै एउटा समय हुन्छ भने त्यस कार्यव्यापारले कस्तो प्रभाव वा असर छोड्छ त्यसलाई वातावरण भनिन्छ । त्यसैले कुनै पनि उपन्यास भित्र घटना घटेको स्थान, घटना घटेको समय अनि त्यस घटनाले छोडेको परिस्थितिलाई नै परिवेश भनिन्छ । देश शब्दको अर्थ स्थल हो, काल शब्दको अर्थ समय वा युग हो भने परिस्थिति भनेको वातावरण हो । परिवेशलाई अङ्ग्रेजीमा सेटिङ्ग भनिन्छ । सेटिङ्ग अन्तर्गत  नै वातावरण, पृष्ठभूमि, कार्यपीठिका, देशकाल आदि पर्दछन् (बराल, २०५५ : ३२५) ।

परिवेश भित्र पनि विभिन्न अवयवहरू रहेका हुन्छन् । जस्तै धार्मिक सांस्कृतिक, सामाजिक, आर्थिक, राजनीतिक, ऐतिहासिक जस्ता थुप्रै अवयवहरूले परिवेशलाई प्रभाव पारेका

हुन्छन् भने यिनै परिवेशका अवयवहरूले कृतिभित्र महत्वपूर्ण भूमिका खेलेर परिवेशलाई प्रस्तुत पनि गरेका हुन्छन् । आख्यानात्मक कृतिमा पात्रहरूले आ आफ्नो हैसियत अनुसार क्रियाकलाप गर्ने गर्दछन् । यसरी घटित हुने क्रियाकलाप निश्चित स्थान र निश्चित समयमा आवद्ध हुने गर्दछ जसले आख्यानलाई सङ्गति दिन्छ । उपन्यासमा परिवेश देश, काल तथा वातावरणमा केन्द्रित भएर घटित हुन्छ । देशकालको तात्पर्य वातावरणको सीमा हो, जहाँ परिवेश अर्न्तगत उपन्यासले आफ्नो संसारको सृष्टि गर्छ यसले देशको सामाजिक, धार्मिक, राजनीतिक, परिस्थितिलाई बुझाउँछ, आचार, विचार, रीतिस्थिति, चालचलनलाई बुझाउँछ, समाजका असल खराब व्यावहारिक र वैचारिक पक्षलाई इङ्गित गर्छ (प्रधान, २०६१ : १०) । परिवेशबिना उपन्यासकारले कथानकलाई विश्वसनियता पात्रलाई यथार्थता र इतिहासलाई सत्यता प्रदान गर्न सक्दैन, त्यसैले परिवेश उपन्यासमा ज्यादै महत्वपूर्ण मानिन्छ । उपन्यासमा जीवन जगत समेटिएर आउने सन्दर्भमा मान्छेको रहन सहन, सभ्यता, जीवन पद्धति, धार्मिक भाबना, कामकाजदेखि लिएर प्राकृतिक दृश्यावलीहरू समेत प्रस्तुत हुने गर्दछन् ।

परिवेश भनेको उपन्यासको विभिन्न तत्वहरू मध्येको एक महत्वपूर्ण तत्व हो जसको आधारमा रहेर कथानक र पात्रले आफ्नो कार्य व्यापार सम्पन्न गर्दछन् । कृतिभित्र कार्यव्यापार गर्ने सेरोफेरो नै परिवेश हो; जसभित्र देश, काल र वातावरण जस्ता पक्षहरू रहेका हुन्छन् । धर्म, संस्कृति, अर्थ, राजनीति, इतिहास, समाज जस्ता पक्षले परिवेशलाई आधार दिएको पाइन्छ ।

## २.३ परिवेशको परिभाषा

सामान्यरूपमा परिवेशको परिभाषा दिनुपर्दा परिवेश भनेको कुनै पनि उपन्यासमा कार्यव्यापार भएको स्थान, कार्यव्यापार भएको समय र त्यस कार्यव्यापारले पारेको प्रभाव वा असरलाई परिवेश भनिन्छ । परिवेश उपन्यासको विभिन्न तत्वहरूमध्येको एक महत्वपूर्ण तत्व हो जसलाई आधार भूमि बनाएर कृतिभित्रका पात्रहरूले आफ्नो कार्यव्यापार सम्पन्न गर्ने गछन् । कुनै पनि कृतिमा चरित्रले गरेको कार्य कुन स्थानमा, कुन समयमा र कस्तो वातावरणमा सम्पन्न भयो त्यसलाई बुझाउने स्थान, समय र वातावरण नै परिवेश हो । साहित्यिक कृतिको सन्दर्भमा विभिन्न विद्वान्हरूले दिएको परिवेशको परिभाषालाई कालक्रमका आधारमा यसरी राखिएको छ :

साहित्यमा वर्णित कार्यको यथार्थ चित्रणको लागि त्यसमा घटित स्थान तथा समयको निर्देशन गर्नु नै देशकाल हो । देशकाल अन्तर्गत केवल स्थान र समय मात्र नभएर रीतिरिवाज, रहन सहन, पात्रको भेषभूषा, शिष्टाचार, विचार, भाषाशैली तथा कथाको प्राकृतिक पृष्ठभूमि आदि सबै कुराहरू आउँछन र यिनले स्वाभाविक वातावरण प्रदान गर्छन् (बर्मा, २०२० : ३७३) ।

उपन्यासको विषय र घटना घट्ने कुनै जिल्ला, अञ्चल, सहर, गाउँ वा कुनै न कुनै हुन्छ, जहाँ रहेर पात्रहरूले काम गर्छन् । त्यस्तो घटनाको समय वरिपरिको आन्तरिक र बाह्य स्थितिलाई देश, काल तथा वातावरण भनिन्छ (न्यौपाने, २०३८ : १९५) ।

औपन्यासिक संरचना प्रकृयामा वातावरण भन्नाले उपन्यासका आन्तरिक तथा बाह्य समयावधि प्रवाहित औपन्यासिक कार्यव्यापारसँग सम्बन्धीत विशेष देश, काल, परिस्थिति वा कुनै

समाज, जातजाति वा वर्गको आचार, सभ्यता एवं संस्कृति सबै कुरा आउँछन् र यिनले स्वाभाविक वातावरणको सिर्जना गर्छन् (प्रधान, २०४० : ८३) ।

देशकालको अर्थ कार्यव्यापारको समय एवं ठाउँ हो र यो शब्दभित्र रीतिस्थिति, आचार व्यवहार, जीवन तथा रहन सहनका साथै प्राकृतिक पृष्ठभूमि र परिवेश आदि आख्यानको समस्त पर्यावरण समाविष्ट छ (हड्सन, १९९१ : १५८) ।

कथामा चरित्रले गर्ने घटना र घटित हुने वस्तुजगत्लाई परिवेश भनिन्छ (शर्मा, २०५५ : ४३९) ।

देशकाल भनेको अख्यानमा वर्णित ठाउँ, समय र परिस्थिति वा अवस्था  हो । समग्रतः यो भौतिक वातावरण र सामाजिक वातावरण दुवै हो (बराल, २०५५ : ३२६) ।

कुनै पनि कथानक वा नाटकीय कार्यमा परिवेश भन्नाले साधारण वातावरण, ऐतिहासिक समय, सामाजिक घटनाक्रमहरू बुझिन्छ, जसमा कार्यहरू सम्पन्न हुन्छन् (अब्राहम्स, २००१ : २८४) ।

देशकालको अर्थ कार्यव्यापार, त्यसको स्थान र समय हो । उसमा जीवनका कथा, रीतिरिवाज, रहन सहन, व्यवहार, प्राकृतिक पूर्वाधार र परिवेशजस्ता विषयहरू पर्दछन् (बराल र एटम, २०५८ : ३६) ।

कथानक वा चरित्र देशकालको वातावरणमा आवद्ध भइ त्यसै युगको सामाजिक परिस्थितिले उपन्यासलाई सङ्गति दिन्छ, विश्वसनीयता दिन्छ (प्रधान, २०६१ : १०) ।

परिवेश उपन्यासको संरचनाको क्रममा पात्र र कथानकका लागि सिर्जना गरिने आधार भूमि वा वातावरण हो (बराल, २०६३ : २५) ।

परिवेश कथानकसितै जन्मन्छ र कथानकसितै त्यसको आन्द्रा जोडिएको हुन्छ (बराल, २०६३ : ४५) ।

परिवेशका  तत्वहरूमा संस्कृति, इतिहास, भूगोल र समय समावेश हुन्छन् । कथानक चरित्रभाव र शैलीका साथसाथै परिवेशलाई पनि आख्यानको आधारभूत तत्वको रूपमा लिइन्छ (Wikipedia) ।

कुनै पनि काम हुनका लागि उपयुक्त मानिएको स्थल वा कार्यपीठिका नै उपन्यासको परिवेश हो (सुवेदी २०६४ : २५) ।

कथानक र चरित्रले वहन गर्ने सामाजिक भावभूमि, रीतिरिवाज, रहन सहन, व्यवहार, संस्कार आदिलाई परिवेशले उपन्यासमा समेटेको हुन्छ, त्यसैले परिवेश उपन्यासको महत्वपूर्ण तत्व हो भन्न सकिन्छ । देश, काल र वातावरणको समग्रता नै परिवेश हो । देश, काल र वातावरणलाई सङ्क्षेपमा यस प्रकार चर्चा गरिएको छ ।

### २.३.१ देशकाल

कुनै पनि आख्यानात्मक कृतिमा घटना घट्ने स्थान र समयलाई देशकाल भनिन्छ । उपन्यासमा कथानक अघि बढ्न कार्यव्यापार भएको हुनु पर्छ र सोही कार्यव्यापार भएको ठाउँलाई नै स्थान वा देश भनिन्छ । देश भनेको सामान्य अर्थमा स्थल, ठाउँ हो जसलाई कार्यपीठिका समेत भनिन्छ । यो कहाँ र कुन भन्ने प्रश्नको उत्तरमा आउँछ । त्यसैगरी उपन्यासमा घटना घट्दाको समय कुन थियो ? घटना कहिले घट्यो ? कुन समयको प्रभावले कृतिकारले सो कृतिको रचना गऱ्यो ? जस्ता प्रश्न गर्दा आउने उत्तर नै काल वा समय हो । उपन्यासमा हरेक घटना घटेको समय फरक-फरक किसिमको हुन्छ । उपन्यासमा चरित्रले कुन समयमा कहिले कार्य गऱ्यो त्यही समयलाई नै काल भनिन्छ । सामान्यतया उपन्यासमा घट्ने स्थान र समयलाई देशकाल भनिन्छ । यो कहाँ र कहिले भन्ने प्रश्नको उत्तरमा आउँछ । व्यापक अर्थमा यसले चरित्रलाई गतिवान् बनाउने नैतिक, बौद्धिक तथा सामाजिक सन्दर्भलाई बुझाउँछ (बराल र एटम, २०६८ : २८०) । देश भनेको कुनै स्थल हो, कुनै क्षेत्र वा भूभाग हो जहाँ उपन्यासको घटना घट्ने गर्दछ । देशभित्र विभिन्न अवस्थाहरू रहेका हुन्छन् । देशको अवस्था कस्तो थियो भन्ने देशको भौगोलिक, सामाजिक, राजनीतिक, प्राकृतिक अवस्थाका साथै त्यसभित्रको रहन सहन, चालचलन, धर्म, संस्कृति आदिले पनि देशलाई निर्धारण गरेको हुन्छ । त्यसैगरी काललाई पनि विभिन्न आधारमा हेर्न सकिन्छ । सामान्य रूपमा घटना भूत काल, वर्तमान काल तथा भविष्यत् काल गरी तिन खण्डको समयावधिमा वर्गीकरण गर्न सकिन्छ । त्यसैले उपन्यासमा कुनै पनि घटना घट्ने स्थान र समय पनि सँगै भएको हुनाले देशकाल प्राय सँगसँगै उपस्थित हुन्छन् । हड्सनले देशकाललाई भौतिक वा स्थूल र सामाजिक वा सूक्ष्म भनी दुई भागमा विभाजन गरेको छन् । (हडसन, १९९१ : १५८) । भौतिक वा स्थुल देशकाल भनेको चरित्रले कार्य गरेको स्थल सम्बन्धी प्राकृतिक स्थिति एवं समयवृत्त हो भने सामाजिक वा सूक्ष्म देशकाल भनेको पात्रको सामाजिक भावभूमि, रीतिस्थिति, रहन सहन, आदिको समष्टि हो । उदारणका लागि **मोदीआइन** उपन्यासको कथानकमा आउने घटनाहरू र त्यहाँ प्रमुख भूमिका खेल्ने पात्रहरू पाण्डव, कौरव, कृष्ण, मोदीआइन आदिका कार्यव्यापार प्राचीन स्थल हस्तिनापुर, युद्धभूमि कुरूक्षेत्र, दरभङ्गाको हडाह पोखरी आदि स्थान तथा द्वापरयुगको समयावधि, वर्तमान द्वन्द्वरत अवस्था र राजनीतिक अवस्था आदिलाई समेटेर अघि बढेको देखिन्छ ।

उपन्यासलाई प्रभावशाली बनाउन र कथानकलाई विश्वसनीयता प्रदान गर्नका लागि देशकालको महत्वपूर्ण भूमिका रहन्छ । उपन्यासमा जुन स्थान र समयको कथा प्रस्तुत गर्ने हो त्यसको अध्ययन गर्नु जरूरी छ किनकि त्यसको अभावमा चरित्रको क्रियाकलाप प्रस्तुत गर्न तथा उनीहरूले बोल्ने भाषिक शैली अभिव्यक्त गर्न गाह्रो पर्छ । देशकालले भावकमा एउटा भावमण्डल पनि सिर्जना गर्ने हुनाले प्रयोगमा सचेतना हुनु अपरिहार्य ठहर्छ (बराल र एटम्, २०६४ : २८०) । यस भनाइको आधारमा देशकाललाई चरित्रले प्रभाव पार्ने कुरा बुझ्न सकिन्छ वा चरित्रले नै देशकाललाई निर्धारण गरेको देख्न सकिन्छ । चरित्रका आधारमा देशकाललाई ऐतिहासिक पात्र भएको देशकाल र आधुनिक चरित्र भएका देशकाल गरी दुई भागमा विभाजित गर्न सकिन्छ ।

ऐतिहासिक चरित्र भएको परिवेशको चित्रण गर्दा लेखकलाई स्थान र समयको बारेमा पूर्ण रूपमा जानकारी हुँदैन केवल सूच्यरूपमा मात्र वर्णन हुन्छ । ऐतिहासिक चरित्र भएको परिवेशको चित्रण गर्दा कथानक जुन युगसँग सम्बन्धीत छ त्यसमा त्यस युगको पूर्ण छाप हुनुपर्छ । त्यसैगरी आधुनिक चरित्र भएको देशकालको चित्रण गर्दा लेखकलाई केही मात्रामा भए पनि यथार्थताको अनुभव भएको हुन्छ भने पढेको र सुनेको आधारमा चित्रण गरेको पाइन्छ । सुनेको वा पढेको भन्दा व्यक्तिगत रूपमा भोगेको घटनाहरूको परिवेश प्रभावकारी र विश्वसनिय हुन्छ । ऐतिहासिक उपन्यासमा कुनै विशिष्ट युग र कालको चित्रण गर्नु पर्ने हुँदा तत्कालीन आचार विचार, रीति रीवाज, राष्ट्रिय स्थितिको पूर्ण जानकारी प्राप्त हुनुपर्छ (न्यौपाने, २०३८ : १९५) ।

सामान्य रूपमा जुनसुकै उपन्यासमा पनि देशकालको आयोजना गरिएकै हुन्छ । कुनै उपन्यासमा देशलाई प्राथमिकता दिएको हुन्छ भने कुनैमा काललाई बढी प्राथमिकता दिएको हुन्छ । जे जसरी चित्रण गरे पनि देश र काल सँगै एकैसाथ अघि बढ्ने परिवेशका बाह्य रूप हुन् । यदि कृतिमा देशकालको प्रस्तुति विशेष प्रकारले गरिन्छ भने त्यसलाई स्थानिय रङ भनिन्छ । आञ्चलिकता भनेको कुनै भूभाग वा अञ्चलको सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक आदि परम्पराको चित्रण गर्नु हो । आञ्चलिक उपन्यासले विकसित समाजबाट सोचाइको स्तरबाट निकै टाढा रहेको एउटा सिङ्गो र विशिष्ट जीवन पद्धतिसँग परिचित गराउँछ, साथै त्यस ठाउँका पात्रको मानसिकता, आकाङ्क्षा, पूर्वाग्रह, गुन बैगुन आदिलाई नजिकबाट नियालेर हेर्दछ (वराल र एटम, २०६६ : ३४-३५) । देशकाल पनि उपन्यासको विषयवस्तु अनुसार फरक फरक हुन्छ । सामाजिक विषयवस्तु भएको उपन्यासमा सामाजिक देशकाल, सांस्कृतिक विषयवस्तु भएको उपन्यासमा सांस्कृतिक देशकाल जस्ता उदाहरणहरू देख्न सकिन्छ ।

### २.३.२ वातावरण

उपन्यासको एक तत्व परिवेश अन्तर्गत पर्ने सूक्ष्म पक्ष वातावरण हो । वातावरणलाई अर्को शब्दमा परिस्थिति भनेर पनि बुझ्न सकिन्छ । वातावरणलाई देश, काल र वातावरण भन्ने गरिएको पाइन्छ । वातावरण परिवेश भित्र पर्ने एउटा महत्वपूर्ण पक्ष हो । उपन्यासमा हुने कार्यव्यापारले पाठकमा छोड्ने प्रभावलाई वातावरण भनिन्छ । उपन्यासको कथानक अगाडि बढ्दै जाँदा पाठकमा उत्पन्न हुने दुःख, सुख, घृणा, क्रोध आदि भाबनाको उदबोधन र तिनको परितृप्ति नै वातावरण हो (बराल र एटम, २०५८ : ३७) । वातावरण कथावस्तुको चरित्र मात्र नभएर विचारको एक अंश पनि हो । वातावरण भन्नाले तत्कालीन समयका समाजका रीतिरिवाज, परम्परा, धर्म, संस्कृति, प्राकृतिक, आर्थिक, राजनीतिक, सामाजिक अवस्था आदिको चित्रण गर्नुका साथै तिनबाट पात्रमा पर्न गएको सामाजिक असर वा प्रभावलाई बुझिन्छ । कुनै पनि साहित्यिक कृति वातावरण बिना रचना हुन सक्दैन्, त्यसैले हरेक कृतिले कुनै एउटा धरातलमा टेकेको हुन्छ । जसलाई वाह्य र आन्तरिक धरातलको रूपमा लिइन्छ यही आन्तरिक धरातल नै वातावरण हो । वातावरण देशकालभन्दा सूक्ष्म हुने हुँदा यो आन्तरिक परिवेश भित्र पर्दछ । कृतिमा कथानक वा पात्रको कामले पाठकलाई कल्पनाको उच्च उडानमा डुलाइदिन पनि सक्छ जसले गर्दा पाठकका मनमा लोभ, मोह, हर्ष, घृणा, सुख, दुःख जस्ता प्रभावहरू देखिन्छन् । यही पाठकको मनमा पर्न

गएको प्रभाव नै वातावरण हो । वातावरण सधै पाठक वा चरित्रको मानसिक अवस्थासँग रहन्छ । वातावरणले उपन्यासमा रहेका चरित्रको माध्यमबाट कथानकलाई अघि बढाउन ठुलो सहयोग गर्दछ । वातावरणको निर्माण देशकालमा घट्ने घटना, दृश्य वा चरित्रको कार्यबाट हुन्छ । प्रकृति, धर्म, संस्कार, भाषा, राजनीति, इतिहास र पात्रको मानसिक परिस्थिति नै वातावरणलाई प्रभाव पार्ने तत्वका रूपमा लिन सकिन्छ । आख्यानमा प्रयोग भएको प्रकृतिबाटै त्यस कृतिको वातावरणको बारेमा जानकारी प्राप्त हुन्छ । वातावरणबिना उपन्यासकारले कथानकलाई पत्यारिलो, पात्रलाई यथार्थता र ऐतिहासिकतालाई सङ्गति दिन सक्दैन । जीवन जगतप्रति उपन्यासकारको धारणा जस्तो छ  त्यसलाई सही दिशाबोध गराउने भरपर्दो आधार वातावरण हो ( ढकाल, २०६७ : १०) । त्यस्तै धर्म, संस्कार, राजनीति, इतिहास शिक्षा तथा पात्रको आन्तरिक चरित्रले पनि फरक फरक वातावरणको निर्माण गरेको हुन्छ ।

वातावरणको सफल प्रयोगले उपन्यासलाई जीवनत र सशक्त मात्र तुल्याउने होइन त्यसमा सहजता, स्वाभाविकता र यथार्थताको समेत अभिवृद्धि गर्दछ । स्थान विशेषले मानिसको बोलीचाली, रहन सहन, संस्कार संस्कृतिमा प्रभाव पारेको हुन्छ; सोही अनुसार मान्छेले भोग्नु परेको स्थिति र जीवन पद्धतिको यथार्थ विम्ब वातावरणले प्रदान गर्दछ । कुनै स्थान विशेषमा एउटा कालखण्डमा कुन मान्छे कस्तो परिस्थिति र परिवेशमा गुज्रिरहेको छ भन्ने कुरा देश, काल र वातावरणको सफल प्रस्तुतिले अङ्कित गर्ने हुँदा उपन्यासमा यसको महत्वपूर्ण भूमिका रहेको हुन्छ (घर्ती, २०५५ : ५२) । वातावरणको चित्रण गर्नु पर्दा अनावश्यक रूपमा चित्रण गर्नु हुँदैन बरू उचित मात्रामा विश्वसनियता र प्रभावकारिता जगाउनु पर्छ । जस्तो किसिमको कथानक छ त्यस्तै किसिकको वातावरणको सिर्जना भयो भने उपन्यासमा परिवेशको राम्रो मेल भएको देखिन्छ । त्यसैले वातावरण भनेको परिवेशको ज्यादै महत्वपूर्ण पक्ष हो जसको प्रयोग बिना राम्रो कृतिको रचना हुन सक्दैन् ।

- **इलिमेन्ट अफ स्टोरी** मा परिवेशलाई यसरी वर्गीकरण गरेको देखिन्छ ।
- **ठाउँ** : भौगोलिक अवस्थिति, जहाँ कथाको कार्यव्यापारले स्थान लिएको हुन्छ ।
- **समय** : कथाले कुन ऐतिहासिक कालखण्ड, समय या बर्षमा कुन स्थान लिएको छ ?
- **मौसमको अवस्था** : पानी परिरहेको, बादल लागेको वा घाम लागेको ?
- **सामाजिक अवस्था** : पात्रको दिनचर्या कस्तो खालको छ ? के कथाले स्थानिय रङ्ग लिएको छ ?
- **वातावरण** : कथाको सुरूवात कसरी गरिएको छ ? यो सुखान्त वा हँसिलो र दुःखान्त वा डरलाग्दो कस्तो छ ?

## २.४ परिवेशका विशेषताहरू

कुनै पनि कृतिमा रहेका हाम्रो आँखाले देख्न नसकिने यावत भौतिक बस्तु वा भौतिक जगत् नै परिवेश हो । शून्यतामा कुनै पनि कृतिको रचना हुन सक्दैन, त्यसैले कृतिका अन्य तत्व भैँ परिवेश पनि ज्यादै महत्वपूर्ण तत्व हो भन्न सकिन्छ । उपन्यासभित्र कतै पात्र र कथानकले परिवेशको सिर्जना गर्छन् त कतै परिवेश अनुसार पात्र र कथानकले कार्यव्यापार गर्दछन् । जे होस् परिवेश आख्यानको अन्य तत्व भैँ ज्यादै महत्वपूर्ण तत्व बन्न सक्नु नै परिवेशको एउटा आफैमा विशेषता हो भन्न सकिन्छ । त्यसैले यहाँ परिवेशका केही सामान्य विशेषताहरूलाई चित्रण गर्ने प्रयास गरिएको छ ।

परिवेशको माध्यमबाट कुनै पनि कृतिको अध्ययन तथा विश्लेषण अति सूक्ष्म ढङ्गले गर्न सकिन्छ । कृतिको सम्पूर्ण पक्षको अध्ययन परिवेश मार्फत एकैपटक गर्न सकिने हुनाले यसलाई परिवेशको विशेषताको रूपमा लिन सकिन्छ । कृतिभित्र परिवेशलाई देश, काल र वातावरणका आधारमा विश्लेषण गर्ने हो भने कृतिको सम्पूर्ण पक्षको अध्ययन गर्न सकिन्छ । कृतिले लिएको स्थान, समय, प्रकृति, समाज, राजनीति आदि सबै कुराको अध्ययन गर्न सकिन्छ भने कृतिले छोडेको प्रभावलाई पनि अध्ययन गर्न सकिन्छ । त्यसैले परिवेशका माध्यमबाट कृतिको सूक्ष्म र स्थूल पक्षको अध्ययन गर्न सकिने हुँदा यसलाई परिवेशको विशेषता मान्न सकिन्छ ।

स्थानियताको चित्रण गर्नु परिवेशको अर्को विशेषता हो भन्न सकिन्छ । प्रचलित भन्दा भिन्न स्थानको महत्व प्रदर्शन गर्ने भाषिक रीतिस्थिति, भेषभूषा, जीवनस्तर आदिका विचार तथा अनुभवको विश्लेषण नै स्थानियता हो । स्थानियता कल्पनामा नडुबेर उपन्यासभित्र वास्तविक चरित्रले परिवेशको आधारमा कार्यव्यापार गर्छन् । स्थानिय ठाउँको निश्चित स्थानभित्रको सम्पूर्णताको जानकारी दिनु नै स्थानिय रङ हो भन्न सकिन्छ र त्यसैलाई स्थानियताको चित्रण भनिन्छ (बराल र एटम, २०६६ : ३४) ।

प्राचीन कालीन समाज तथा समयको बारेमा जानकारी दिनु परिवेशको एउटा विशेषता मान्न सकिन्छ । तत्कालीन समाजको बारेमा जानकारी लिनको लागि तत्कालीन समाजमा घटेका घटनावली तथा ती घटनावलीले लिएको परिवेशको माध्यमबाट प्राचीन कालीन समाजको बारेमा जानकारी प्राप्त गर्न सकिन्छ । समयको बारेमा समेत अध्ययन गर्न परिवेशले सहयोग पुऱ्याउँदछ । कुन समयमा कस्तो अवस्था थियो वा घटना घटेको समय कस्तो थियो भन्ने कुराको जानकारी प्राप्त हुन आउँछ । तत्कालीन परिवेशकै आधारमा द्वापर युगको महाभारतको युद्धको वर्णन गर्न सक्नु तथा पछि आउने परिवेशको कल्पना गरेर विभिन्न वैज्ञानिक आविष्कार गर्न सक्नु पनि परिवेशको विशेषता हो ।

परिवेशको अर्को विशेषता भनेको काल्पनिकता हो । कृतिमा आउने परिवेश यथार्थमै आधारित भए पनि अन्त्यमा केही मात्रामा कल्पनाको मिश्रण पाइन्छ । हाम्रै आँखा अगाडिको समय, स्थान र वातावरणको चित्रण गरे तापनि कृतिकारले कल्पनाको मिश्रण गरेकै हुन्छ । उपन्यासमा कल्पनाद्वारा जुन परिवेश स्थापित हुन्छ त्यो पूरै काल्पनिक नभएर पत्यारिलो हुनु पर्छ ।

परिवेशलाई पत्यारिलो बनाउनका लागि स्थान र काल प्रमाणिक भएको राम्रो मानिन्छ । यसरी परिवेश यथार्थ भए पनि वा कथानक यथार्थ भए पनि कृतिमा परिवेशले यथार्थतासँग केही मात्रामा काल्पनिकताको सम्बन्ध राखेको पाइन्छ ; यो नै परिवेशको अर्को विशेषता हो ।

परिवेश उपन्यासका अन्य तत्वसँग सन्तुलित भएर प्रयोग हुन सक्नु अर्को महत्वपूर्ण विशेषता हो । उपन्यासका अन्य तत्वहरू झैँ यसको पनि महत्व हुन्छ भने हरेक तत्वसँग परिवेशको सम्बन्ध पनि रहेको पाइन्छ । कृतिमा कथानक र चरित्रले गर्ने कार्यव्यापारले नै परिवेशको सिर्जना गर्छ भने परिवेश अनुसारको कथानक र पात्रको निर्धारण समेत भएको पाइन्छ । त्यस्तै परिवेश अनुसारकै भाषाशैली, संवाद, दृष्टिबिन्दु आदि देखा पर्छन् । त्यसैले उपन्यासको अन्य तत्वहरूसँगको सम्बन्ध रहनु नै परिवेशको अर्को विशेषता हो भन्न सकिन्छ ।

उपन्यासको विषयवस्तु अनुसार परिवेश पनि फरक फरक हुन्छ, यो परिवेशको अर्को विशेषता हो । उपन्यासले समाजमा रहेका विभिन्न किसिमका विषयवस्तु ग्रहण गरि अघि बढेको हुन्छ जसले गर्दा परिवेश पनि फरक फरक किसिमले प्रयोग हुन  पुग्छ । जस्तै तिलस्मी खालको उपन्यासको परिवेश पनि तिलस्मी खालको नै हुन्छ भने राजनीतिक, ऐतिहासिक, जासुसी विषयवस्तु अनुरूपकै परिवेशको निर्धारण हुन्छ ।

परिवेशको विशेषताहरूको बारेमा भन्नु पर्दा परिवेश एक औपन्यासिक तत्व हो । अन्य तत्व सरह नै यसको महत्व रहन्छ भने कृतिको समग्र पक्षको परिवेशका आधारमा पनि अध्ययन गर्न सकिन्छ । त्यस्तै, परिवेशले स्थानियताको विश्लेषण गर्नु, प्राचीन तथा भविष्यका घटनावलीको विश्लेषणको आधार बन्नु, कृतिका अन्य सबै तत्वहरूसँग मिलेर रहनुका साथै काल्पनिकताको मिश्रण हुनु जस्ता विशेषताहरू परिवेशमा देखा पर्छन् ।

## २.५ परिवेश विश्लेषणको सामान्य आधार

कुनै पनि कृतिलाई सैद्धान्तिक आधारमा विश्लेषण गर्दा कुनै न कुनै आधार चाहिन्छ । विश्लेषण गर्ने आधार तयार भयो भने मात्र विश्लेषण कार्य सजिलो र भरपर्दो हुन्छ । कुनै पनि आख्यानात्मक कृतिमा पात्र, घटना र परिवेशको महत्वपूर्ण अन्तर संयोजन गरिएको हुन्छ । उपन्यासमा घटनाको शृङ्खलित बिन्यास हुने हुनाले त्यहाँ कुनै न कुनै रूपमा परिवेशको चित्रण गरिएको हुन्छ । त्यसैले यहाँ उपन्यासको परिवेश विश्लेषण गर्ने क्रममा आवश्यक पर्ने आधारहरूको बारेमा सामान्य चर्चा गरिएको छ । उपन्यासमा परिवेशको विश्लेषण गर्नका लागि मुख्य रूपमा यी दुई आधारहरूको प्रयोग गरेको पाइन्छ (अधिकारी, २०६७ : १८) ।

- दृश्यात्मक पद्धति,
- वर्णनात्मक पद्धति,

दृश्यात्मक पद्धति उपन्यासमा दृश्य निर्माणमा आधारित छ । दृश्य भन्नाले कुनै एक परिवेश वा पर्यावरण निश्चित समय विशेषमा देखाइने पात्रहरूको कार्यव्यापार हो भन्ने बुझिन्छ । सीमित समयका निमित्त एक निर्धारित ठाउँमा पात्रहरू जुटेका र त्यहाँ विशेष घटना घटेको वा पात्रको कार्यव्यापार व्यक्त भएको अनुभव जव पाठकले गर्न थाल्छ त्यही नै दृश्यात्मक हो । दृश्य

बन्नका लागि स्थानगत पृष्ठभूमिको आवश्यकता पर्दछ । पाठकले पात्रलाई केही काम गरि रहेको देख्नु नै दृश्य हो, दृश्यमै पात्रहरू बिचमा संवाद चल्छ अनि कार्यव्यापार सुरू हुन्छ । पात्रको आन्तरिक जीवन, विचार, संवेग, आदिका साथै कथानकको मूल रहस्य प्रस्तुत हुने आधार नै दृश्य हो । उपन्यास पढ्दा सामाजिक चित्रण वा मनोवैज्ञानिक चित्रण भनेर पढ्दा प्रायः जुन निष्कर्ष आउँछ त्यही नै दृश्यको मूल आधार हो । पात्रको कार्यव्यापार जुन ठाउँ वा परिवेशमा व्यक्त हुन्छ त्यही नै उपन्यासको दृश्य हुन्छ । दृश्यात्मक पद्धतिबाट परिवेशको विश्लेषण गर्दा यस पद्धतिमा संवाद अनिवार्य चाहिन्छ । यो संवाद कतै कुराकानीका रूपमा आउँछ भने कतै मनोवादका रूपमा आउँछ ।

दृश्यात्मक पद्धतिबाट विश्लेषण गर्दा निर्धारित समय र स्थानलाई छोडेर जान नमिल्ने हुनाले दृश्यात्मक पद्धतिमा कथानक बन्द हुन्छ । त्यसैले कथानक जहाँ मन्द हुन्छ त्यहाँ दृश्यको उपस्थिति गराई लेखिने वा गरिने पद्धति नै दृश्यात्मक पद्धति हो । स्थान, काल वा कार्यको अवस्थिति गराई लेखिने पद्धति दृश्यात्मक पद्धति हो । नेपाली उपन्यास परम्परामा लैनसिङ वाङ्देलको **लङ्गडाको साथी** उपन्यास दृश्यात्मक पद्धतिको प्रयोग गरेर लेखिएको उपन्यासको उदाहरण हो ।

वर्णनात्मक पद्धति भनेको उपन्यासकारले स्वयं आफूले चित्रण गर्न चाहेको स्थानिय परिवेशको क्रमवद्ध प्रस्तुति गरेको पाइन्छ । उक्त स्थानको भेषभूषा, रहन सहन, संस्कार, संस्कृति आदिलाई महत्वका साथ लेखकले उक्तिका रूपमा प्रस्तुत गरिएको दखिन्छ । यस विधिबाट परिवेश चित्रण गर्दा लेखकको हेराइको मूल दृष्टिकेन्द्र नै वातावरण हुन्छ । वर्णनात्मक पद्धतिमा कथानक द्रुत गतिमा अघि बढ्छ । यस पद्धतिमा पात्रहरूलाई समय तथा स्थानको कुनै सीमा नभएको हुदाँ लामो समयसम्म विभिन्न स्थानमा घटेको घटनाहरूको वर्णनमा जोड दिइन्छ । वर्णनात्मक पद्धतिले परिवेशलाई त्यति महत्व दिँदैन । यस पद्धतिमा दृश्यात्मकतालाई त्यति महत्व नदिई घटनाको सर्सर्ती वर्णनतर्फ बढी ध्यान दिइन्छ । नेपाली उपन्यास परम्परामा वर्णनात्मक पद्धतिको प्रयोग गरी लेखिएको राम्रो उपन्यासको उदाहरण हो **माइतघर** ।

परिवेशको विश्लेषणात्मक आधारको रूपमा दृश्यात्मक पद्धति र वर्णनात्मक पद्धति गरी दुई पद्धतिको बढी प्रयोग भएको पाइन्छ । नेपाली उपन्यास परम्परामा प्राचीन तथा मध्य कालीन उपन्यासहरू हेर्दा बढी मात्रामा वर्णनात्मक पद्धति अपनाएर लेखन तथा विश्लेषण गरेको पाइन्थ्यो भने हाल आधुनिक कालतिर वर्णनात्मक ज्यादै कम र दृश्यात्मक बढी लेखिन थालेका छन् ।

## २.६ उपन्यासका विभिन्न तत्त्वसँ ग परिवेशको सम्बन्ध

साहित्यका विभिन्न विधाहरू मध्ये उपन्यास आख्यान विधा अन्तर्गत पर्ने एक महत्वपूर्ण विधा हो । जुनसुकै साहित्यिक विधामा आआफ्नै पहिचान हुन्छन् र ती पहिचानले नै उक्त विधालाई चिनाउने काम गर्छन् । यिनै पहिचाहन वा तत्वहरूले नै विधालाई छुट्याउने काम गर्छन् । जसरी मानव शरीर विभिन्न अङ्गहरूको संयोजनबाट तयार भएको हुन्छ त्यसरी नै उपन्यास पनि विभिन्न तत्वको संयोजनबाट तयार भएको पाइन्छ । उपन्यासमा केही तत्वहरू

ज्यादै अनिवार्य मानिन्छन् भने केही तत्वहरू सहायक मानिन्छन् । उपन्यासका तत्वहरूलाई लेखकले आआफ्नै तरिकाले परिभाषित गरेको पाइन्छ । इ.एम. फोस्टरले उपन्यासका तत्वहरूमा कथावस्तु, चरित्र, कथानक, कल्पना, सन्देश, रूप तथा लयको चर्चा गरेका छन् । (फोस्टर, १९८८ : ५१) । कृष्णचन्द्र प्रधानले कथानक, चरित्र, कथोपकथन, शैली, भाषा, वातावरण र उद्देश्यलाई उपन्यासका आधारभूत तत्व मानेका छन् (प्रधान, २०६१ : ७) । राजेन्द्र सुवेदीले बस्तु, चरित्र, कथोपकथन, द्वन्द्व परिवेश र उद्देश्यलाई परिवेशका प्रमुख तत्व भनेका छन् (सुवेदी, २०६४ : १७) । कृष्णहरि बराल र नेत्र एटमले कथानक, चरित्र, पर्यावरण, दृष्टिबिन्दु, सारवस्तु, भाषा, प्रतीक र बिम्ब, गति र लयलाई उपन्यासको तत्वको रूपमा चर्चा गरेका छन् (बराल र एटम, २०६४ : १९१) । प्रतापचन्द्र प्रधानले कथानक वा कथावस्तु, पात्र वा चरित्र, औपन्यासिक संवाद, औपन्यासिक भाषाशैली र उद्देश्यलाई उपन्यासका तत्वका रूपमा लिएका छन् (प्रधान, २०४० : ४५) । घनश्याम नेपालले उपन्यासका तत्वहरूमा कथावस्तु, चरित्र, विचार तत्व, पर्यावरण, दृष्टिकोण, प्रतीक र विम्ब, गति र लय, भाषा र बुनोट मानेका छन् (नेपाल, १९८७ : ४०) । ऋषिराज बरालले कथानक, चरित्र, सारतत्व, दृष्टिबिन्दु र भाषालाई प्रमुख तत्व तथा शैली, भाव परिमण्डल, कार्यपीठिका, चित्तवृत्ति, पर्यावरण, लय र गतिलाई सहायक मानेका छन् (बराल, २०६३ : २७-३४) ।

उपन्यासका संरचनामा आउने तत्वहरू निकै छन् । उपन्यासका तत्वहरूका बारेका अझसम्म पनि विद्वान्हरू बिच एकमत पाइँदैन । प्राचीन ग्रीसेली आचार्य अरस्तुको पालादेखि नै कुनै न कुनै आख्यानको संरचनाको लागि कथानक, चरित्र वातावरण, भाषाशैली र उद्देश्यलाई आवश्यक मानेका छन् । उपन्यासको तत्वहरूको बारेमा मत मतान्तर पाइए तापनि अधिकांश विवेचकहरूले यसका निम्ति निम्न लिखित तत्वहरूको बयान गरेका छन् । कथानक, चरित्र, परिवेश, संवाद, भाषाशैली र उद्देश्य उपन्यासका महत्वपूर्ण तत्वहरू मानिन्छन् । यिनै तत्वहरूसँग परिवेशको सम्बन्ध निम्नानुसार देखाउन सकिन्छ ।

### २.६.१ कथानक र परिवेशको सम्बन्ध

कथानक उपन्यासको प्रमुख तत्व हो । पूर्वीय समीक्षाशास्त्रमा नाटकको तत्वका रूपमा उल्लेख गरिएको वस्तु शब्दलाई आधुनिक उपन्यासमा कथानक भनिन्छ । कथानकलाई अङ्ग्रेजीमा प्लट भनिन्छ । उपन्यासमा घटनावली वा कार्यव्यापारको जुन योजना गरिन्छ, त्यो योजनायुक्त घटनावली वा कार्यव्यापारलाई नै कथानक भनिन्छ । उपन्यासमा घट्ने घटनाहरूको योजनावद्ध ढाँचा कथानक हो । कथानक उपन्यासको आधारवस्तु हो, जसको निर्माण सामान्य वा जटिल घटनाहरूको संयोजनबाट हुन्छ र घटनालाई एक अर्कोसित उनेर सम्बन्ध जोर्ने र सुगठितता प्रदान गर्ने काम कथानकले गर्दछ (प्रधान २०६१ : ७) । कथानकले उपन्यासमा के को बारेमा कथा छ भन्ने बुझाउँछ । कथानकले उपन्यासमा घटनाहरूलाई जोड्ने काम गर्दछ । कथानकमा कार्यकारणको क्रमिक गतिले समस्या समाधान गर्दै अन्तिम र पूर्ण समाधानको बिन्दुसम्म पुग्ने अवसर पाएको हुन्छ । पाठकका मनमा कुनै जिज्ञासा कुनै कुतहलता सिर्जना गर्ने पहिलो घटनाबाट कथानकको सुरूवात हुन्छ भने त्यस कुतुहलताले सम्पूर्ण सन्तुष्टिको अवस्था प्राप्त गर्ने

घटनालाई देखाएर कथानकको अन्त्य हुन्छ । त्यसैले कथानक उपन्यास रचनाको लागि अनिवार्य तत्व मानिन्छ ।

उपन्यासकारले उपन्यास लेखनको लागि कुनै न कुनै स्रोतबाट कथानक ग्रहण गरेकै हुन्छ । मुख्यत : उपन्यास रचनामा इतिहास, यथार्थमुलक अनुभव, स्वैरकल्पना, मिथक आदिलाई स्रोत वा आधार बनाउने गरिएको पाइन्छ (बराल र एटम, २०५८ : २४-२५) । विगतमा घटेका विभिन्न घटनाहरूलाई आधार बनाएर कथानकको निर्माण गर्नु ऐतिहासिक कथानक हो । समाजमा देखेका  सुनेका भोगेका र घटेका यस्तै दैनिक जीवनवृत्तमा आधारित कथानक यथार्थ स्रोतमा उभिएको कथानक हो । कल्पनाको उच्च उडानमा डुबी धरातलभन्दा बाहिरको कथानक टिपिन्छ भने त्यो स्वैरकल्पनात्मक कथानक बन्दछ । कथानमा द्वन्द्वको महत्वपूर्ण भूमिका रहेको हुन्छ । यस्तो द्वन्द्व कथानकमा आन्तरिक र बाह्य जुन रूपमा पनि हुन सक्छ । कथानक उपन्यासमा सुरूदेखि अन्त्यसम्म रहन सक्छ यही सुरूदेखि अन्त्यसम्मको घटनावलीको संयोजन नै कथानक हो । उपन्यासमा कथानक दुई किसिमले अघि बढेको देखिन्छ । उपन्यासमा कथानक सोझो ढङ्गले अघि बढ्ने कथानक रैखिक कथानक हो भने चक्र झैँ बाङ्गोटिङ्गो ढङ्गले अघि बढेको कथानक वृत्ताकारिय कथानक हो । कथानक विभिन्न प्रकारका हुन्छन् । कथानकको बनोट सङ्गठन विस्तार, प्रभाव, उद्देश्य आदिलाई आधार मानेर कथानको वर्गीकरण गर्ने चलन छ । बनोटको आधारमा कथानक दुई किसिमको हुन्छ; सरल कथानक र जटिल कथानक । एउटै मात्र कथानक सुरूदेखि अन्त्यसँम्म भएको सरल कथानक हुन्छ भने एकभन्दा बढी कथाहरू मिश्रित भएर बनेको कथाजक जटिल हुन्छ । सङ्गठनका हिसावले हेर्दा योजनावद्ध ढङ्गले कसिलो बनाइएका कथानक सङ्गठित र खुकुलो कथावस्तु भएको कथानक असङ्गठित हुन्छ । प्रभावका आधारमा हेर्दा सुखान्त कथानक र दुःखान्त कथानक हुन्छन् । मनोरञ्जनात्मक कथानक सुखान्त हो भने दुःखद छाप छोड्ने दुःखान्त कथानक हो । उद्देश्यका आधारमा रागात्मक र व्यङ्ग्यात्मक गरी दुई भागमा बाँड्न सकिन्छ । रागात्मक भनेको कथाले प्रेमरागलाई व्यक्त गर्नु हो भने व्यङ्ग्यात्मक भनेको कथाले समाजको विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गर्नु हो । कथानक विस्तारका आधारमा मुख्य कथानक र सहायक कथानक भनेर पनि बाँडन सकिन्छ । उपन्यासमा कथानकको विकासका पाँच अवस्थाहरू देख्न सकिन्छ । ती हुन आरम्भ, सङ्घर्ष विकास, चरम, सङ्घर्ष ह्रास र उपसंहार ।

परिवेश भनेको उपन्यासमा कार्यव्यापार हुने समय, स्थान र वातावरणलाई बुझाउँछ । परिवेशले उपन्यासको यात्रालाई अगाडि बढाउनका साथै कथानकलाई विश्वसनीयता प्रदान गर्दछ । उपन्यासमा जुन समय, स्थान र वातावरणको परिवेश छ, कथानक पनि सोही परिवेश अनुसार अघि बढ्नु पर्छ । यदि कथानक देशकाल अनुरूप भयो भने मात्र वास्तविक र पत्यारिलो हुन्छ । पौराणिक कालको घटनालाई आधुनिक कालको परिवेशसँग दाँजेमा त्यति राम्रो देखिँदैन । त्यसैले कथावस्तुको सम्बन्ध कथानकसँग जोडिएको देखिन्छ ।

### २.६.२ चरित्र र परिवेशको सम्बन्ध

उपन्यासमा कथानकसँग मिलेर कार्यव्यापार गरी घटनालाई अघि बढाउने मुख्य तत्व चरित्र हो । चरित्रको प्रयोगले वा चरित्रका माध्यमबाट नै उपन्यासको घटनावली अघि बढेको देखिन्छ । चरित्र उपन्यासको कर्ताको रूपमा आएको हुन्छ । चरित्रहरू उपन्यासको मुख्य तत्व वा विचारतत्वलाई प्रसारण गर्ने माध्यम हुन भन्न सकिन्छ । उपन्यासले उपन्यासमा भन्न खोजेको कुरा, उसको विचारधारा आदि चरित्रको माध्यमबाट जानकारी पाइन्छ । वास्तवमा पात्रहरू विचार सम्प्रेषणका माध्यम पनि हुन् । उपन्यासले भन्न खोजेको कुरो पात्रका माध्यमबाट प्रकट हुने हुँदा पात्रहरू सबै विचारधाराका उपन्यासका लागि उत्तिकै महत्वपूर्ण हुन्छन् (बराल, २०६३ : ३२-३३) । उपन्यासमा पात्र वा चरित्र भन्नाले मानव पात्रहरूमा स्त्री र पुरुष भन्ने बुझिन्छ तर मानव पात्रबाहेक मानवेत्तर, अतिमानवेत्तर पात्रहरूको पनि भएको देख्न सकिन्छ । मोहनराज शर्माले पात्रहरूको वर्गीकरण लिङ्ग, कार्य, स्वाभाव, जीवन चेतना, प्रवृत्ति, आसन्नता र आबद्धताका आधारमा हुन्छ भनेका छन् (शर्मा, २०५५ : १२४-१२५) । यसरी संरचनाका आधारमा चरित्र वा पात्रलाई यसरी बर्गीकरण गरिएको छ ।

- **लिङ्गका आधारमा** : पात्र वा चरित्रको वर्ग वा जात जनाउनको लागि पात्रलाई स्त्रीलिङ्ग र पुलिङ्गमा वर्गीकरण गरिन्छ ।
- **कार्यका आधारमा** : कार्यका आधारमा पात्रलाई प्रमुख पात्र र गौण गरी दुई प्रकारमा वर्गीकरण गरिन्छ ।
- **स्वाभावका आधारमा** : स्वाभावका आधारमा गतिशील र गतिहीन भनी दुई भागमा बाँड्न सकिन्छ । परिस्थिति अनुसार बदलिनु गतिशील र बदलिन नसक्नु गतिहीन हो ।
- **जीवन चेतनाका आधारमा** : पात्रले सामाजिक वर्गको प्रतिनिधित्व गर्छ भने वर्गीय पात्र र यदि आफ्नै नीजि स्वार्थको लागि काम गर्छ भने व्यक्तिगत पात्र भनी दुई भागमा वर्गीकरण गर्न सकिन्छ ।
- **प्रवृत्तिका आधारमा** : प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल गरी दुई भागमा बाँडन सकिन्छ । अनुकूल पात्रले सबैको सकारात्मक सोंच्ने गर्छ भने प्रतिकूल पात्रले सबैको नकारात्मक सोंच्ने गर्छ ।
- **आसन्नताका आधारमा** : आसन्नताको आधारमा पात्रलाई मञ्चीय र नेपथ्यिय गरी दुई भागमा बाँडिएको छ । मञ्चीय पात्रले कार्यव्यापार गर्छन् भने नेपथ्यिय पात्र सूच्य रहन्छन् ।
- **आवद्धताको आधारमा** : आवद्धताको आधारमा बद्ध र मुक्त गरी दुई किसिमका पात्रहरू देखिन्छन् । बद्ध पात्रलाई कथानकबाट झिक्दा कथानक खलवलिन्छ भने मुक्त पात्रलाई झिक्दा फरक पर्दैन ।

उपन्यासमा प्रयोग हुने चरित्र वा पात्रको कथानक र परिवेशले गर्दा गुणमा समेत परिवर्तन आउँछ । पात्रहरूको कार्यव्यापार प्रकट हुने स्थान, समय, र वातावरण नै परिवेश हो । उपन्यासका घटना जुन समय वा ठाउँमा हो त्यसको सचित्र उतार्ने खालको पात्रको प्रयोग गर्नुपर्छ । जुन परिवेशको कथानक छ सोही परिवेशको पात्रको प्रयोगले गर्दा उपन्यासमा विश्वसनीयता छाउँछ । उपन्यासमा प्रयुक्त पात्रको चरित्र पूरै युग र परिवेशको संवाहक बनेर उपस्थित भएको हुन्छ । (सुवेदी, २०६४ : २३) । पात्रको व्यक्तित्व र रहन सहन परिवेश अनुकूल हुनु पर्दछ । परिवेश अनुसारको पात्रको जीवनशैली भेषभूषा, भाषा आदि पात्रमा भयो भने उपन्यासमा सजीवता आइदिन्छ । त्यसैले हरेक उपन्यासमा परिवेश र चरित्रको राम्रो सम्बन्ध रहेको हुनु पर्छ । परिवेशले चरित्रलाई अघि बढाउने काम गर्छ भने चरित्रले पनि फरक फरक परिवेशको सिर्जना गर्न सक्छ । त्यसैले उपन्यासको महत्वपूर्ण यी दुई तत्वका बिचमा घनिष्ठ सम्बन्ध देख्न सकिन्छ ।

### २.६.३ संवाद र परिवेशको सम्बन्ध

दुई वा दुई भन्दा बढी व्यक्तिहरू बिच भएको कुराकानीलाई संवाद भनिन्छ । सामान्य अर्थमा बुझ्दा कुराकानी गर्नु नै संवाद हो, यसलाई कथोकपन पनि भनिन्छ । संवादले उपन्यासको कथानकलाई जीवनतता दिने काम गर्छ । उपन्यासमा प्रयोग भएका घटना, दृश्य वा पर्यावरणमा सजीवता ल्याउनका साथै रोचकता, स्वाभाविकता सृष्टि गर्नमा संवादको महत्वपूर्ण भूमिका रहन्छ । (प्रधान २०६१ : ८) । उपन्यासमा संवादबाटै गतिशीलता आउँछ । संवादबाटै उपन्यासमा नाटकीयता उत्पन्न हुन्छ र पात्रले संवादमार्फत आफ्ना भित्री मनोदशाको प्रसारण गर्छन् । संवाद सरल, आकर्षक, संक्षिप्त हुनुपर्छ । जटिल दूर्वोध्य र लामो संवादले कथानकलाई राम्ररी अघि बढाउन सक्दैन । संवादले उपन्यासलाई नाटकीयता प्रदान गर्छ । नाटकमा अभिनयद्वारा व्यञ्जित गरिने तत्व पनि उपन्यासमा संवादद्वारा व्यञ्जित हुन्छ । (सुवेदी २०६४ : २४) । कथानकमा संवादलाई अनिवार्य तत्वका रूपमा लिइँदैन किनकि आजभोलि संवाद बिनाको कथानकको आयोजना पनि हुन सक्छ । यो कुरा उपन्यासकारको कथा लेखनमा भर पर्छ त्यसैले कथानकको परिवेश अनुसार संवादको प्रयोग गरिन्छ ।

परिवेश त्यस्तो औपन्यासिक तत्व हो जसको सम्बन्ध उपन्यासका अन्य तत्वसँग रहेको हुन्छ । परिवेशको सम्बन्ध संवादसँग पनि देख्न सकिन्छ । जुन परिवेशको कथानक र चरित्र छ सोही परिवेशको संवाद प्रयोग गरेमा उपन्यासमा सजीवता र विश्वसनीयता आउँछ । पात्रको संवादले पनि परिवेशमा असर पार्दछ । कुनै पनि औपन्यासिक कृतिभित्र तल्लो स्तरको पात्रले उच्च र बौद्धिक स्तरको संवाद गऱ्यो भने त्यो त्यति राम्रो मानिदैन । पहाडी भेगको मानिसले तराई भेगको संवाद प्रयोग गरेमा संवाद र परिवेशको सम्बन्ध त्यति राम्रो मानिँदैन र उपन्यास अपत्यारिलो बन्न पुग्छ । त्यसैले उपन्यासमा परिवेश र संवादको उचित सम्बन्ध रहेको हुन्छ भन्न सकिन्छ ।

### २.६.४ भाषाशैली र परिवेशको सम्बन्ध

कुनै पनि भाव वा विचार अभिव्यक्त गर्ने माध्यम भाषा हो । भाषालाई अभिव्यक्त गर्ने विभिन्न तरिकाको नाम शैली हो । निजत्वको विशिष्ट रूप हो शैली यसले अभिव्यक्तिको स्वतन्त्र र व्यक्तित्वपूर्ण मार्ग प्रशस्त गर्छ (प्रधान, २०६१ : ९) । उपन्यासकारको अभिव्यक्तिलाई भाषिक तत्वद्वारा कथ्यको प्रतिपादन गरी प्रकाशन गर्ने प्रक्रियालाई शैली भनिन्छ भने आफ्ना मनका कुरा अरू सामु राख्ने तथा अरूका कुरा बुझ्नको लागि प्रयोगमा आउने साधनलाई भाषा भनिन्छ । उपन्यासमा भाषा लेख्यरूपमा व्यक्त भएको हुन्छ भने उपन्यासका पात्रका संवादको माध्यमबाट भाषा कथ्य रूपमा पनि आएको हुन्छ । उपन्यासमा भाषाको माध्यम गद्य रहेको हुन्छ । उपन्यासमा सरल भाषाको प्रयोग गरेमा सबैले बुझ्ने खालको हुन्छ भने आलङ्कारिक प्रतीकात्मक, विम्बात्मक भाषाको प्रयोग गरेमा बौद्धिक पाठकले मात्र बुझ्न सक्ने खालको भाषा हुन्छ । यही भाषाको प्रस्तुति नै शैली हो । उपन्यासको आफ्नै शैली हुन्छ, शैलीकै कारणले गर्दा हरेक उपन्यासहरू फरक फरक हुने गर्दछन् । भाषा कुनै पनि वस्तुको आवरण हो भने शैली त्यस वस्तुको आवरणको प्रकार हो । भाषा व्यक्ति हो भने शैली व्यक्तिको व्यक्तित्व हो. । यसरी भाषाको विविध रूप वा प्रस्तुति नै शैली हो (ढकाल, २०६७ : १०) । उपन्यास रचनाका सन्दर्भमा वर्णनात्मक, पत्रात्मक, चित्रात्मक, चेतनप्रवाहात्मक, आत्मकथात्मक जस्ता शैलीको प्रयोग गरिन्छ ।

कुनै पनि आख्यानात्मक कृतिमा भाषा र परिवेशको घनिष्ट सम्बन्घ रहेको हुन्छ । उपन्यासमा प्रयोग हुने भाषाशैली देशकाल र वातावरण सापेक्ष हुनु पर्छ । कस्तो परिवेशमा पात्र हुर्केको छ सोही अनुसारको पात्रले भाषाको प्रयोग गर्नु पर्छ । घटना अनुसारको शैलीको प्रयोग भएमा मात्र उपन्यासको सार्थकता रहन्छ । जस्तो परिवेश प्रयोग भएको छ त्यस्तै किसिमको भाषाशैलीको प्रयोग गर्नु पर्छ भने भाषिक परिवेशले गर्दा उपन्यासमा फरक फरक वातावरणको निर्माण हुन्छ । त्यसैले उपन्यासमा परिवेश र भाषाशैलीको घनिष्ठ सम्बन्ध रहेको देख्न सकिन्छ ।

### २.६.५ उद्देश्य र परिवेशको सम्बन्ध

उपन्यासको मूल भनाइ वा बीज नै उपन्यासको उद्देश्य हुन्छ । त्यसो त हरेक साहित्यिक कृतिको आआफ्नै उद्देश्य हुन्छ । उपन्यासका माध्यमबाट लेखकले जीवन जगत् सम्बन्धी दिन खोजेको अभिव्यक्ति नै वास्तवमा उपन्यासको उद्देश्य हुन्छ । उपन्यासमा रचनाकारको विचार, धारणा, अनुभूति आदि प्रकट भएको हुन्छ । उपन्यासकारले उपन्यासमा मूल विचारलाई नाटकीकरण गरेर साधरणीकृत अवस्थामा पुऱ्याउँछ र पाठकले त्यसको बोध गर्छ (बराल र एटम, २०५८ : ४१) । लेखकले आफ्नो क्षमताका माध्यमबाट कुनै न कुनै विचार प्रवाहित गर्ने लक्ष्य राखेको हुन्छ जसलाई उद्देश्य भनिन्छ । पूर्वीय तथा पाश्चात्य दुवैतिरका विद्वान्हरूले साहित्यको उद्देश्यका रूपमा धर्म, अर्थ, काम, मोक्ष जस्ता कुराहरूलाई लिएको देखिन्छ । घटना प्रधान उपन्यासले बाह्य जगतको सम्पूर्णताको परिचय दिने र चरित्र प्रधान उपन्यासले आन्तरिक जगतको सम्पूर्णताको परिचय दिने उद्देश्य राखेको पाइन्छ ।

कुनै पनि कार्यको केही न केही उद्देश्य अवश्य नै रहेको हुन्छ । खासगरी उपन्यास मानव जीवनसँग सम्बन्धीत हुने हुँदा यसको उद्देश्य भनेको मानव जीवनका विविध परिवेशलाई समेट्नु हो भन्न सकिन्छ । उपन्यासकारले जुन समयको चित्रण गर्ने उद्देश्य लिएको हुन्छ, सोही समयको स्थानको परिवेश पनि सँगै आएको हुन्छ । त्यसैले औपन्यासिक तत्व उद्देश्यसँग पनि परिवेशको राम्रो सम्बन्ध रहेको देख्न सकिन्छ ।

## २.७ निष्कर्ष

उपन्यास निर्माणका क्रममा चाहिने विभिन्न तत्वहरू मध्ये परिवेश पनि एक महत्वपूर्ण तत्व मानिन्छ । परिवेश भन्नाले उपन्यासमा कार्यव्यापार हुने समय, स्थान र वातावरणलाई बुझाउँछ । परिवेशलाई कार्यपीठिका पनि भनिन्छ । उपन्यासमा परिवेश अन्तर्गत समय, स्थान, घटनाक्रम र चरित्रहरू समेत पर्दछन् । उपन्यासभित्र कथानकले लिएको स्थान, घटना घटेको समयको अवस्थालाई परिवेशले प्रस्तुत गर्दछ । परिवेशलाई दृश्यात्मक र वर्णनात्मक गरी दुई आधारमा विश्लेषण गरिएको पाइन्छ । वर्णनात्मक पद्धतिमा लेखकले सूक्ष्म परिवेशको प्रयोग गर्दै आफ्नै किसिकले परिवेशको विश्लेषण र प्रयोग गरेको पाइन्छ भने दृश्यात्मक पद्धतिमा बाह्य परिवेशको वर्णन गरिएको पाइन्छ । उपन्यासमा परिवेशका विशेषताहरू पनि देख्न सकिन्छ । परिवेशले उपन्यासलाई विश्वसनीयता प्रदान गर्छ, यसले स्थानिय परिवेशलाई विशेषरूपमा चिनाउने काम गर्छ । काल्पनिकताको मिश्रण हुनु, कृतिको सम्पूर्ण पक्षको सूक्ष्म अध्ययन हुनु, अन्य तत्वहरूसँग सम्बन्ध राख्न सक्नु जस्ता थुप्रै विशेषताहरू पाइन्छन् ।

उपन्यासमा प्रयोग भएको परिवेशको उपन्यासका अन्य तत्वहरूसँग पनि राम्रो सम्बन्ध रहेको हुन्छ । उपन्यासका अन्य तत्वहरू कथानक, चरित्र, संवाद, भाषाशैली र उद्देश्य जस्ता तत्वसँग सम्बन्ध राखेर विभिन्न किसिमका परिवेशको सिर्जना भएको हुन्छ । कथानक र चरित्रले परिवेश अनुसार कार्यव्यापार गर्ने गर्छन् भने संवाद परिवेशमा निर्भर गर्दछ । भाषाशैलीले फरक फरक किसिमको परिवेशको सिर्जना गरेको हुन्छ भने विषयवस्तु अनुसारको उद्देश्य पनि फरक देखिन्छ । त्यसैले परिवेश पात्र र कथानकमाथि पूर्ण रूपमा निर्भर भएर भाषाका माध्यमबाट विम्बात्मक रूपमा प्रकट हुने तत्व हो । यो उपन्यासको लागि ज्यादै महत्वपूर्ण मानिन्छ ।

# तेस्रो परिच्छेद

# सुम्निमा उपन्यासमा परिवेश विधान

## ३.१ विषय परिचय

प्रस्तुत परिच्छेदमा **सुम्निमा** उपन्यासको परिवेशको विश्लेषण गरिएको छ । सर्वप्रथम सैद्धान्तिक अवधारणा अनुसार उपन्यासमा प्रयुक्त परिवेशलाई देश, काल र वातावरणमा वर्गीकरण गरिएको छ । देश भनेको स्थान हो र स्थानलाई प्रकृति, भाषा, रहन सहन जस्ता पक्षसँग सम्बन्धीत गराइएको छ । काल भनेको उपन्यासमा घटना घटेको समय हो । उपन्यासको समय त्यति स्पष्टरूपमा नदेखिएकाले उपन्यासको कथावस्तु र परिवेशका आधारमा पौराणिक काल, किरातकाल र आधुनिक काल भनी विश्लेषण गरिएको छ । त्यस्तै, वातावरण परिवेशको अर्को पक्ष हो, जसलाई परिस्थिति पनि भनिन्छ । यहाँ वातावरणलाई सामाजिक वातावरण, सांस्कृतिक वातावरण, राजनीतिक वातावरण र पात्रको मनको वातावरण भनेर वर्गीकरण गरी अध्ययन गरिएको छ । यसरी यस परिच्छेदमा उपन्यासमा प्रयोग भएको परिवेशलाई देश, काल र वातावरणमा वर्गीकरण गरी अध्ययन तथा विश्लेषण गरिएको छ ।

## ३.२ सुम्निमा उपन्यासमा प्रयुक्त स्थानिक परिवेश

**सुम्निमा** उपन्यासमा घटित घटनावलीको स्थान मुख्य गरी नेपालीको पूर्वी तराइको कोशी अञ्चल अन्तर्गत पर्ने चतरा वराह क्षेत्र हो । त्यससँग सम्बद्ध भएर आएका कोशी नदीको तटिय क्षेत्र तथा उत्तरतर्फको पहाडीया किरात बस्ती र दक्षिणतर्फको भिल्लहरूको समथर जङ्गली भेग हुन् । उपन्यासमा सम्बद्ध अन्य स्थानहरूमा कौशिकी तट र त्यसको वरपरको सेरोफेरो, मनुवादहको सेरोफेरो जस्ता देखिन्छन् । विभिन्न ठाउँका मान्छे र संस्कारलाई उपन्यासका नायक नायिका 'सोमदत्तर र सुम्निमा' मार्फत प्रतिविम्वित गराएका छन् । उपन्यासभित्र औपन्यासिक कथानकको उठान सोमदत्तको ब्रतबन्धपछि छोराको शिक्षा दीक्षाको लागि उपयुक्त स्थानको रूपमा चतरा आश्रमलाई चुनेको देखिन्छ । उनीहरूले सोही आश्रमलाई नै मुख्य थलो बनाई सोमदत्तलाई शिक्षा दीक्षा दिन थाले । यही शिक्षा प्राप्त गर्ने क्रममा चतरा आश्रमबाट सुरू भएको कथा प्रसङ्ग कोशी नदीको किनारमा त्यसको छेवैमा अवस्थित शमीको वृक्ष भएको स्थान, सोमदत्तले गाई चराउने स्थान, किरात संस्कृतिका पक्षपाति किरातहरूको उत्तरतर्फको भेगमा अवस्थित किराती गाउँ, दक्षिणतर्फको समथर जङ्गलमा अवस्थित भिल्लहरूको गाउँ तथा किरातीहरूको धार्मिक सांस्कृतिक महत्व बोकेको मनुवादह जस्ता विविध स्थानहरूको पृष्ठभूमिमा यो उपन्यासको रचना गरिएको देखिन्छ ।

**सुम्निमा** उपन्यासको विषयवस्तु इतिहास पुराणसम्मत कुरालाई आधारमानेर तयार गरिएको हो भन्ने कुरा उपन्यासकारले स्वयं नै स्विकारेको देखिन्छ । पुराण प्रसिद्ध विश्वामित्र ऋषिको आश्रम कौशिकी चतरा नै **सुम्निमा** उपन्यासको मुख्य स्थान हो । विश्वमित्रको आश्रम त्यतिबेला यज्ञवेदी, पाठपूजा र धार्मिक स्थलको रूपमा चर्चित थियो । सहस्र वेदका पाठहरू

उच्चरित हुने हुँदा त्यहाँ रमाइलो वातावरणको सिर्जना हुन्थ्यो । चतरा आश्रम उच्च स्थानमा अवस्थित थियो । कौशिको नदी हिमालयका काखमा नागवेली लगाउँदै पहाडको बन्धनबाट फुत्केर चतरा नामक स्थानमा एक सुरले बगि रहन्थिन् । त्यो स्थान ज्यादै सुन्दर थियो, पहाडको फेदीमा अवस्थित समथर भूभागमा अनेक किसिमका वृक्ष, लता, भ्याङ आदिको बाक्लो जङ्गलले भरिपूर्ण थियो । कोशीको जलले सिंचित हरिया फाँटहरू, शान्त वातावरण, पश्चिमतिरको शैवालिक पर्वत, उत्तरतिरको हरिया फाँटहरू आकाशै हुने गरी उभिएका हिम शिखरहरू तथा आकाशलाई समेत आफ्नो निश्चल छातीमा टल्काउदै बग्ने कोशी नदीको छेवैमा रहेको सुन्दर स्थल चतरा देखिन्छ, यही चतराको स्थललाई उपन्यासमा यसरी देखाइएको छ ". . .नदी तटको एउटा सानो स्थललाई देखाएर मानिसहरू भन्ने गर्थे विश्वामित्रको आश्रम त्यही स्थलमा स्थापित थियो" (पृ. २) ।

उपन्यासमा उपन्यासकारले सूर्यदत्तको परिवारले घर छोडी बनको आश्रममा आई बसेको देखाएका छन् । सूर्यदत्तको पुत्र सोमदत्तको उचित शिक्षा दीक्षाको प्रबन्ध मिलाउने उद्देश्यले उनीहरूले आश्रमको बास रोजेको पाइन्छ । यो आश्रम कौशिकी किनार चतराको भूभाग हुन्छ । कोशीको किनार भएको हुँदा त्यो स्थान समथर रहेको देखिन्छ भने नदी किनार प्रायः शुन्य र शान्त रहने भएकाले ब्राह्मण दम्पत्तिले सोही स्थानलाई आफ्नो आश्रम बनाएको देखिन्छ । चतरा बसेको भूभाग भन्दा अलिमाथि डाँडामा किरातहरूको वस्ती देखिन्छ भने दक्षिणतिरको मैदानमा भिल्लहरूको पुरानो बस्ती देखिन्छ । यही भिल्ल बस्ती र किरात बस्तीको मध्य भागमा पर्ने चतराको पवित्र माटोमा अवस्थित उक्त आश्रममा सोमदत्तको शिक्षा दीक्षाको सुरूवात हुन्छ । सोमदत्तले पितासँगै स्नान, ध्यान गरी उच्च स्वरले मन्त्र पढ्दै जौ, तेल, धुप आदिको हबन गर्दै यज्ञवेदीमा व्यस्थ हुन्छ । सुनसान ठाउँमा पिता पुत्रको वेदको उच्चारणले आश्रमको वातावरण नै रमाइलो हुन्छ । अध्ययनको काम सकेर सोमदत्त गाई लिएर कोशी तटमा पुग्छ जसको छेवैमा समथर हरिया फाँटहरू र नजिकै एउटा शमीको वृक्ष पनि रहेको देखिन्छ । जसलाई उपन्यासमा यसरी देखाइएको छ : "नदीको किनारमा हरियो घाँस खोज्दै चर्दै हिँडिरहेको गाईको पछिपछि ऊ रमाइलो मान्दै हिँड्थ्यो र कहिलेकाही थाकेको छ भने त्यही एउटा शमीको विशाल वृक्षमुनि पाखुराको सिरान पारी निदाउँथ्यो" (पृ. ५) ।

यस्तो रमणीय स्थान कोशीको तटमा शमीको वृक्षमुनि एकदिन सोमदत्तको किरात संस्कृतिकी एक केटी सुम्निमासँग परिचय हुन पुग्छ । फरक फरक संस्कृतिमा हुर्केका उनीहरू बिचमा तर्क र वादविवाद चल्न थाल्छ भने सोमदत्तले आफ्नो अध्ययनमा सुम्निमाको उपस्थितिले वाधा पर्न जाने देखेर आफ्नो आश्रमलाई नै त्यागेर अर्कै आश्रमतर्फ लागेको छ । सोमदत्तले आफ्नो आश्रम छोडेपछि सुम्निमाले अर्कै केटासँग बिहे गर्नु, सोमदत्तले विभिन्न स्थानमा गएर आफ्नो अध्ययन र तपस्या पूर्ण गर्नु, सोमदत्तले पुलोमा नामक ब्राह्मणीसँग बिहे गर्नु जस्ता घटनाले कथानकलाई अघि बढाएको देखिन्छ । सोमदत्त र पुलोमाबाट सन्तान उत्पति नभएपछि विरक्त बनेको सोमदत्तलाई उपन्यासकारले पुनः किरात संस्कृतिकै गुरु बिजुवाको शरणमा पुऱ्याएको देखिन्छ । बिजुवाले सोमदत्तको मनुवा रिसाएको भन्दै उसलाई मनुवादहमा लगेर मनुवा खुसी पार्न

छोरी सुम्निमालाई अह्राउँछ । यी माथिका घटनाहरू उपन्यासको स्थानलाई पुष्टि गर्न आएको देखिन्छ ।

मनुवादह **सुम्निमा** उपन्यासको अर्को महत्वपूर्ण स्थान हो, जसले किरातीहरूको धार्मिक सांस्कृतिक महत्व बोकेको देखिन्छ । मनुवादह ज्यादै मनमोहक स्थानमा रहेको छ । मनुवादह रहेको स्थान पहाडी भेग हो, एउटा घना वनभित्र अर्को उपवन छ सोही उपवन भित्र समथर खाडल परेको स्थान नै मनुवादह हो । पहाडी भेग भएकाले सल्लो, चम्पा, कटुस जस्ता वृक्षहरूले चारैतिरबाट घेरेर राखेको देखिन्छ । किरात जातिको धार्मिक स्थलको रूपमा मनुवादह रहेको देखिन्छ । सोही जङ्गलको नजिकै छेउमा अर्को स्थल पनि छ देवीस्थान; जुन आर्य जातिको धार्मिक स्थल भएको जानकारी हुन्छ । उपन्यासमा मनुवादह र देवीस्थानलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ : ". . . सल्लो, चम्पा, उत्तिस, चिलाउने, कटुस र लप्सीका वृक्षले झ्याम्म थियो वन । सुम्निमाले भनी "अब हामीहरू देवीस्थानतिर आइपुग्यौं । उः रूखहरूले छोपेर झ्याम्म परेको ठाउँमा छ मनुवादह" (पृ. ४९) । मनुवादहमा सोमदत्तको मनुवा खुसी बनाइ दिएपछि सोमदत्त र पुलोमाको छोरा जन्मिन्छ । सुम्निमाको छोरी र सोमदत्तको छोरो फेरि त्यही शमीको वृक्ष भएको स्थानमा भेट हुन्छन् र साथी बन्छन् । पुलोमा र सोमदत्तको मृत्यु भएपछि सुम्निमा सोमदत्तको छोरालाई आफ्नो किराती गाउँमा लैजान्छे र छोरीसँग विवाह गराइदिन्छे । आश्रम छोडी सोमदत्तको छोरो किराती गाउँमा बस्छ । उसका धेरै सन्तान जन्मन्छन् । उसले बाबुको त्यो आश्रमलाई बारम्वार हेरि रहन्थ्यो । आश्रमका कुटीहरू पनि बिस्तारै लड्दै गएका थिए भने सो आश्रमलाई हरियो जङ्गलले ढाक्न लागेको थियो । यही आश्रम बनेको स्थानलाई सोमदत्तको छोराले आफ्ना छोराछोरीलाई यसरी देखाइएको छ : ..."बुढो होउन्जेलसम्म पनि गाउँको दक्षिणतिरको ठुलो ढुङ्गामा बसेर सोमदत्तको छोरोले आफ्नो छोराछोरीलाई भन्थ्यो, उः त्यहाँ तिमीहरूको जिबाको आश्रम थियो" (पृ. ९४) ।

प्रस्तुत उपन्यासमा आएका विभिन्न स्थानहरूले उपन्यासलाई स्वाभाविकता दिएका छन्, साथै कथानकलाई समेत गति दिन मद्धत पुऱ्याएका छन् । परिवेशका स्थानहरूले घटना र पात्रलाई स्वाभाविकता प्रदान गरेका छन् । विभिन्न भौगोलिकता, रहन सहन, प्रकृति, भाषा आदि जस्ता कुराहरूले पनि स्थानगत विविधता दर्शाएका छन् । पूर्वी नेपालको सीमित स्थानलाई समेटेको यस उपन्यासमा पहाड वनजङ्ल, नदी किनार आश्रम, गाउँ जस्ता पक्षहरूको उल्लेख भएको छ । मञ्चीय स्थानगत परिवेशको रूपमा पौराणिक विश्वामित्रको आधार बनाएर कोशीको तटिय क्षेत्र, चतरा आश्रम, किराती गाउँ, शमीको बृक्ष भएको स्थान र मनुवादह भएको जङ्गल मात्र हुन् । त्यस्तै नेपथ्यिय स्थानमा चाहिँ भिल्लहरूको दक्षिणतर्फको समथर जङ्गल विश्वामित्रको आश्रम, काशी, जनपद जस्ता देखिन्छन् । उपन्यासमा विभिन्न परिवेशका पात्रलाई उभ्याएर उपन्यासकारले व्यापक स्थानगत परिवेशमा यस उपन्यासको संरचना तयार पारेका छन् । स्थानगत परिवेशलाई अरू बढी विश्लेषण गर्नको लागि स्थान र प्रकृति, स्थान र भाषा, स्थान र रहन सहन जस्ता पक्षमा राखेर अध्ययन गरिएको छ ।

### ३.२.१ स्थान र प्रकृति

**सुम्निमा** उपन्यासभित्र विभिन्न स्थानिक परिवेशको चर्चा गरिएको छ । फरक फरक स्थानको प्रयोग हुँदा फरक फरक प्रकृतिको प्रयोग उपन्यासकारले प्रयोग गरेका छन् । यहाँ विभिन्न स्थानसँग विभिन्न प्राकृतिक परिवेशको पनि चित्रण गरिएको छ ।

पौराणिक ऋषि विश्वामित्रको तत्कालीन आश्रम हालको चतरा वराह क्षेत्र नै यस उपन्यासको प्रमुख स्थान हो । यो स्थानमा सोमदत्त र सूर्यदत्तले यज्ञवेदी गर्छन् । उनीहरूका कण्ठबाट उच्चरित वेदका ऋचाहरूले त्यहाँ रमाइलो वातावरणको सिर्जना हुन्छ । पहाडको फेदीमा अवस्थित समथर भू भागमा अनेक किसिमका वृक्ष, लहरा, झ्याङ् आदिको जङ्गलले भरिपूर्ण देखिन्छ । पश्चिमतिरको शैवालिक पर्वत, उत्तरतिरको हरियो पहाड, आकाशै छुने गरी उभिएका हिम शिखरहरू तथा आकाशलाई समेत आफ्नो छातिमा टल्काउँदै बग्ने कोशी नदीको छेवैमा रहेको सुन्दर पवित्र स्थल चतराको वातावरण ज्यादै रमणीय र शान्त देखिन्छ । यस्तो आश्रमको प्राकृतिक दृश्यको चित्रण यसरी गरिएको छ : ". . .कालान्तरमा त्यही थलोलाई तापसी ब्राह्मण दम्पतिले आफ्नो आश्रम बनाए । स्थान रमणीय थियो, वनजङ्गल कन्दमुल र फलफुलले भरिएको र नजिकै तल शीतल जल बाहिनी नदी कौशिकी थिइन्" (पृ. ३) । सोमदत्त आफ्नो बाबु सूर्यदत्तसँग दिनहू बिहानै उठेर नुहाउन जाने अर्को स्थान कौशिको तटको आसपासको भू भाग देखिन्छ । कोशी नदी एकनासले शान्त तरिकाले बगि रहन्थिन् भने सोही तटमा सोमदत्त स्नान गर्न पुग्दथ्यो । कोशी वरिपरीको वनजङ्गलको हरियालीमा भुलेका चरा चुरूङ्गीको बोलीले समेत त्यहाँको प्राकृतिक वातावरणलाई भङ्ग गरेको जस्तो मानिन्छ । त्यही कोशीको तटमा सोमदत्तले गाई चराउन जाने र दिनभरि हरिया फाँटमा घुम्ने गरेको देखिन्छ । कोशी तटको शान्त प्राकृतिक वातावरणको वर्णन उपन्यासमा यसरी गरिएको छ : "ब्राह्मणमहूर्तमा कोशीतट असांसारिक स्तब्धताले व्याप्त रहन्थ्यो । आकाशमा अरूणिमा निस्तेज  रहन्थ्यो । प्रातः कालीन पंक्षीहरूको सुरिलो स्वरमा. . ." (पृ. ५) । सोमदत्त र सुम्निमाको कुराकानीमा सोमदत्तले आफू नजिकैको आश्रममा माता पिताको साथ बस्ने कुरा बताउँछ । सुम्निमा चाहिँ आफू किरातकी छोरी हुँ भन्दै उत्तरतिरको हरियो पहाडीया बस्ती देखाउँछे । थोरै घर भएको सो बस्तीको चारैतिर हरियाली व्याप्त  थियो । बस्ती पहाडको भएकाले वरिपरि जङ्गल तथा हराभरा किसिमको प्राकृतिक परिवेश भएको कुरा स्वयं सुम्निमाकै कथनबाट प्रष्ट भएको छ  "पहाडको हरियो स्थललाई औंलाले देखाएर सुम्निाले भनी, उः त्यहाँ छ हाम्रो गाउँ" (पृ. ६) ।

उपन्यासको एक ठाउँमा बाजको पन्जाबाट परेवालाई बचाएको प्रसङ्ग आएको छ । त्यस प्रसङ्गमा सोमदत्त र सुम्निमा बिच निकै विवाद चलेको छ । त्यसवेला सोमदत्तले अरूको प्राण बचाउनु धर्म हो भन्छे भने सुम्निमाले त्यसको विरोध गर्दै प्रकृति नै सबैभन्दा ठुलो कुरा हो भनेकी छ । प्रकृतिकै चक्र वा नियम अनुसार नै सृष्टि चलेको छ भन्दै प्रकृतिको प्रतिनिधिका रूपमा सुम्निमा उपन्यासमा यसरी देखा परेकी छ "प्रकृतिले मिलाएको च्याङठ्याङलाई कहाँ कहाँका धर्मका अमिल्दा कुरा ल्याएर वित्थ्यामा भत्काउन खोज्छौ?" (पृ. ९)

उपन्यासमा सोमदत्तको मनुवा खुसी पारि दिने क्रममा सुम्निमाले सोमदत्तलाई मनुवादहतर्फ लैजान्छे । मनुवादह **सुम्निमा** उपन्यासको एक प्रमुख रमणीय स्थल हो भने किरात जातिको धार्मिक स्थल पनि हो । एउटा सुरम्य घना जङ्गल भित्र अर्को उपबन देखिन्छ जसको कञ्चन, निर्मल पानीमा जो कोहीले पनि आफ्नो सबै दुःख पीडा बिर्सन्छ । वृक्षका मसिना लहरा तथा हाङ्गाहरूले तल जमिनलाई चुम्न लागेको देखिन्छ भने जङ्गलमाथि सूर्यको प्रखर किरणले त्यहाँको प्रकृतिमा अरू मादकता थपेको देखिन्छ । यस्तो मनुवादहको मनमोहक प्राकृतिक परिवेशको चित्रण उपन्यासमा यसरी गरिएको छ : ". . .सल्लो, चम्पा, उत्तिस, चिलाउने, कटुस र लप्सी जस्ता वृक्षले भ्याम्म थियो वन । सुम्निमाले भनी, -उः रूखहरूले छोपेर भ्याम्म परेको ठाउँमा छ मनुवादह" (पृ. ४९) । मनुवादहमा सोमदत्तले आराम गर्दै उसले प्राकृतिक सुन्दरता नियाल्छ । उसले त्यहाँ विभिन्न किसिमका बनस्पतिहरूले मनुवादहलाई सुरक्षित घेरेर राखेको देख्छ । जसरी आमाको गर्भमा रहदा बच्चाले सुरक्षित र पोषण प्राप्त गर्छ, त्यसैगरी सोमदत्तले पनि त्यहाँको बनस्पति र बनस्पतिले घेरेको समथर खाडल मनुवादहमा पनि आफूलाई केही शान्त र पोषण मिलेको महशुस गर्दै त्यहाँको प्रकृतिको यसरी वर्णन भएको छ : "चारैतिरबाट बनस्पतिहरूले सुरक्षित यो सुरम्य खाडल मलाई माताको गर्भको स्मरण गराउँछ" (पृ. ५०) ।

सोमदत्त र सुम्निमाको मृत्युपछि सो आश्रम उजाड बन्दै जान्छ । सबै कुटीहरू ढल्दै जान्छन् । आश्रमको स्थललाई पनि जङ्गलले ढकमक्क ढाकेको देखिन्छ । अन्त्यमा मानव निर्मित त्यो आश्रम पुनः प्रकृतिकै काखमा लोप हुन्छ; त्यहाँ कुनै आश्रमको नाम निशान पनि नरहेको कुरा उपन्यासकारले यसरी देखाएका छन् : "सोमदत्तले भन्थ्यो, -उः त्यहाँ तिमीहरूको जिबाको आश्रम थियो" (पृ. ९४) ।

प्रस्तुत उपन्यासमा फरक फरक स्थान र स्थानसँग सम्बन्धीत भएर आएका प्रकृतिको समेत चित्रण गरिएको छ । पहाडीया स्थान भएकाले प्रशस्तै मात्रामा हरियाली, वन जङ्गल, पुष्प, लता, लहरा, चरा चुरूङ्गी आदि पक्षबाट प्राकृतिक परिवेशको प्रयोग भएको कुरा सार्थक ढङ्गमा प्रस्तुत गरिएको छ । घाम, पानी, नदी, नाला, रूखविरूवा, आकाश, धर्ती, पोखरी चरा चुरूङ्गी जस्ता प्राकृतिक परिवेशको सफल रूपमा प्रयोग भएको देखिन्छ ।

### ३.२.२ स्थान र भाषा

**सुम्निमा** उपन्यासमा प्रयुक्त स्थानहरूमा कोशीको चतरा आश्रम, कोशीतट, मनुवादह, किराती गाउँ आदि देखिन्छन् । यिनै फरक फरक स्थान विशेषसँग भाषा पनि फरक फरक देखिन्छ । स्थानिक परिवेशलाई चित्रण गर्न उपन्यासकारले स्थानगत भाषिक विशेषतामा आधारित पात्रका संवादको प्रयोगबाट स्थान र भाषाको सम्बन्ध देखाएका छन् । उपन्यासमा स्थानले पनि पात्रको संवादमा प्रभाव पारेको देखिन्छ । त्यस्तै, फरक फरक जाति भएकाले पनि त्यहाँ स्थान र भाषाको विविधता देख्न सकिन्छ । किरातीहरू पहाडी भेगमा बस्ने हुनाले उनीहरूमा जातिगत र स्थानगत विविधता देखिन्छ । उनीहरूले प्रयोग गर्ने भाषाका बिजुवा, गुभा, यावा, सुम्निमा जस्ता शब्दहरूको स्थान विशेष प्रयोग देखिन्छ । त्यस्तै आश्रममा बसेको र ब्राह्मण कुलको भएकाले

सोमदत्तको परिवारले संस्कृत निष्ठ शब्दको प्रयोग गरेको देखिन्छ । जस्तै “कण्ठ, लता, वृक्ष, पंक्षी, गर्भ, माता, पिता, चरू, बालिके आदि” ।

उपन्यासमा सोमदत्तको परिवार वराहको चतरा आश्रममा बसेको देखिन्छ । आश्रममा बसेको हुनाले उनीहरूको भाषा वा संवादमा सत्यता र शुद्धता देखिन्छ । आश्रममा बस्ने र ब्राह्मण जातिको भाषा भएकाले सोमदत्तले आफ्नो भाषालाई उपन्यासमा देवभाषा भनेको छ : “यो देवभाषा हो” (पृ. ७) । त्यस्तै सोमदत्तको परिवार शिक्षित र आश्रमवासी भएकाले ज्यादै शिष्ट र उच्च आदरार्थी किसिमको भाषा प्रयोग देखिन्छ । भाषामा आफूभन्दा ठुलालाई उच्च आदरको प्रयोग गरेको यसरी देख्न सकिन्छ : “सोमदत्तले मातापितालाई बिच बिचमा आग्रह गर्थ्यो– कहिले जाने पिता? कहिले प्रस्थान गर्ने माता?” (पृ. ४) ।

आश्रमको बसाईं भएकाले पाठपूजा गर्नु पर्ने सोमदत्तको परिवारले बढी संस्कृतका श्लोकहरूको प्रयोग गरेको देखिन्छ । विभिन्न स्थान विशेष अनुसार उपन्यासमा संस्कृतका श्लोकहरूको प्रयोग भएको देखिन्छ :

“भवतु, भवतु भिक्षां मे देही” (पृ. ३) ।

“मित्रे चार्स्वौ” (पृ.५) ।

“अमोऽहस्मि सा त्वं सा त्वयस्यमोऽहँ ” (पृ. ३९) ।

**सुम्निमा** उपन्यास पहाडीया स्थानगत परिवेशमा आधारित भएकाले स्थान अनुसार भाषामा विविधता देख्न सकिन्छ । उपन्यासमा किरात जातिहरू पहाडी भेगमा बस्ने हुँदा र जातिगत भाषिक कारणले गर्दा पनि उनीहरूको भाषा निम्न स्तरको देखिन्छ । जसलाई उपन्यासमा यसरी देखाइएको छ : उसले सोधी- “तिमी को हौ ब्राह्मण ?” ।

“बिजुवाबा को एउटा ब्राहमण आएको छ” (पृ. ४५) ।

उपन्यासमा शमीको वृक्षमुनिको स्थानमा सुम्निमाले सोमदत्तलाई आलिङ्गनमा बेरेर चुम्बन गरि दिएपछि सो स्थान नै उत्तेजित हुन पुगेको छ । सोमदत्त उत्तेजित भएर कराएको भाषिक उच्चारणहरूले गर्दा स्थानहरू समेत उत्तेजित भएर कराएको कुरा उपन्यासमा यसरी व्यक्त गरिएको छ : “उसको स्वर पहाड जङ्गल र घाँसमा प्रतिध्वनित हुँदै गाईगाइँ कराउन थाल्यो; मानौ सारा वन प्रान्त नै उ जस्तै उन्मक्त भैरव भएर सहस्र कण्ठले चीत्कार गर्दैछ;- सुम्निमा ! सुम्निमा” !! (पृ. ५७) ।

प्रस्तुत उपन्यासमा स्थान विशेष अनुसार भाषामा विविधता देख्न सकिन्छ । अझ त्यो भन्दा बढी शिक्षा र जातीयताको कारणले पनि भाषामा विविधता देख्न सकिन्छ । सोमदत्तको परिवार ब्राह्मण जाति आश्रमवासी र शिक्षित भएकाले उनीहरूको भाषामा उच्च आदरार्थीको प्रयोग देख्न सकिन्छ । तर सुम्निमाको परिवार किरात जाति पहाडीया बासी र अशिक्षित भएकाले उनीहरूको भाषिक स्तर निम्न छ ।

### ३.२.३ स्थान र रहन सहन

**सुम्निमा** उपन्यासको कथावस्तु दुई भिन्न स्थानमा बस्ने दुई भिन्नै जातिका पात्रका माध्यमबाट अघि बढेको देखिन्छ । फरक फरक स्थानमा रहेका उनीहरूको चाल चलन, रीति रिवाज पनि फरक फरक नै देखिन्छ । सोमदत्त आश्रमबासी ब्राह्मण परिवारको सदस्य भएकाले उसको रहन सहन अरू सामान्य वालकभन्दा भिन्नै  देखिन्छ । उसले लामो शिख राखेको छ भने वस्त्रको नाममा कौपिन लगाएको छ । ऊ गाई लिएर कोशी तटमा जान्छ र थकाइ लागेमा शमीको वृक्षमुनि सुत्दछ । विहानै उठेर बाबुसँगै नुहाउन जान्छ र यज्ञवेदी सञ्चालन गरी उच्च स्वरले वेदका ऋचाहरूको उच्चारणमा व्यस्थ हुन्छ । सानै उमेरमा सोमदत्तले व्रतबनध गरेको छ र भिक्षामं देही भन्दै विभिन्न स्थानमा पुगेको छ यस्तो रहन सहनले आश्रमको झल्को दिएको छ । उसले सुम्निमाको नाङ्गो शरीरको आलोचना गर्नु, गाई काटेर खाने किरातीहरूको विरोध गर्नु जस्ता कुराले तत्कालीन आश्रमबासी हिन्दू संस्कारलाई यसरी झल्काएको छ : "नदीको स्वच्छ बालुवातटमा कुशासन उपर पूर्वाभिमुख भएर पद्मासनमा बसी शान्त मुद्रामा गायत्री जाप गर्थ्यो" (पृ. ५) ।

किरातीहरू पहाडीया स्थानमा हुर्केका अर्का जाति हुन् र सुम्निमा किरातीको छोरी हो । उसले आफ्नो चाल चलन रहन सहन अनुसार उपन्यासमा आफ्नो भूमिका निभाएको छे । किरातहरू प्राकृतिक स्थानमा हुर्केका हुनाले उनीहरू स्वतन्त्र जीवन जीउन चाहन्छन् । पहाडी भेगमा हुर्किएका किराती तथा भिल्लहरू अशिक्षित देखिए तापनि व्यवहारमा भने पूर्ण देखिन्छन् । गाई काटेर खानु, नाङ्गै बन जङ्गल हिँड्नु, आत्मा भन्दा शरीरलाई बढी माया गर्नु जस्ता कुराहरू रहन सहनमा पर्दछन् । सामान्यतः तराई वा पहाड भन्दा परको पहाडीया स्थानमा हुर्केका उनीहरूमा हत्या, हिंसा र युद्ध गर्ने प्रवृत्ति बढी देखिन्छ । उनीहरू कसैको दवावमा बस्न चाहदैनन् भन्ने कुरा उपन्यासमा यसरी व्यक्त भएको देख्न सकिन्छ : "भिल्लचाहिँ तात्तातो वोलीमा बिजुवाको तर्कको खण्डन गर्थ्यो र बराबर भन्थ्यो,- बिजुवा बा ! बरू अन्याय सहनु भन्दा मरेर सखाप हुनु नै वेस हो" (पृ. १२) ।

सोमदत्तको मृत्युपछि सुम्निमाले उसको छोरालाई घरमा लगेकी छे आश्रममा ब्राह्मण रीति रीवाज र रहन सहनमा हुर्किएको सोमदत्तको छोरो किरात गाउँमा पुग्दा त्यहाँको चाल चलन, रहन सहन देखेर ज्यादै आत्तिएको छ र सुम्निमाको छोरीको पछिपछि हिँडेको छ ।

आफ्नो भन्दा ज्यादै भिन्न रहन सहन भएको स्थानमा बस्नुपर्दा उसले ज्यादै असजिलो महशुस गरेको छ । विस्तारै उनीहरू बिचमा प्रेमको अङ्कुरण बढ्छ र उनीहरूले विहे गर्छन् । सुम्निमालाई भने यी भिन्न स्थान र चाल चलनमा हुर्केका छोरी र ज्वाइँको बारेमा चिन्ता लागि रहन्छ । उसले आफ्नो छोरी र सोमदत्तको छोरालाई सम्झाउने प्रसङ्गमा यस्तो भनेको छ :

> छोरालाई सम्बोधन गरी र भनी, -छोरी ! आज तैंले जसलाई दुलाह भनेर रोजेकी छेस्, त्यो बाहुनको छोरा हो । उसको रगत अर्कै छ कुन्नी के मा उसको मन लाग्छ । उनीहरू हावाका प्राणी हुन् । उनीहरू यो जीवनको पूर्णताले सन्तोष

> हुँदैनन् । र तेरो रगत अर्कै छ । तँ किरातकी छोरी होस् । हामी किराती माटोका प्राणी हौं, माटोसँग हाम्रो प्रेम छ । हाम्रा लागि हाम्रो शरीर नै सबैभन्दा प्यारो वस्तु छ । हामीलाई बाहुन धागो चुडिएको चङ्गाजस्तो लाग्छन् भने उनीहरूलाई हामी माटोका गँड्यौलाजस्तो लाग्दा हौँ (पृ. ९३) ।

प्रस्तुत उपन्यासको कथानकमा स्थान विशेष अनुसारका पात्र र उनीहरूको रहन सहन चाल चलन पनि फरक फरक देखिन्छ । आश्रमबासी ब्राह्मण जाति र माथि पहाडमा बस्ने किरात तथा भिल्ल जातिको रहन सहन, चाल चलनलाई देखाइएको छ ।

## ३.३ सुम्निमा उपन्यासमा प्रयुक्त परिवेश

**सुम्निमा** उपन्यास बृहत् धार्मिक सांस्कृतिक सन्दर्भ अनुसारका घटनाक्रमको बुनोटका साथै सोही अनुसारकै पात्रहरूको प्रयोग भएको उपन्यास हो । वि.सं. २०२७ सालमा प्रकाशित यो उपन्यासमा कुनै निश्चित कालखण्डको परिवेश पाइँदैन । उपन्यासले ग्रहण गरेको कथावस्तु र पात्रलाई हेर्दा यो उपन्यासभित्र पौराणिक घटनावली भएको देखिन्छ । तत्कालीन समयको धार्मिक परिवेश र दुई जातिबिचको सांस्कृतिक द्वन्द्व जस्ता पक्षमा अधारित रहेर उपन्यासको घटनावली अघि बढाइएको  छ । **सुम्निमा** उपन्यासको कालगत परिवेशलाई हेर्दा जतिवेला विश्वामित्रको आश्रम कोशीको चतरामा रहेको थियो सोही आश्रमलाई केन्द्र बनाएर उपन्यासको घटनावली अघि बढाइएको छ । विश्वमित्रको आश्रम तत्कालीन वेद, पुराण सम्मतका कृतिहरूमा वर्णित भएकाले र यो उपन्यास पनि सोही आश्रमकै घटनावलीबाट सुरू भएकाले यो उपन्यासको घटनावली पनि पौराणिक समयकै हो भन्ने आधार देखिन्छ ।

उपन्यासमा सोही विश्वामित्रको आश्रमलाई नै आधार बनाएर सोमदत्त र सुम्निमा जस्ता पात्रका माध्यमबाट घटनावली अघि बढाइएको छ । किरात संस्कृतिको देवी पारूहाङ समकक्षी सुम्निमाको केन्द्रियतामा कथानक अघि बढेकाले र स्वयं उपन्यासका भित्री पृष्ठमा पनि किरात देशको एउटा कथा लेखेको हुनाले यो उपन्यासमा किरात कालीन घटना पनि देखिन्छ । त्यसैले किरात कालीन परिवेशमा पनि यो उपन्यास घटित भएको आधार पाउन सकिन्छ । त्यस्तै यसभित्र भएका घटनावलीको प्रभाव आजसम्म पनि समाजमा पर्ने भएकाले केही मात्रामा आधुनिक कालीन परिवेशलाई पनि आधार लिन सकिन्छ । त्यसैले यस उपन्यासको कालिक परिवेशलाई हेर्दा विश्वामित्रको आश्रमबाट सुरू भएकाले पौराणिक कालको परिवेश देख्न सकिन्छ भने किरात कालीन समाजमा, किरात जातिकै परिवेशमा पात्रको उपस्थिति गराई किराती देवी पारूहाङ समकक्षीको सुम्निमालाई राखेर चर्चा गरिएकाले किरात कालीन घटना पनि भन्न सकिन्छ । यस उपन्यासको कालगत परिवेशलाई पौराणिक काल, किरात काल र आधुनिक काल भनेर अध्ययन तथा विश्लेषण गरिएको छ ।

### ३.३.१ पौराणिक कालीन परिवेश

**सुम्निमा** उपन्यासमा प्रयुक्त कालिक परिवेश अन्तर्गत यसको घटनावली हेर्दा किराती देवी पारूहाङ समकक्षी घटनालाई मिथकीकरण गरेर लेखेको जस्तो पनि देखिन्छ । यदि यसलाई मिथक मान्यौं भने पनि समयावधि तोक्न मिल्दैन र ऋषि विश्वामित्रको आरण्य जीवनको घटना प्रसङ्गबाट कथा सुरू भएकोले पनि स्पष्ट समयावधि तोक्न मिल्दैन । उपन्यासमा आश्रम, राजा, तपस्याघनारत तापसी जस्ता सन्दर्भहरूको संयोजन तथा पात्रहरू पनि पौराणिक किसिमका प्रतित हुनुले पनि यस उपन्यासको कालगत चेत पौराणिक हो भन्ने आधार देखिन्छ । उपन्यासकारले उपन्यास सुरू हुन भन्दा अगाडि नै उपकथा शीर्षकमा **सुम्निमा** उपन्यासको कालको बारेमा आवश्यक सूचना दिएका छन् :

> धेरै धेरै वर्षको कुरा हो, अतितको धमिलो गर्भबाट आएको कि वर्तमानमा हाम्रो कानमा यो पुराण जस्तो ध्वनित हुन्छ । प्राचीन वृत्तान्तहरूलाई आजकलका हामी आफ्नो वैयक्तिक अनुभवद्वारा ग्रहण गर्न सक्दैनौ; ती हाम्रा जीवनका जीवित अनुभूति हुन सक्दैनन । ती पुराना घटनाहरूले सत्य र असत्यको माध्यमबाट आफूलाई एकदम मुक्त गरिसकेका हुन्छन् । दश हजार वर्ष बाँच्ने ऋषि वैज्ञानिक सत्य होइनन् न चित्रकारले कागजमा रङ्गले रातो सूर्य नै बैज्ञानिक सत्य हो । ती त प्रतीक हुन् । अनुभव भन्दा बाहिर पाउने सक्ने चाख प्रतीकात्मक हुन्छ, सङ्केतजनित । त्यसैले यो कथा सत्य र असत्यको तराजुमा नजोखिने यात्रा वृत्तान्त हो । यसको महत्व पौराणिक छ, सङ्केतमय, प्रतीकात्मक (पृ. १) ।

माथिको उक्त अनुच्छेद मार्फत सुम्निमाको विषयवस्तु प्राचीनतम् पौराणिक भएको तथ्य प्रस्तुत गरिएको छ जुन नजानिदो गरेर पुराणजस्तो ध्वनित हुन पुग्छ । उपन्यासका घटनावलीमा जति पनि प्रस्तुतिहरू छन् ती सबै प्रतीकात्मक र सङ्केत जनित यथार्थताको अभिव्यक्ति भएको छ ।

वस्तुत : **सुम्निमा** उपन्यासको विषयवस्तु इतिहास र पुराणसम्मत कुरालाई पृष्ठभूमि बनाउँदै संरचित उपन्यास हो भन्न सकिन्छ । उपन्यासकारले स्वयं उपन्यासकै 'उपकथा' शीर्षकमा व्यक्त गरेको कथनबाट पनि थाहा हुन्छ । पुराण प्रसिद्ध विश्वामित्र ऋषिको आश्रम कौशिको चतरामा कुनै बेला भएको र सो पृथ्वीको गर्भमा लोप भएको कुरालाई उपन्यासकार कोइरालाले केही दन्त्यकथा र समायोजन गरी यस उपन्यासको स्वरूप निर्माण भएको हो भन्ने तथ्य उपन्यासमा यसरी सङ्केत गरिएको छ ।

> जुन कालको यात्रावृत्तान्त हो, त्यसवेला विश्वामित्र एउटा पौराणिक ऋषिका रूपमा मात्र स्मरणिय थिए । विश्वामित्रको शेषपछि त्यो स्थलको यज्ञवेदी निरग्नि भयो र यज्ञधुमले आकाश शुन्य । सहस्र कण्ठबाट ध्वनित वेदपाठ थामियो । आश्रमका पर्णकुटीहरू केही कालसम्म शुन्यमा चिहाउँदै उभिरहे, फेरि एक एक गरेर भूमिसात हुँदै लोप भए । समीपमै पर्खिरहेको बनले विस्तार त्यो स्थललाई आफ्नो मातृअङ्गमा पुनः टाँसेर लोप गरिदियो । एउटा उच्च स्थलको चिन्हको

प्रयोग बाहेक अरू केही नरहेकाले जनश्रुतिको ऐतिहासिकतालाई वल प्राप्त हुन सकेन (पृ. २) ।

उपन्यासको थालनीमै स्थानसँग समयको सामञ्जस्य गराउँदै भनिएको छ : "कालान्तरमा त्यही थलोलाई रोजेर तापसी ब्राह्मण दम्पत्तिले आफ्नो आश्रम बनाए" (पृ. ३)

उपसंहारका अन्तिम दुई अनुच्छेदमा पनि जसरी त्रेतायुगमा विश्वामित्रको जनश्रुतिको वाँकी रह्यो त्यसरी नै सोमदत्तको आश्रम पनि किरातीहरूमा जनश्रुति मात्र बाँकी रह्यो भन्ने कुरा उपन्यास भित्र यसरी व्यक्त गरिएको छ : "प्राचीन कालको एउटा आश्रमको अवशेष हो यो । किरातीहरूमा एउटा जनश्रुति मात्र वाँकी रह्यो कि उनीहरूले ... भन्छन् त्यही ठाँउमा त्रेतायुगमा विश्वामित्रको पनि त्यस्तै अवस्था भएको थियो रे..." (पृ. ९४) ।

यसप्रकार माथिका उदाहरणलाई सर्सती हेर्दा भन्न सकिन्छ भने यस उपन्यासको विषयवस्तुगत पृष्ठभूमि अति प्राचीनतम् हुनुका साथै किराती जनश्रुति र पूराकथालाई समायोजन गरी अतितको धमिलो संस्करणत्मक कल्पनाको स्वैरकल्पित, प्रतीकात्मक र सङ्केतात्मक प्रस्तुतिमा अभिव्यक्ति हुन गएको स्पष्टतः देखा पर्छ । उपन्यासकारले विषयवस्तु सुरू हुनभन्दा अगाडि नै उपकथा शीर्षकमार्फत यसको कथावस्तुलाई सत्य र असत्यको तराजुमा नजोखिने एउटा यात्रा वृत्तान्त हो र यसको महत्व पौराणिक छ, सङ्केतमय र प्रतीकात्मक भनेबाट पनि किराती मिथकलाई अगाडि सार्नु पर्ने आवश्यक देखिँदैन । त्यसैले यस उपन्यासलाई पौराणिक कालीन परिवेश बोकेको उपन्यास हो भन्न सकिन्छ ।

### ३.३.२ किरातक कालीन परिवेश

**सुम्निमा** उपन्यासको कथानक पौराणिक ऋषि विश्वामित्रको समयलाई आधार भूमि बनाएर लेखिएको हो । पूर्वी नेपालको चतरा वराह क्षेत्रमा बस्ने किरात जातिको कथा उपन्यासमा वर्णन भएकाले यस उपन्यासले बहन गरेको काललाई किरात काल पनि भन्न सकिन्छ । किराती दन्त्यकथा अनुसार हिमालको सृष्टि भएपछि भगवानले सृजना गरेको "बोखोपी र सन्तसुरुखको" दाम्पत्य जीवनबाट छोरी सुम्निमाको जन्म हुन्छ । सुम्निमा हुर्की बढी युवती भएपछि आकाशमा बास गर्ने पारूहाङसँगको प्रेममा कहिले आकर्षित र कहिले विकर्षित हुँदै अन्त्यमा दुवै दाम्पत्य जीवनको लगनगाँठोमा बाँधिन्छन् (चेमजोङ्, २०२१ : ९-१०) । यसरी हेर्दा उपन्यासकी नायिका र किराती दन्त्यकथाकी नायिकाको नाम मिल्न गएको देखिन्छ । उपन्यासमा किरात कालीन पात्रहरू किराती भूमि, रहन सहन, संस्कृति सबै किरात कालीन परिवेशमा पूर्ण भएकाले र हिन्दू र किरात संस्कृतिको द्वन्द्व देखाइ किरात संस्कृतिकै विजय देखाउनुले पनि यस उपन्यास किरात कालीन परिवेशलाई आधार भूमि बनाएर लेखिएको देखिन्छ । उपन्यासकाले उपन्यासको नामाकरण गर्दा पनि किरात देशको एउटा कथा भन्नुले पनि किरात कालीन परिवेशमा घटित कथा हो भन्ने पुष्टि हुन्छ ।

सूर्यदत्तको परिवारले गाउँ छाडेर आरण्य आश्रमका लागि प्रस्थान गर्नु नै **सुम्निमा** उपन्यासको किरात कालीन समयको मुख्य घटना हो । पुत्र सोमदत्तलाई ब्राह्मणोचित सद्धर्मको र

उच्च जीवनको शिक्षा दिन आश्रमको समय नै उपयुक्त मानिन्छ । सोमदत्त विहानै उठेर बाबुसँग नुहाउन जानु, गायत्री मन्त्र जाप गर्नु, सूर्यको प्रथम किरणसँगै रवि बन्दना गर्नु जस्ता कार्यहरूले प्रभात कालीन समयको ब्राह्मण संस्कृतिको परिवेशलाई झल्काएको छ । दिउसो सोमदत्त गाई लिएर जानु, शमीको वृक्षमुनि निदाउनु, सुम्निमासँग परिचय हुनु, वनजङ्गलका हाङ्गाभित्र चरा चुरूङ्गीहरू उफ्रीउफ्री खेल्नु, सोमदत्तलाई भेट्न आउँदा सुम्निमाले कपालमा रक्त गुराँस घुर्सानु, कोशी तटमा वालुवा तातेर रन्कनु जस्ता घटनाले उपन्यासभित्र घटना घटेको समय गर्मी याम वा चैत बैशाख महिना भएको सङ्केत दिएको छ । उपन्यासमा सुम्निमा र सोमदत्तको भेट भएको समयलाई यसरी देखाइएको छ : सुम्निमा भन्दैथी, - "गर्मीको याम बडो अल्छिलाग्दो हुन्छ । मनमा के के कुराहरू आइ रहन्छन्; वालुवामा उठीरहेको त्यो तातो वाफ जस्तो. . ." (पृ. १६) ।

किराती समाजमा कुनै पनि महत्वपूर्ण निर्णय गर्दा समाजको प्रमुख व्यक्तिको घरमा मेला भई गर्ने चलन छ । राजाज्ञाले गोबध निषेध गरेपछि उनीहरूले महत्वपूर्ण निर्णय लिनु पर्ने देखिन्छ । उनीहरूले सो निर्णय गर्नका लागि रातको समय चुनेको देखिन्छ । किरातीहरूले महत्वपूर्ण निर्णय लिंदाको रात्री कालीन परिवेशलाई यसरी देखाइएको छ : "रातभरि बिजुवाको घरमा किरातीहरूको सभा भयो । उनीहरूले एउटा गाई काटेर भोज खाए र खुव जाँड पिएर लट्ठ भए. . ." (पृ. १३) ।

सोमदत्त तपस्याको लागि आश्रमै छोडेर हिड्छ । सुम्निमाले उसलाई धेरै वर्षसम्म पर्खन्छे र अन्त्यमा भिल्ल केटोसँग बिहे गर्छे । तपस्या सफल भएपछि सोमदत्त पनि घर फर्कन्छ । पुत्रबाट आमाले दिनभरि धार्मिक प्रवचन सुन्ने गर्छिन् । एकदिन ब्राह्मण दम्पति सोमदत्तलाई छोरी दिन आश्रम आउँछन् । अतिथि देवो भवः भन्दै सूर्यदत्तको परिवारले स्वागत गर्छन् । यहाँ तत्कालीन समयमा ब्राह्मण समाजमा पाहुनालाई भगवान्को रूपमा लिएको देखिन्छ । पुलोमा र सोमदत्तको विहे पश्चात ब्राह्मण दम्पत्ति सन्यासी जीवनको लागि प्रस्थान गर्छन । माथिका यी सबै घटनाक्रम त्यस समयको किराती भूमिमा अवस्थित ब्राह्मण आश्रममा घटेका घटनाहरूको कालगत परिवेशलाई पुष्टि गर्न आएको देखिन्छ ।

उपन्यासमा सोमदत्त र पुलोमाको सन्तान नहुनु, पुलोमाको रजोदर्शन हुँदा चार दिनसम्म आश्रम बाहिरै बस्नु, सोमदत्त निराश भएर बिजुवा कहाँ पुग्नु, लामो समयपछि सोमदत्त र सुम्निमाको भेट हुनु, सुम्निमाले बाबुको सल्लाह अनुसार सोमदत्तको मनुवा ठीक पार्नु, साँझपख पुलोमाले भिल्ल युवकलाई सम्झेर बस्नु, सोमदत्त कामोत्तेजित भएर रातभरि पुलोमासँग यौन सम्पर्क गर्नु र बिहान उठ्दा दुवैजनाले स्वर्गीय आनन्द प्राप्त गर्नु जस्ता घटनावलीले उपन्यासमा प्रयुक्त कालगत परिवेशलाई पुष्टि गर्न आएको देखिन्छ । पुलोमाले छोरो जन्माउनु, सोमदत्तको छोरो र सुम्निमाकी छोरीको फेरि शमीको वृक्षमुनि भेट हुनु, दिनभरि कोशी तटमा घुम्नु, पौडि खेल्नु, प्रेम गर्नु जस्ता घटनाले उपन्यासमा प्रयुक्त विहान, दिउँसो, राति जस्ता समय खण्डलाई आधार बनाएर अघि बढेको देखिन्छ । पुलोमाको मृत्यु भएको केही समयपछि सोमदत्तको मृत्यु हुन पुग्छ । सुम्निमाले आफ्नी छोरी र सोमदत्तको छोरोको बिहे गराइ दिन्छे र केही समयपछि सुम्निमाको पनि मृत्यु हुन पुग्छ । सोमदत्तको छोरो र सुम्निमाको छोरीले धेरै सन्तान जन्माउँछन् । सोमदत्तको छोरोले आफ्ना सन्तानलाई तिमीहरूको जिबाको आश्रम भन्दै तलको जङ्गललाई

देखाउँथ्यो, जसलाई उपन्यासमा यसरी व्यक्त गरिएको छ : ". . .ढुङ्गामा बसेर सोमदत्तको छोरोले तलको आश्रम हेरि रहन्थ्यो र आफ्ना छोराछोरीलाई भन्थ्यो, -उ : त्यहाँ तिमीहरूको जिबाको आश्रम थियो" (पृ. ९४) ।

माथिको उद्धरणले सोमदत्तको समय, सोमदत्तको छोराको समय र उसका नाति नातिनाको समय गरी तिन पुस्तालाई स्पष्ट तोकेको देखिन्छ, किनकि उपन्यासको अन्त्यका दुई अनुच्छेदमा पनि भनिएको छ : ". . .सोमदत्तको छोरो र सुम्निमाकी छोरीको मृत्युपछि उनीहरूका सन्तानले आश्रमको थलोलाई चटक्कै बिर्सँदै गए । प्राचीन कालको एउटा आश्रमको अवशेष हो यो । किरातीहरूमा जनश्रुति मात्रै बाँकी रह्यो.... ।"

"भन्छन् त्यही ठाउँमा त्रेतायुगमा विश्वामित्रको पनि त्यस्तै अवस्था भएको थियो रे । वन र आकाशको नीरवतामा लोप भयो सोमदत्तको आश्रम". . . (पृ. ९४) । यिनै उपन्यासका कथनले पनि **सुम्निमा** उपन्यासमा प्रयुक्त किरात कालीन परिवेश अन्तर्गत तिन पुस्ते समयावधिलाई वहन गरेको देखिन्छ ।

### ३.३.३ आधुनिक कालीन परिवेश

**सुम्निमा** उपन्यासको प्रकाशन वि.सं. २०२७ मा भएको पाइन्छ भने यसको लेखन अवधि वि.सं. २०१७ तिरको देखिन्छ । नेपाली उपन्यासको विकासक्रमलाई हेर्दा पनि यो उपन्यासको लेखन तथा प्रकाशन आधुनिक कालमा भएको पाइन्छ । त्यसैले यस उपन्यासलाई आधुनिक कालको उपन्यास हो भन्ने आधार देख्न सकिन्छ । लेखकीय कालको प्रभाव केही मात्रामा कृतिमा परेकै हुन्छ भन्ने कुरालाई आधार मानेर हेर्दा पनि यस उपन्यासले वहन गरेको विषयबस्तु, घटना घटेको स्थान, चतरा नजिकै बस्ने किरात जाति अझै पनि देख्न सकिनुले पनि यस उपन्यासको समयावधिले आधुनिकताको सङ्केत दिएको छ । उपन्यासमा आर्य संस्कृति र किरात संस्कृति बिचमा जति नै द्वन्द्व देखाए पनि अन्त्यमा समन्वयमा लगेर टुङ्ग्याउनु नै आधुनिकताको छनक देखिन्छ ।

सुरूमा सोमदत्त र सुम्निमाको पुस्ताको घटनावली हेर्दा उनीहरूले प्राचीन कालको सामाजिक, सांस्कृतिक पक्षमा बढी जोड दिएको पाइन्छ । समाजमा ब्राह्मण जाति उच्च हुनु, ध्यान गर्नु, किरातीहरू नाङ्गै हिँड्नु जस्ता घटनावलीले प्राचीन बन्य सभ्यताको परिचय दिए तापनि सोमदत्तको छोरो र सुम्निमाकी छोरीको पुस्तालाई हेर्दा भने उपन्यासमा बढी मात्रामा आधुनिकताको प्रभाव देख्न सकिन्छ । उही स्थान र उही संस्कृतिमा हुर्किएका सोमदत्त र सुम्निमाका छोरा छोरीले समय अनुसार आफ्नो व्यवहारमा परिर्वतन गरी द्वन्द्व भन्दा बढी समन्वयमा जोड दिएको पाइन्छ । उनीहरूले धर्म संस्कृति भन्दा बढी समाजलाई र आफ्नो अधिकार र इच्छालाई बढी प्राथमिकता दिएका छन् । सुम्निमाले आफ्नो छोरीको रोजाइलाई सहर्ष स्किार गर्नु, सुम्निमाकी छोरीले पनि आफ्नो जीवन साथी रोज्ने स्वतन्त्रता पाउनु, दुबै जनाले आफ्नो प्रेमलाई निर्धक्कसँग व्यक्त गर्न सक्नु, अन्तर जातीय विवाह गर्नु, जस्ता घटनावलीहरू आधुनिक कालका घटनावलीसँग मेल खानुले पनि **सुम्निमा** उपन्यासले आधुनिक कालीन परिवेशलाई वरण गरेको देखिन्छ । अन्त्यमा जातीय सांस्कृतिक द्वन्द्वलाई त्याग्दै समन्वय नै मुख्य कुरा हो भन्ने प्रमाण उपन्यासमा व्यक्त भएबाट पनि **सुम्निमा** उपन्यासले लिएको समय आधुनिक कालको परिवेशको झल्को दिएको देखिन्छ ।

## ३.४ वातावरणीय परिवेश

**सुम्निमा** पौराणिक शैलीमा निर्माण गरिएको उपन्यास हो । यस उपन्यासका पात्रहरू आफ्नो धर्म र संस्कारले प्रेरित छन् जसले गर्दा उनीहरूमा विभिन्न प्रकारका वातावरणको सिर्जना भएको देखिन्छ । सुम्निमा सामान्य किरातधर्मी युवती भएकीले ऊ कुनै पनि परिस्थितिसँग सम्झौता गर्ने चरित्रका रूपमा देखिन्छे, जसले उसको जीवनमा अनुकूल वातावरणको सिर्जना भएको छ । सोमदत्त र पुलोमा भने धर्म परायण, कर्तव्य परायण र हठी स्वाभावले गर्दा उनीहरूको जीवनमा प्रतिकूल वातावरणको सिर्जना भएको छ । अन्त्यमा सुम्निमाको समन्वयवादी प्रवृत्ति देखाएर उपन्यासकारले **सुम्निमा** उपन्यासलाई सुखद् वातावरणमा टुङ्ग्याएका छन् । उपन्यास आर्य र किराती समाजमा घटित भएको छ भने यी दुई समाजको फरक संस्कृतिको द्वन्द्व पनि देखाइएको छ । आफ्नो धर्म संस्कृतिले प्रेरित भएका पात्रको आन्तरिक मनस्थितिको वातावरणलाई पनि उपन्यासमा देखाइएको छ । त्यसैले उपन्यासमा सामाजिक वातावरण, सांस्कृतिक वातावरण, राजनीतिक वातावरण तथा पात्रको आन्तरिक मनस्थितिको वातावरणलाई यसरी देखाइएको छ ।

### ३.४.१ सामाजिक वातावरण

**सुम्निमा** दुई भिन्न सामाजिक धरातलका पात्रको प्रयोग गरी लेखिएको उपन्यास हो । यहाँ आर्य समाज र किरात समाज गरी दुई फरक फरक सामाजिक परिवेश भएको कथानलाई देखाइएको छ । सोमदत्त आर्य समाजको प्रमुख पात्र हो भने सुम्निमा किरात समाजकी प्रतिनिधि पात्र हो । यही आर्य समाज र किरात समाजको केन्द्रीयतामा उपन्यासको घटनावलीलाई अघि बढाइएको छ । उयन्यासमा मुख्य गरी दुई समाजको बारेमा चर्चा गरिएको छ ।

- आर्यको सामाजिक वातावरण,
- किरातको सामाजिक वातावरण,

आर्यहरूको समाज ज्यादै जटिल, क्रितिम र औपचारिक देखिन्छ । सोमदत्त उपन्यासमा धर्म संस्कृतिप्रति अटल निष्ठा राख्ने तथा अन्ध परम्परवादी तपस्वी देखिन्छ । सोमदत्तमा जस्तो जीवनदर्शन छ त्यस्तै जीवन दर्शन त्यतिबेलाको आर्यहरूको समाजमा देखिन्छ (भट्टराई, २०५३ : १५५) ।

आर्यहरूको समाज शामन्ती किसिमको देखापर्छ । आफ्नो धर्म र संस्कृतिको हितमा अरूको धर्म संस्कृतिमाथि नै दमन गर्नु यसको राम्रो उदाहरण हो भन्न सकिन्छ । आफू शिक्षित भएकाले समाजमा सबैभन्दा उच्च ठान्ने प्रवृति बोकेका आर्यहरूले अरूलाई अज्ञानी र कुसंस्कृत भनि नराम्रो व्यवहार गर्दथे जसलाई उपन्यासमा यसरी देखाइएको छ : “हामीहरू आर्यका सन्तति हौँ, सुसंस्कृत छौँ । तिमीहरू संस्कृतिविहिन बर्बर जातिका किरात हौ” (पृ. ६) ।

त्यतिबेलाका आर्यहरूले जातका आधारमा सानो ठुलो, सभ्य असभ्य जस्ता कुराहरू मनमा वोकेर समाजमा भेदभावको सीमा कोरेको देखिन्छ । उपन्यासमा सोमदत्त यस्तो क्रित्रिम

वातावरणमा हुर्किएको छ, जसले आफ्नो स्वेच्छाले कुनै काम पनि गर्न पाउँदैन । ऊ किशोर अवस्थादेखि नै आफ्नो बाबुको नियन्त्रणमा पर्छ र बावुकै इच्छा अनुसार जीवन यापन गर्छ । धर्मको नाममा आफ्नो यौनेच्छा समेत दमित गरेको सोमदत्तले माता पिताको आग्रहमा विवाह गर्नु, पुत्र प्राप्तिका लागि मात्र पत्नीसँग सहवास गर्नु, गर्भ नरहदा पत्नीलाई दोषी देख्नु जस्ता अन्धपरम्पराको वातावरण आर्य समाजमा देखिएको छ । त्यतिबेला आर्य समाजमा धर्मले नराम्रो प्रभाव पारेको देखिन्छ । धर्मका नाममा सोमदत्तले आफ्नी पत्नी, पुत्र र दाम्पत्य जीवनप्रति नै उदासिन देखाउनु नै आर्य समाजको खोक्रो आदर्श हो । उपन्यासमा पुलोमाले पतिबाट जुन उपेक्षाभाव र अपमान सहनु पर्छ त्यसबाट आर्य समाजमा महिलाको सामाजिक स्तर कस्तो अवस्थामा रहेको थियो भन्ने कुराको जानकारी हुन्छ । पुलोमाले सुरूमा भिल्ल युवकलाई मन पराउनु तर आमाको डरले बाहिर ननिस्कनुले पनि आर्यहरूको समाजमा नारी स्वतन्त्रताको दमन थियो भन्ने कुराको पुष्टि हुन्छ ।

उपन्यासमा सुम्निमाको कार्य भूमिकाको माध्यमबाट किराती समाजको चित्रण भएको पाइन्छ । किराती समाज पहाडीया समाज हो । उनीहरू खोक्रो आदर्शभन्दा पर यथार्थताको धरातलमा बाँचेका छन् । सरल जीवन यापन गरेका किरातीहरू प्रकृतिलाई मायाँ गर्छन् । उनीहरू आफ्नो शरीरलाई मायाँ गर्छन् र स्वतन्त्र जीवन जिउन चाहन्छन् । स्वतन्त्र जीवन बिताएका उनीहरूले कसैको अन्याय सहन गर्न सक्दैनन् भन्ने उनीहरूको सामाजिक वातावरणलाई उपन्यासमा यसरी व्यक्त गरिएको छ : “बिजुवाबा ! बरू यो अन्याय सहनु भन्दा त मरेर सखापै हुनु वेश हो” (पृ. १२) । किरात समाजकी नारी स्वतन्त्र छे । उसले समाजमा कुनै अपमान वा यातना सहनु परेको छैन । किराती समाजमा छोरीले पनि आफै केटो चयन गरेर घरमा ल्याउन पाउँछे भने कुराको उदाहरणको रूपमा सुम्निमाकी छोरी आएकी छे । उसका इच्छा, चाहना, निर्णय र कार्यप्रति समाज र परिवारले कुनै प्रभाव पारेका छैनन् बरू समर्थक बनेका छन् । किरातीहरू एउटै समाजमा बसेपछि सहयोग गर्नुपर्छ भन्ने मान्यता राख्छन् । सूर्यदत्तको परिवार आरण्य आश्रममा आउँदा जङ्गलफाँडी आश्रम बनाइ दिनु, दुध खानको लागि गाईको व्यवस्था गरि दिनु, पुलोमाको मृत्यु हुँदा सहयोग गर्नु, सोमदत्तको मृत्युपछि दाह संस्कार गर्नु जस्ता कार्यले किराती समाजको सहयोगी वातावरणलाई झल्काएको छ ।

प्रस्तुत उपन्यासमा आर्यहरूको सामाजिक परिवेश हेर्दा शिक्षित र उच्च स्तरको देखिए पनि यो समाजले खोक्रो आदर्शलाई बढी अंगालेको देखिन्छ । आर्यहरूको समाज जटिल, क्रित्रिम, बढी औपचारिक र सामन्ती किसिमको देखिन्छ । त्यस्तै, किरात कालीन समाजलाई हेर्दा ज्यादै सरल किसिमको, प्रकृतिलाई बढी माया गर्ने, सहयोगी भावना भएको, निर्णयको स्वतन्त्रता भएको, अशिक्षित भए पनि व्यवहारिक किसिमको वातावरण किराती समाजमा देख्न सकिन्छ ।

### ३.४.२ सांस्कृतिक वातावरण

**सुम्निमा** दुई फरक फरक सांस्कृतिक वातावरणको प्रयोग गरेर लेखिएको उपन्यास हो । सोमदत्त र सुम्निमा उपन्यासका प्रमुख पात्रहरू हुन् । सोमदत्तले आर्य संस्कृतिको प्रतिनिधित्व गरेको छ भने सुम्निमाले किरात संस्कृतिको प्रतिनिधित्व गरेकी छ । सोमदत्तले उपन्यासमा गरेका हरेक कार्यहरू आर्य सांस्कृतिक वातावरणमा पूर्ण भएका छन् भने सुम्निमाले गरेको हरेक कार्यहरू किरात सांस्कृतिक वातावरणमा पूर्ण भएका छन् । उपन्यासमा प्रयुक्त सांस्कृतिक वातावरणलाई यसरी देखाइएको छ :

- आर्यको सांस्कृतिक वातावरण,
- किरातको सांस्कृतिक वातावरण,

आर्यहरूको सांस्कृतिक वातावरण अनुसार उपन्यासमा सूर्यदत्तले पुत्र सोमदत्तको पुरोहितबाट द्विज धर्मानुकुल ब्रतबनध सम्पन्न गरि दिन्छन् । त्यसपछि छोराको शिक्षाको उचित प्रबन्धको लागि आरण्य आश्रमतर्फ प्रस्थान गर्छन् । आश्रमबासी भैसकेपछि सोमदत्त ब्राह्मण मुर्हतमा उठेर नदीमा स्नान गर्नु, मौन व्रत धारण गर्नु, प्रणयामको लामो क्रिया गर्नु, सूर्यको मन्त्रपाठ गर्दै रवि बन्दना गर्नु, आरणीद्वारा अग्नि मन्थन गरेर यज्ञवेदीमा आहवनीय स्थापना गर्नु, उच्च कण्ठले मन्त्रोच्चारण गर्दै चामल, घिउ, तिल, मिसाएको चरूको हबन गर्नु जस्ता कार्यले उपन्यासमा आर्य संस्कृतिको सांस्कृतिक वातावरणलाई चित्रण गरेको छ । सोमदत्तले आश्रममा रहँदा अधिकांश भाग देव र पितृ उपासनामा विताएर देव प्रसादको रूपमा पञ्चामृतले मुख शुद्ध पारेको देखिन्छ । आश्रममा राजाले गाईको वध र अन्य पशुहरूको हिँसा गर्न निषेध गर्नु, हिन्दू धर्मानुकुल स्थापित अग्नीवेदीमा परिक्रमा गरी सोमदत्त र पुलोमाले बिहे गर्नु, मन्त्रोच्चारण गरी विधिपूर्वक सन्तान उत्पत्तिका लागि मात्र यौन सम्पर्क गर्नु, पुलोमा पति परायण स्त्री बन्नु, रजोदर्शन भएको बेला छुट्टै बस्नु जस्ता घटनावली उपन्यासमा आर्य संस्कृतिको वातावरणमा सम्पन्न भएका छन् ।

किरात संस्कृतिको प्रतिनिधित्व सुम्निमाले गरेको हुँदा यहाँ हरेक कार्य किराती संस्कृतिक पर्यावरणमा सम्पन्न भएका छन् । सुम्निमा उपन्यासमा नाङ्गै देखिने पनि किरातीहरूको सांस्कृतिक विशेषता मान्न सकिन्छ । उपन्यासमा रातभरि बिजुवाको घरमा किरातीहरूको सभा बस्नु, उनीहरूले गाई काटेर खानु, जाँड खाएर लट्ठ पर्नु, सुम्निमा र उसकी आमाले रातभर पाहुनाको सेवा गर्नु जस्ता घटनाले किरात संस्कृतिको वातावरणलाई झल्काएको देखिन्छ । सुँगुर पाठा चढाउने नयाँ ठाउँ बिजुवाले तोक्ने कुरा गर्नु, सबै भिल्ल तथा किरातीहरूले बिजुवाको कुरा मान्नु, जस्ता सांस्कृतिक घटनावली पनि देखिन्छन् । त्यस्तै, आफ्नो शरणमा पर्न आएको आर्य संस्कृतिको ब्राह्मण सोमदत्तलाई सहयोग गर्नु, पुलोमाको मृत्युपछि सुम्निमाले गाउँबाट मान्छे पठाउनु, सोमदत्त विरामी भएको वेला आश्रममा भेट्न जानु जस्ता घटनावलीले उपन्यासमा प्रयुक्त किराती सांस्कृतिक वातावरणलाई देखाइएको छ ।

प्रस्तुत **सुम्निमा** उपन्यासमा आर्य संस्कृति र किरात संस्कृतिको कथानकलाई समेटेको पाइन्छ । पात्र अनुसार नै संस्कृतिको प्रयोग गरिएको यस उपन्यासमा सोमदत्तको परिवारले आर्य संस्कृतिको वातावरणमा कार्य पूरा गरेको छ भने सुम्निमाको परिवारले किरात संस्कृतिको वातावरणको प्रयोग गर्दै आफ्नो कार्य पूरा गरेको देखिन्छ ।

### ३.४.३ राजनीतिक वातावरण

**सुम्निमा** उपन्यास मूलतः संस्कृतिमूलक उपन्यास हो । उपन्यासमा सोमदत्तको परिवार आर्य संस्कृतिको र सुम्निमाको परिवार किरात संस्कृतिको पक्षपाती देखाएर दुई संस्कृति बिच द्वन्द्व र समन्वय गराएका कोइरालाले उपन्यासमा राजनीतिक वातावरणको पनि सिर्जना गरेको देखिन्छ । **सुम्निमा** उपन्यासमा घटेका घटनावलीलाई हेर्दा आर्यहरूलाई समाजमा उच्च देखाउनु र किरात संस्कृतिलाई निम्न स्तरको देखाउनु नै त्यतिबेला समाजमा रहेको राजनीतिक परिवेशको असर हो । ब्राह्मण भनेर सबैले मान्नु पर्ने त्यो ब्राह्मणवाद पनि राजनीतिक कारण हो भन्न सकिन्छ । सोमदत्तको परिवार आरण्य आश्रममा बसेको बेला जङ्गलमा सिकार खेल्न राजपुत्र आउनु, ऋषि आश्रमको संरक्षण गर्नु आफ्नो कर्तव्य ठान्नु, किरात भूमिमा गोवध तथा हिंसात्मक कार्य रोक्न आदेश दिनु, किरातीहरूले वराह क्षेत्रमा सुँगुर चढाउनु पर्ने माग राख्दा राज्ञाज्ञा अटल छ भन्नु जस्ता घटनाले उपन्यास भित्रको राजनीतिक वातावरणलाई पुष्टि गरेका छन् ।

उपन्यासमा किरात जाति गाउँमा मिलेर बसेको देखिन्छ । किरातीहरूले धर्ममा बढी विश्वास गर्ने हुनाले गाउँमा धर्म गुरु चुनेका छन् । किरातीहरूले आफ्नो धर्म गुरुलाई बिजुवा भनेका छन् । बिजुवा गाउँको प्रमुख व्यक्ति हो, जसले गाउँमा आउने समस्याहरूको समाधानका लागि पहल गर्ने गरेको देखिन्छ । उपन्यासमा उसले दिएको परिचयले राजनीतिक वातावरणको सिर्जना गरेको छ : ". . .म उः त्यो माथिको किरात गाउँको साहिलो बिजुवा हुँ । यहाँ भेला भएका किरातहरू मेरा बातुङ भाइ हुन्" (पृ. १०) ।

राजपुत्रसँगै उभिएको सैनिकले उपन्यासमा बिजुवालाई किरात प्रमुख भएको जानकारी उपन्यासमा यसरी दिइएको छः "ऐले बोल्ने मानिस किरातहरूको प्रमुख हो" (पृ. १०) ।

प्रस्तुत उपन्यासमा राजपुत्र सिकार खेल्न आउनु, राजाज्ञा भन्दै आफ्नो आदेश सुनाउनु, साहिलो बिजुवा गाउँको प्रमुख हुनु, रातभरि बिजुवाको घरमा छलफल चल्नु जस्ता घटनावलीले उपन्यासमा राजनीतिक परिवेशको सिर्जना गरेको देखिन्छ ।

### ३.४.४ पात्रको मनस्थितिको वातावरण

**सुम्निमा** उपन्यासमा प्रयुक्त वातावरणहरू मध्ये पात्रको मनस्थितिको वातावरण पनि एक महत्वपूर्ण परिवेश हो । उपन्यासमा आएका स्थान, काल, प्रकृति, संस्कृति, समाज जस्ता पक्षले पनि पात्रको मनस्थितिमा एक किसिमको वातावरणको सिर्जना गरेको देखिन्छ । मुख्यतः सोमदत्त, सुम्निमा र पुलोमाको मनस्थितिले उपन्यासमा फरक फरक वातावरणको सिर्जना भएको देखिन्छ । सोमदत्तको शिक्षा दीक्षाको लागि ब्राह्मण परिवार आरण्य आश्रममा प्रस्थान गर्छन् । दिउसो गाई लिएर कोशी तटमा पुग्दा सोमदत्तको भेट सुम्निमासँग हुन्छ र उनीहरू साथी बन्दछन् । समयको

क्रमसँगै सोमदत्त र सुम्निमा यौवनावस्थामा प्रवेश गर्छन् । उनीहरूको सामिप्य पहिलेको जस्तो देखिदैन । सोमदत्त सुम्निमाको नाङ्गो शरीर देखेर मानसिक विक्षिप्ततामा पुगेको छ । आफ्नो तपस्या भङ्ग हुन्छ कि भनेर ऊ मानसिक तनावमा छ । उसले सुम्निमाको शरीरलाई पापको खाडल भन्दै आफ्नो अगाडिबाट पर हटन् आग्रह गरेको छ । त्यस्तै, सुम्निमा पनि १४-१५ वर्षकी युवती भएकी छ । उसमा पनि यौवनावस्थाका लक्षणहरू देखिन्छन् । सोमदत्त रिसायो कि भनेर चिन्ता लाग्नु, रातभर निद्रा नलाग्नु, दिक्क र वैराग लाग्नु जस्तो वातावरण सुम्निमाको मनमा देखापर्छ । सुम्निमाको यौवनावस्थाका मनस्थितिको वातावरणलाई उपन्यासमा यसरी व्यक्त गरिएको छ": ". . .मध्याहन्नको गर्मीमा रन्किन्छ रे आङ र सुद्धि पनि हराउँछ रे कहिलेकाँही । . . .चौध पन्ध्रको पनि त भएँ नि म" (पृ. १७) ।

सोमदत्त र सुम्निमा शमीको वृक्षमुनि बसेर विभिन्न विषयमा वहस गर्छन् । शमीको झ्याम्म परेको मसिना हाङ्गामा रङ्गविरङ्गी चराहरू रमाइ रहेका हुन्छन् । त्यसैगरी सुम्निमा पनि सोमदत्तसँग रमाउन चाहन्छे । कोशीको वालुवा तातेर रन्किए झैँ सुम्निमा पनि सोमदत्त प्रतिको प्रेमले बाफिएकी छे । ऊ सोमदत्तसँग प्रेम गर्न लालायित छे । त्यतिबेलाको सुम्निमाको मनको वातावरणलाई यसरी देखाइएको छ : "गर्मीको याम बडो अल्छिलाग्दो हुन्छ । मनमा के के कुराहरू आइ रहन्छन्, बालुवामा उठि रहेको त्यो वाफ जस्तो. . ." (पृ. १६) ।

सोमदत्त र सुम्निमाको विछोड भएपछि सुम्निमाले गाउँको एक भिल्ल युवकसँग विहे गर्छे । सुम्निमाको एउटा छोरी जन्मन्छे, तापनि उसको दुलहाले सुम्निमालाई कहिले पाइन भन्छ । रातभर सँगै सुत्दा पनि उसको दुलहाले उसलाई पाइन भन्दा सुम्निमामा निराशाको वातावरण सिर्जना भएको छ । उपन्यासमा सोमदत्त र पुलोमाको पनि त्यस्तै गति देखिन्छ । सोमदत्त र पुलोमाले सन्तान उत्पादनका लागि मात्र यौन सम्पर्क गर्छन् । उत्तेजित यौनच्छालाई धर्मका नाममा दमित गरी सम्पर्क राख्दा जति नै समागम गरे पनि उनीहरूबाट सन्तान हुँदैन । उनीहरूको मनमा एक अर्काप्रति शंकाको वातावरण सिर्जना हुन्छ । पुलोमाले सन्तान प्राप्तिका लागि सोमदत्तसँग गरेको कामवासना शुन्य सम्पर्कबाट थकित र विरक्त महशुस गरेकी छ । पुत्र प्राप्तिको असफताले एकाग्र धारण गरेकी छ । उसले आफ्नो पुरानो साथी भिल्ल युवकलाई संझन पुगेकी छ । त्यस्तै, सोमदत्त पनि पुत्र प्राप्तिको असफलताले मानसिक रूपमा ज्यादै विक्षिप्त बनेको छ । बाहिरबाट हेर्दा सामान्य जीवन देखिए तापनि सोमदत्त र पुलोमाको जीवन ज्यादै निराशामय देखिन्छ । दुवै जनाले आफ्नो जीवनलाई बोझ संझिएर चिन्तामा एक्ला एक्लै पिल्सिएका छन् । उपन्यासमा पुलोमा र सोमदत्तको विक्षिप्त मानसिक वातावरणलाई यसरी देखाइएको छ : "अत्यन्त विरक्तताको साथ सोमदत्तले भन्थ्यो, "यदि पितामाताको आज्ञा र धर्मशास्त्रको आदेशको बाध्यता नभएको भए म उहिल्यै सन्यासी भइसक्ने थिएँ" (पृ. ४१) ।

पुलोमा पनि भन्थी, - "म पनि धर्मोपदेशको वाध्यताले यो बैवाहिक जीवनमा अडिरहेको छु नत्र उहिल्यै सन्यासी तापसी भएर वनभित्र पसिसक्थे" (पृ. ४२) ।

सोमदत्त अन्त्यन्त दुःखी र विरक्त मन लिएर बिजुवाको शरणमा पुग्छ । बिजुवाको सल्लाह अनुसार सुम्निमाले सोमदत्तलाई मनुवादहमा लगेर मनुवा ठीक पारि दिन्छे । मनुवादह ज्यादै

मनमोहक प्राकृतिक स्थान देखिन्छ । शान्त वातावरण, चिसो हावा, बनस्पतिको भिन्न प्रकारको सुगन्ध र साथमा सुम्निमाको उपस्थितिले सोमदत्तले वर्षौसम्मको मानसिक तनावबाट मुक्ति पाएको छ । धेरै वर्षपछिको खुसी र सुखी मानसिकतालाई उसले उपन्यासमा यसरी व्यक्त गरेको छ : “कस्तो मनोरम स्थल ! मलाई माताको गर्भको स्मरण गराउँछ. . .” (पृ. ५०) ।

मनुवादहमा सुम्निमाको स्पर्शले सोमदत्त उत्तेजित बन्न पुगेको छ । शमीको वृक्षमुनि लगेर सुम्निमाले चुम्बन गरिदिए पछि सोमदत्त ज्यादै उत्तेजित बन्न पुगेको छ । ऊ पहिलेको जस्तो सोमदत्त नरही भिल्ल युवकको रूपमा प्रचण्ड वेगका साथ आश्रमभित्र पस्दछ र पुलोमासँग यौन समागम गर्दछ । त्यसरात दुवै उत्तेजित मानसिकतामा देखिन्छन् । पुलोमाले जीवनमा कहिल्यै प्राप्त नगरेकी आनन्द प्राप्त गरेकी छ । उपन्यासमा पुलोमा र सोमदत्तको उत्तेजित मानसिकतालाई यसरी देखाइएको छ : “पिडा र आनन्दको एकसाथको भोगमा साउसुतीको सीत्कार गर्दै भन्थी, - “अह्, अह् भिल्ल, अह्. . .। उसलाई लाग्यो कि बुँदबुढाइरहेको वाष्पध्वनिमा सुम्निमा ! सुम्निमा !!” (पृ. ६४) ।

यौन सम्पर्कको अर्को दिन सोमदत्त र पुलोमा दुबैले स्वर्गीय आनन्द प्राप्त गरेको जस्तो अनुभव गर्छन् । समयक्रमसँगै पुलोमा र सोमदत्त बिच बैमनस्यता उत्पन्न हुन्छ । सोमदत्तको छोरा जन्मन्छ भने पुनः उही शमीको वृक्षभएको स्थानमा सोमदत्तको छोरो सुम्निमाकी छोरी साथी बन्छन् । पुलोमा विस्तारै कमजोर बन्दै जान्छे र उसको मृत्यु हुन्छ । उता आश्रममा सोमदत्त पनि थला पर्छ, सुम्निमा सोमदत्तलाई भेट्न आश्रम पुग्छे र केही दिनपछि सोमदत्तको मृत्यु हुन्छ । सोमदत्तको मृत्युले सुम्निमाको मनमा साह्रै चोट पर्छ । उसले सोमदत्तको छोरालाई आफ्नो घरमा लैजान्छे र छोरीसँग बिहे गराइ दिन्छे । माथिका यस्तै पात्रका मानसिक वातावरणमा घटेका घटनावलीमा यो उपन्यास पूर्ण भएको छ ।

### ३.५ निष्कर्ष

**सुम्निमा** उपन्यासको परिवेश विधान प्रस्तुत शोधपत्रको प्रमुख समस्या हो । यस उपन्यासको परिवेश विधान अन्तर्गत रहेर उपन्यासमा प्रयुक्त देश, काल र वातावरणको चर्चा गरिएको छ । पूर्वी नेपालको कोशी चतरा आश्रम, कोशी तटका आसपासका क्षेत्रहरू, किराती गाउँ, मनुवाहद आदि स्थानहरू उपन्यासका प्रमुख दृश्यात्मक स्थानिक परिवेशका उदाहरणहरू हुन् । विश्वामित्रको आश्रमलाई आधार भूमि बनाएर सुरू भएको उपन्यासमा सूर्यदत्तको परिवारले आश्रम बनाउनु, कोशी तटिय क्षेत्रमा सोमदत्त र सुम्निमाले घुमफिर गर्नु, किराती गाउँमा सोमदत्त र सोमदत्तको छोरो पुग्नु, मनुवादहमा सोमदत्तको मनुवा ठीक पार्नु जस्ता घटनाले स्थानिक परिवेशलाई पुष्टि गर्न आएको देखिन्छ । स्थानसँग सम्वद्ध भएर आएका प्रकृति, भाषा, रहन सहन जस्ता पक्षले स्थानिक परिवेशलाई पुष्टि गर्न थप सहयोग गरेका छन् ।

**सुम्निमा** उपन्यासको कालगत परिवेशलाई हेर्दा त्यति स्पष्ट समयावधि देखिँदैन तर पनि अध्ययन तथा विश्लेषण गर्दा उपन्यासको विषयवस्तु पौराणिक स्रोतबाट लिइएको हुनाले र पौराणिक कालीन विश्वामित्रको ऋषि आश्रमको चर्चा भएकाले पौराणिक कालको भन्न सकिन्छ ।

त्यस्तै, किराती भूमिमा घटना घटेको हुँदा, किराती पात्रको प्रयोग भएको हुँदा र स्वयं उपन्यासकारले नै उपन्यासको सुरूमा ‘किरात देशको एउटा कथा’ लेखेको हुँदा किरात कालीन समयलाई मान्ने आधार पनि देखिन्छ । त्यस्तै उपन्यास लेखेको समय र त्यसले पार्ने प्रभावलाई हेर्दा आधुनिक कालीन उपन्यास पनि हो भन्ने आधार देखिन्छ । यसरी **सुम्निमा** उपन्यासको अध्ययन तथा विश्लेषण गर्दा पौराणिक, किरात र आधुनिक कालको समयावधिलाई आधार मान्न सकिन्छ ।

उपन्यासमा प्रयुक्त वातावरणलाई हेर्दा वातावरणीय परिवेशको प्रयोग प्रचुर मात्रामा भएको देखिन्छ । किराती समाज र ब्राह्मण आश्रमको समाजमा घटना घटेकाले सामाजिक वातावरणको सिर्जना भएको छ । दुई भिन्न संस्कृतिका घटनावली भएकाले सांस्कृतिक वातावरण र राजाज्ञा दिनु, बिजुवा गाउँको प्रमुख व्यक्ति हुनुले राजनीतिक वातावरणको सिर्जना भएको देखिन्छ । त्यस्तै फरक फरक पात्रको मनस्थितिको आधारमा घटना अघि बढेकाले पात्रको आन्तरिक मनको वातावरण पनि देख्न सकिन्छ । यसरी उपन्यासमा स्थानगत, कालगत र वातावरणीय परिवेशको प्रचुर मात्रामा प्रयोग भएर उपन्यास पूर्ण भएको देखिन्छ ।

# चौथो परिच्छेद

## उपन्यासका विभिन्न तत्त्वहरूसँ ग ...सुम्निमा' उपन्यासमा प्रयुक्त परिवेशको अन्तर सम्बन्ध

### ४.१ विषय परिचय

प्रस्तुत परिच्छेदमा उपन्यासका विभिन्न तत्वसँग **सुम्निमा** उपन्यासमा प्रयुक्त परिवेशको अन्तर सम्बन्ध देखाइएको छ । परिवेश उपन्यासको एक तत्व हो जसको सम्बन्ध उपन्यासका अन्य तत्वसँग पनि रहेको देखिन्छ । परिवेशलाई देश, काल र वातावरण जस्ता पक्षमा वर्गीकरण गरिएको छ । देशलाई स्थान पनि भनिन्छ, यही स्थान र उपन्यासका अन्य तत्वहरू कथानक, चरित्र, संवाद, भाषाशैली, र उद्देश्यको अन्तर सम्बन्ध देखाइएको छ । काल भनेको समय हो, यही समयको उपन्यासका अन्य तत्वहरू कथानक, चरित्र, संवाद, भाषाशैली र उद्देश्यसँगको अन्तर सम्बन्ध देखाइएको छ भने वातावरणको पनि कथानक, चरित्र, संवाद, भाषाशैली र उद्देश्यसँग अन्तर सम्बन्ध देखाइएको छ । यसरी **सुम्निमा** उपन्यासमा प्रयुक्त परिवेश र उपन्यासका अन्य तत्वहरूको अन्तर सम्बन्ध देखाइएको छ ।

### ४.२ स्थान र औपन्यासिक तत्त्वहरूको अन्तर सम्बन्ध

स्थान परिवेश अन्तर्गत पर्ने एक महत्वपूर्ण पक्ष हो । कुनै पनि काम हुनुका लागि उपयुक्त मानिएको स्थल नै उपन्यासको स्थान हो (सुवेदी, २०६४ : २५) । उपन्यासमा घटना घट्ने ठाउँ वा आधार स्थान हो । स्थानका माध्यमबाट नै कथानक तथा चरित्रहरू गतिशील हुने अवसर पाउँछन् । उपन्यास संरचना प्रक्रियामा स्थान र उपन्यासका अन्य तत्वहरू बिचको सम्बन्धका माध्यमबाट उपन्यासले मूर्त रूप प्राप्त गर्दछ । **सुम्निमा** उपन्यासमा प्रयुक्त भएको स्थान र अन्य तत्वहरूको सम्बन्धलाई निम्नानुसार देखाउन सकिन्छ ।

#### ४.२.१ स्थान र कथानकको अन्तर सम्बन्ध

कथानक उपन्यासको प्रमुख तत्व हो । उपन्यास निर्माण गर्ने प्राथमिक तत्वको कार्य कथानकले गर्दछ । कथानकको निर्माण सामान्य वा जटिल घटनाहरूको संयोजनबाट हुन्छ (प्रधान, २०६१ : ७) । उपन्यासमा कथानले कार्यव्यापार गर्ने ठाउँ नै स्थान हो र स्थानबिना कथानक दृश्यात्मक तरिकाले अघि बढ्न सक्दैन । त्यसैले घटनाहरू स्थानसँग कार्यकारण सम्बन्धद्वारा कसिएका र व्यवस्थित गरिएका हुन्छन् (बराल र एटम, २०६६ : २०) ।

**सुम्निमा** उपन्यासमा आर्य र अनार्य संस्कृतिका बिचमा सामञ्जस्य गराइएको छ । दुई धर्म, दुई जाति र दुई संस्कृति बिचको समन्वय नै **सुम्निमा** उपन्यासको कथानक हो । सुम्निमा र सोमदत्त आदि पात्रका माध्यमबाट उपन्यासमा कथानकलाई अघि बढाइएको छ । उपन्यासमा सोमदत्तले शरीरलाई कष्ट दिएर तथा भौतिक सुख सुविधालाई त्यागेर आध्यात्मतर्फ एकोहोरिने आर्य संस्कृतिको प्रतिनिधित्व गरेको छ भने अर्को तिर मनुवा रिझाएर मात्र जीवन सुखी हुन्छ भन्ने किरात संस्कृतिकी सुम्निमा छे । उपन्यासको कथावस्तुलाई हेर्दा सुरूमा उपकथा खण्ड, त्यसपछि बिचमा कथानक १,२,३ भनेर तिन खण्डमा बाँडिएको छ भने अन्त्यमा उपसंहार शीर्षकमा

कथानकलाई समाप्त गरिएको छ । यसरी उपकथा खण्ड १,२,३ र उपसंहार खण्ड गरी जम्मा पाँच (५) खण्डमा कथानक पूर्ण भएको देखिन्छ जसलाई खण्डगत रूपमा स्थान र कथानकको सम्बन्ध यसरी देखाइएको छ ।

**सुम्निमा** उपन्यासको कथावस्तु इतिहास पुराण सम्मत कुरालाई आधार मानेर तयार गरिएको हो भन्ने कुरा स्वयं उपन्यासकारले उपन्यासभित्रै व्यक्त गरेको कथनबाट थाहा हुन्छ । पुराण प्रसिद्ध विश्वामित्रको आश्रम कुनै वेला भएको र पछि पृथ्वीकै गर्भमा लोप भएको कुरालाई उनले केही दन्त्यकथा र पूराकथाको समायोजन गरी उपन्यासको रूप दिएको पाइन्छ (दहाल, २०५३ : १८६) । विश्वामित्रको मृत्युपछि सो आश्रममा यज्ञवेदी निरग्नि भई आकाश शुन्य भएको र सो क्षेत्रमा हिमालयबाट बग्दै आएको कोशी नदी चतरामा पुग्दा उन्मुक्तताका साथ बगेको देखाइएको छ । यस उपन्यासको कथानकसँग आएको स्थानिक परिवेशलाई हेर्दा हिमालय पर्वत, कोशीको वराह चतरा प्रदेश, विश्वामित्रको लोप हुन लागेको चतरा आश्रम, जनकपुर, अयोध्या जस्ता दृश्यात्मक तथा सूच्यात्मक स्थानहरूले स्थानिक परिवेशको सिर्जना गरेका छन् ।

उपन्यासमा दिइएको अङ्क १ मा सूर्यदत्तको परिवारले सोमदत्तको उचित शिक्षा दीक्षाको लागि आश्रमको वास बस्न आएको घटनाबाट कथानक सुरू भएको छ । कोशीको नदीको किनारमा अवस्थित आश्रमवासी सोमदत्त दिनहूँ नुहाउन कोशी नदीमा पुग्छ । आश्रममा आफ्नो नित्य कर्मपछि सोमदत्त कोशी तटमा गाई चराउन जान्छ जहाँ उसको भेट किराती बालिका सुम्निमासँग हुन पुग्छ । सुम्निमा सर्वाङ्ग नाङ्गी हुन्छे र उसले माथि उत्तरतिरको गाउँ आफ्नो भन्छे । दिनहूँ शमीको वृक्षमुनि बसेर भौतिकता र आध्यात्मिकताको बारेमा बहस गर्छन् । एकदिन राजपुत्र शिकार खेल्न आउँछन् र सो जङ्गलमा ऋषि आश्रम भएकाले गोवद्य र हिंसा गर्न किराती र भिल्ललाई रोक लगाउँछन् । सूर्यदत्तले सुँगुरपाठा चढाउने स्थानमा हिंसा नगर्न आदेश दिँदै सो स्थानलाई वराहक्षेत्र घोषित गर्छन् । भिल्ल र किरातहरूले युद्धको घोषणा गर्छन् तर बिजुवाले युद्ध हुनबाट बचाउँछ । समय अनुसार सोमदत्त र सुम्निमा जवान हुँदै जान्छन् । एक दिन वाज र परेवाको विषयलाई लिएर दुवै जना रिसाउँछन् । सोमदत्तले सुम्निमाको उपस्थिति आफ्नो तपस्यामा बाधा भएको ठान्दै कठोर तपस्याका लागि जङ्गलको बाटोतर्फ प्रस्थान गर्छ । यहाँ कथानकलाई पुष्टि गर्न विभिन्न स्थानहरूको प्रयोग भएको देखिन्छ । चतराको ब्राह्मण आश्रम, कोशी नदी, शमीको रूखभएको स्थान, आश्रम नजिकैको जङ्गल, वराह क्षेत्र, किराती गाउँ जस्ता स्थानहरूले **सुम्निमा** उपन्यासको कथानकमा फरक फरक स्थानिक परिवेशको सिर्जना गरेका छन् ।

अङ्क दुई (२) खण्डमा छोटो कथानक देखिन्छ । यस खण्डमा सोमदत्तले आफ्नो तपस्यामा बाधा पर्ने देखेर आफ्नो पुरानो आश्रम छोडी नयाँ आश्रमतर्फ प्रस्थान गर्दछ । यस खण्डमा रहेको कथानक ज्यादै झिनो देखिन्छ भने अङ्क १ र अङ्क ३ को कथावस्तुलाई जोड्ने पुलको काम गरेको छ ।

अङ्क तिन (३) मा सोमदत्तले आफ्नो आश्रम छोडी हिमालयमा गएर तपस्या गरेको छ । तपस्या सफल भएपछि सोमदत्त आश्रम फर्कन्छ र पितृऋणबाट मुक्त हुन उसले पुलोमा नामक

ब्राह्मणीसँग बिहे गरेको छ । सुखमय किसिमले चलिरहेको उनीहरूको जीवनमा सन्तान प्राप्ति नहुँदा सोमदत्त पिरोलिँदै किराती धर्मगुरु बिजुवाको घरमा पुग्छ र सबै कुरा भन्छ । बिजुवाले सोमदत्तको मनुवा रिसाएको छ भन्दै सोमदत्तको मनुवालाई खुसी तुल्याउन सुम्निमालाई अराउँछ । मनुवादह कथानकलाई गति दिने अर्को महत्वपूर्ण स्थान हो, जसको वातावरणमा सोमदत्तले ज्यादै आनन्दको महशुस गर्छ । सुम्निमाले सोमदत्तलाई भिल्लको रूपमा सिङ्गारि दिन्छे र शमीको वृक्षमुनि लगेर चुम्बन गरि दिन्छे । सोमदत्त उत्तेजित हुँदै आश्रममा पुग्दछ र पुलोमासँग चरम सम्भोग गर्छ । चरम सम्भोग पछिको आश्रमको वातावरण नै उत्तेजित बनेको छ जसको फलस्वरूप उनीहरूको छोरो जन्मिन्छ र पुत्र प्राप्ति पछि सोमदत्तले पुत्रलाई भिल्लको मानस पुत्रको रूपमा हेर्नाले उनीहरू बिचको सम्बन्ध चर्कन पुग्छ । बाबु आमाको झगडाले सोमदत्तको छोरोले दुःखद जीवन जिउन बाध्य हुन्छ । ऊ गाई लिएर कोशी तटमा पुग्छ जहाँ उसको भेट सुम्निमाकी छोरीसँग हुन पुग्छ । उनीहरू राम्रो साथी बन्छन् र कोशीको चारैतिर घुमफिर गर्छन् । यस कथानकमा विभिन्न स्थानहरूको प्रयोग गरिएको देखिन्छ । सोमदत्तले तपस्या गरेको हिमालय पर्वत, सोमदत्त बिजुवाको शरणमा पुगेको बिजुवाको घर, मनुवादह, शमीको वृक्ष भएको स्थान, उत्तेजित आश्रम, शान्त र घना जङ्गल जस्ता स्थानहरू कथानकसँग अन्तर्सम्बन्धित छन्, जसले कथानकमा स्थानिक परिवेशको सिर्जना गरेको देखिन्छ ।

उपन्यासको अन्त्यमा उपसंहार शीर्षक दिएर कथानकलाई टुङ्ग्याइएको छ । यस खण्डमा सोमदत्तको आश्रममा कुनै यज्ञादि कार्य भएको देखिँदैन । सोमदत्तको छोरो कोशी तटमा नगएकाले सुम्निमाको छोरी आश्रममा भेट्न गएकी छ । पुलोमाको मृत्युपछि किरात गाउँबाट सुम्निमाले सहयोगका लागि मान्छे पठाएकी छे । केही समयपछि सोमदत्तको मृत्यु हुनु, सोमदत्तको छोरालाई सुम्निमाले आफ्नो गाउँमा लैजानु, सोमदत्तको छोरोले माथि किरात बस्तीबाट आफ्ना सन्तानलाई तिमीहरूको जिबाको आश्रम भनेर तलको आश्रमलाई देखाउनु जस्ता घटनावली समेटेर उपन्यास टुङ्गिएको छ । सोमदत्तको आश्रम, किरात गाउँ, कोशी तट जस्ता स्थानहरूले कथानकमा फरक फरक किसिमका परिवेशको सिर्जना गरेका छन् ।

**सुम्निमा** उपन्यासको कथानक उपकथा खण्ड १,२,३ अङ्क र उपसंहार खण्ड गरेर पाँच खण्डमा पूरा भएको देखिन्छ भने कथानकसँग स्थानको अन्तर सम्बन्धले गर्दा स्थानिक परिवेशको प्रयोग देखिन्छ । कोशीको चतरा क्षेत्र, मनुवादह, शमीको वृक्षभएको स्थान, किराती गाउँ आदि दृश्यात्मक स्थानहरूको विशेष प्रयोग देखिन्छ भने हिमालय पर्वत, भिल्लहरूको गाउँ, जनपद, काशी जस्ता थुप्रै सूच्यात्मक स्थानहरूको पनि प्रयोग देखिन्छ । यिनै दृश्यात्मक र सूच्यात्मक स्थानहरूले उपन्यासको कथानकलाई पूर्ण बनाएका छन् ।

### ४.२.२ स्थान र पात्रको अन्तर सम्बन्ध

"मानव जीवनको व्यापक भाष्य उतार्ने तत्व नै चरित्र हो । सामाजिक संरचनाको चित्र पनि चरित्रले नै उतार्ने गर्दछ । इतिहास र समाज, प्रान्त र देशान्तर, पुस्ता र प्रवृत्ति, जाति र सभ्यता परिस्थिति अनुसार चरित्रकै माध्यमबाट प्रकट हुने गर्दछन्" (सुवेदी, २०६४ : २४) । उपन्यासमा घटना जुन ठाउँको हो सोही ठाउँकै पात्रलाई राख्यो भने बढी प्रभावकारी बन्छ । स्थान अनुसारकै पात्रको भेषभूषा, रहन सहन, बोलीचाली देखियो भने उपन्यासमा सजीवता आइदिन्छ ।

**सुम्निमा** दुई भिन्न संस्कृति बोकेको उपन्यास भएकाले पात्र पनि संस्कृति अनुसार फरक फरक देखिन्छन् । **सुम्निमा** उपन्यासमा प्रमुख भूमिका खेल्ने पात्रहरू सोमदत्त र सुम्निमा हुन भने बिजुवा, पुलोमा, सूर्यदत्त, सोमदत्तको छोरो, सुम्निमाकी छोरी सहायक पात्र हुन् । उपन्यासमा यिनीहरूकै आपसी संस्कारगत चारित्रिक परिवेशबाट नै नेपाली संस्कृतिको धरातल चिनाउने प्रयास गरिएको छ । (ढकाल, २०६७ : ११९) । स्मरणको भिल्ल युवक, सूर्यदत्तकी पत्नी, किराती तथा भिल्लहरू, पुलोमाका बाबुआमा, सोमदत्तको नाति नातिना आदि सूच्य पात्रका रूपमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा आएर उपन्यासमा गति दिएका छन् । उपन्यासमा प्रयोग भएका प्रमुख चरित्रहरू तथा तिनले स्थानसँग सम्बद्ध रहेर गरेका कार्यहरूलाई यसरी देखाइएको छ ।

सुम्निमा यस उपन्यासको प्रमुख नारी पात्र हो । ऊ किरात गाउँमा हुर्केकी केटी हो । उसले उपन्यासमा किरात संस्कृतिको प्रतिनिधित्व गरेकी छे । सर्वाङ्ग नाङ्गी सुम्निमा कोशीको किनारमा रहेको शमीको वृक्षमुनि सोमदत्तको साथी बनेकी छ । उपन्यासमा सोमदत्तसँग तर्क गर्ने, सोमदत्तलाई मनुवादहमा लगेर मनुवा ठीक पारि दिने पुलोमाको मृत्युमा सहयोग गर्ने जस्ता चारित्रिक प्रवृत्तिका आधारमा अनुकूल पात्र देखिन्छे । सोमदत्तको मृत्युपछि छोरीलाई आफ्नो गाउँमा लगेकी सुम्निमाकै केन्द्रीयतामा उपन्यास अघि बढेको हुनाले ऊ मञ्चीय पात्र हो भने उसको नाम उपन्यासबाट हटाउँदा सारा उपन्यास नै लथालिङ्ग हुनाले ऊ बद्ध पात्र पनि हो ।

प्रस्तुत उपन्यासमा प्रतिकूलबाट अनुकूलतर्फ अघि बढेको सोमदत्त ग्रामीण परिवेशमा हुर्केको पुरुष पात्र हो । आफ्नो घरबार छोडी शिक्षा दीक्षाको लागि माता पितासँग चतराको आश्रममा बसेको छ । कोशीमा एकाबिहानै नुवाई धुवाई गरी दिउँसो गाई चराउन जान्छ । शमीको वृक्षमुनि सुम्निमासँग भेट भएपछि उसले आफ्नो तपस्यामा बाधा परेको ठानी हिमालय पर्वतमा गई तपस्या गरेको देखिन्छ । आश्रम फर्केपछि उसले ग्रामबासी विदुषी पुलोमालाई विहे गर्छ र सन्तान प्राप्ति नहुँदा बिजुवाको घरमा पुग्छ । मनुवादहमा मनुवा ठीक भएपछि ऊ आश्रममा फर्केको छ । सोमदत्तको लवाइ खवाइ, रहन सहन, आदि कुराहरूले प्राचीन ऋषि आश्रमको झल्को दिएको छ । सोमदत्त वर्गीय पात्र हो भने उपन्यासबाट झिकिदिँदा सबै संरचना भत्कने भएकाले सोमदत्त बद्ध पात्र हो ।

पुलोमा उपन्यासकी सहायक नारी पात्र हो । ऊ एउटा ब्राह्मण परिवारमा हुर्केकी विदुषी स्त्री पात्र हो । सोमदत्तसँग विवाह भएपछि सन्तान प्राप्तिको असफलताले व्यावहारिक र मनोवैज्ञानिक रूपमा उनीहरूको राम्रो सम्बन्ध हुन सक्दैन । विहे पश्चात आश्रममा वस्नु आश्रम

सफा राख्नु, धार्मिक ग्रन्थको वाचन गर्नु जस्ता कार्यहरू पुलोमाले गरेकी छ । विहान कोशी तटमा नुहाउन जानु, सोमदत्तको पूजाआजाको लागि यज्ञादिको प्रबन्ध गर्नु उसको दिनचर्या रहेको हुन्छ । सुरूमा सोमदत्तसँग मिलेर बस्ने पुलोमा पछि विचार परिर्वतन गरी प्रतिकूल बनेकी छ । कहिले सोमदत्तसँग चरम सम्पर्क गर्ने त कहिले सोमदत्तलाई निराश बनाउने पुलोमा गतिशील चरित्र हो । पुलोमाले गरेका हरेक कार्यहरू मञ्चमा नै घटित छन् त्यसैले ऊ मञ्चीय र बद्ध पात्र हो ।

बिजुवा उपन्यासको पुरुष पात्र हो । सुँगुरका पाठा चढाउने स्थान राजाज्ञाले निषेधित भएपछि भिल्ल र किरातीहरूले युद्धको घोषणा गर्ने भन्छन् तर आफूले अर्को स्थान तोकि दिन्छु भन्दै आफ्नो घरमा भएको सभालाई शान्त पारेको छ । त्यस्तै सोमदत्त आफ्नो घरमा आएपछि उसले सोमदत्तको मनुवा ठीक पार्न मनुवादहमा छोरीलाई पठाएको छ । रातमा सबै बिजुवाको घरमा जम्मा हुनु, बिजुवाले भनेको सबैले मान्नु, बिजुवा गाउँको मुखिया हुनु जस्ता घटनाले ग्रामीण परिवेशलाई झल्काएको छ । बिजुवा प्रवृत्तिको आधारमा अनुकूल पात्र हो, स्वाभावका आधारमा गतिहीन पात्र हो भने उपन्यासमा गरेको कार्यका आधारमा ऊ मञ्चीय पात्र हो । किरात संस्कृतिको पक्षपाती भएकाले ऊ वर्गीय पात्र हो भने आवद्धताको आधारमा बद्ध पात्र हो ।

सोमदत्तको छोरो पुरुष पात्र हो । उपन्यासको अन्तिमतिर मात्र मञ्चमा उपस्थित भएको ऊ मञ्चीय पात्र हो । सानै उमेरदेखि उचित स्याहार संहार नपाएको सोमदत्तको छोरो गाई लिएर कोशी तटमा चराउन जान्छ । सुम्निमाकी छोरीसँग साथी बनेपछि ऊ कोशी आसपासका क्षेत्रहरूमा घुम्दै हिँडेको छ । आमा बाबुको मृत्युपछि किराती गाउँमा पुगेको उसले केही असजिलो महशुस गरेको छ । प्रवृत्तिका आधारमा अनुकूल, स्वाभावका आधारमा गतिहीन तथा जीवन चेतनाका आधारमा व्यक्तिगत पात्रको रूपमा आएको छ ।

सुम्निमाकी छोरी उपन्यासकी स्त्री पात्र हो । सानै उमेरदेखि नै सोमदत्तको छोरोसँग साथी बनेकी ऊ शमीको वृक्ष, कोशी तट जस्ता ठाउँमा डुल्दै हिँडेकी छे । गाउँको केटाकेटीलाई यो मेरो 'यावा' हो भन्दै आफ्नो गाउँ घुमाएकाले ग्रामीण परिवेशको झल्को दिन्छ । ब्राह्मण केटोसँग विवाह गर्न पुगेकी ऊ व्यक्तिगत पात्र हो भने उसको उपस्थितिबाट कथानक सकात्मक रूपमा अघि बढेकाले ऊ अनुकूल पात्र नै देखिन्छे । उपन्यासको अन्तिमका क्रियाकलापमा सहभागी भएकीले ऊ मञ्चीय पात्र हो भने आबद्धताका आधारमा बद्ध पात्र देखिन्छे ।

**सुम्निमा** उपन्यासमा मञ्चीय भूमिकामा रहेर सोमदत्त, सुम्निमा, पुलोमा, बिजुवा, सोमदत्तको छोरो, सुम्निमाकी छोरी, आदिले विभिन्न स्थान अनुसार आफ्नो कार्यभूमिका पूरा गरेका छन् । चतराको आश्रम सोमदत्त र पुलोमाको चरित्र विशेषसँग सम्बन्धीत छ भने किरात गाउँ, बिजुवाको घर जस्ता स्थान बिजुवाको चरित्रसँग सम्बन्धीत छन् । उपन्यासमा आएका अन्य सूच्य पात्रले सूच्यात्मक स्थान विशेषकै प्रयोग गरेको देखिन्छ । यसरी यस उपन्यासमा स्थान अनुसार पात्रको स्वाभाविक रूपमा प्रयोग भएको पाइन्छ ।

### ४.२.३ स्थान र संवादको अन्तर सम्बन्ध

साहित्यिक कृतिमा संवाद वा कथोकपन भन्नाले पात्रहरू बिचको कुराकानीलाई बुझिन्छ। संवादले कथानकको विकास, चरित्र चित्रण र लेखकको आशयलाई स्पस्ट पार्ने भूमिका निर्वाह गर्छ। वर्णित घटना र दृश्यहरूमा सजीवता ल्याउनका साथै रोचकता र स्वाभाविकताको सिर्जना गर्न संवादको महत्वपूर्ण भूमिका हुन्छ (प्रधान, २०६१ : ८)। कथानकलाई अगाडि बढाउन र उपन्यासलाई रोचक बनाउन संवादको महत्वपूर्ण भूमिका रहन्छ। उपन्यासमा संवाद छोटो, सरल र सहज हुनुपर्छ। संवाद जटिल भयो भने कृत्रिम हुन जान्छ।

**सुम्निमा** उपन्यास वर्णनात्मक शैलीमा लेखिएको उपन्यास हो। यसमा धेरैजसो परिस्थिति र घटनाको वर्णन लेखक आफैले गरेका छन्। यति हुँदाहुँदै पनि पनि पात्रलाई संवाद गराउन आवश्यक देखिने हुनाले र पात्रले आफू अनुकूल भाषा प्रयोग गर्नु पर्ने हुनाले सोमदत्त र सुम्निमा, पुलोमा र सोमदत्त, सोमदत्त र बिजुवा, सुम्निमा र बिजुवा आदि पात्रका बिचमा संवादको प्रयोग भएको छ (गैरे, २०६० : ३७)। संवादको प्रयोगले उपन्यासलाई रोचक र विश्वासिलो पारेको छ भने जातीय आधारमा पनि संवादमा विविधता देख्न सकिन्छ। सोमदत्त शिक्षित र आश्रमवासी ब्राह्मण परिवारको भएको हुँदा उसको संवादमा निखारता र उच्च भाषाको प्रयोग देखिन्छ भने सुम्निमा पहाडी भेगको अशिक्षित, किराती भूमिमा हुर्किएकी हुनाले उसको संवादमा निखारता देखिँदैन र त्रुटिपूर्ण देखिन्छ।

उपन्यासमा छोटो संवादलाई यसरी देखाइएको छ।

"हे कनकवदनी बालिके ! तिमी को हौ ?

"म किराती छोरी हुँ - सुम्निमा। तिमी को हौ ?"

"म आर्यवंशी ब्राह्मण सूर्यदत्तको पुत्र सोमदत्त हुँ।" (पृ. ६)।

उपन्यासमा छोटा संवादका साथै लामा लामा संवादको प्रयोग पनि भएको देखिन्छ।

> उसले आवेशमा भनी, तिमीमा कतै नर्कले बास गरेको छ, त्यसैले तिम्रा आँखाबाट त्यही नर्क जहिले पनि च्याइच्याइरहन्छ। तिमी पर्कितिलाई (यथा) बनोटलाई बिगारेर आफूसित डरलाग्दो रित्तो खाडल बनाउँछौं, र त्यही पर्कितिलाई धपाएर निकालिदिएपछि बन्न गएको रित्तो खाल्डोमा तिम्रो पाप जमि रहन्छ.... (पृ. २६)।

उपन्यासमा स्थानसँग सम्बन्धीत संवादलाई यसरी देखाइएको छ :

"उः त्यहाँ छ हाम्रो गाउँ "(पृ. ६)।

"म उः त्यो गाउँको साहिलो बिजुवा हुँ। यहाँ भेला भएका किरातीहरू मेरा बातुङ भाइ हुन्" (पृ. १०)।

"सोमदत्त ! हेर मलाई; त्यो प्रकृतिको सुन्दरताको माझमा उभिएकी हेर...." (पृ. २५)।

"सुम्निमा तेरा कोही तरूना साथी छैनन् गाउँमा ....." (पृ. २७)

"बिजुवाको घर कहाँ हो, किरातबाले ......" (पृ. ४४)

"अब हामीहरू देवीस्थाननिर आइपुग्यौं । उः रुखहरूले छोपेर झ्याम्म परेको ठाउँमा छ मनुवादह" (पृ. ४९) ।

"गोठ र घर त लडेछ हेर" (पृ. ९०) ।

"उः त्यहाँ तिमीहरूका जिबाको आश्रम थियो" (पृ. ९४) ।

प्रस्तुत उपन्यासमा माथिका संवादले स्थानसँग सम्बन्धीत घटनावलीलाई सङ्केत गरेका छन् । उपन्यासमा प्रयोग भएका संवादहरू छोटा र सरल रहेका छन् भने ती संवादहरूमा प्रयुक्त स्थानहरूले स्थानिक परिवेशको सिर्जना गरेको देखिन्छ ।

### ४.२.४ स्थान र भाषाको अन्तर सम्बन्ध

उपन्यास भाषाद्वारा मूर्त रूपमा प्रकट हुने साहित्यिक विद्या हो र यो भाषाकै माध्यमबाट शक्तिशाली बन्दछ । यथार्थलाई वरण गर्ने साहित्यिक विधा भएकाले यसमा गद्य भाषाको प्रयोग गरिन्छ । उपन्यासमा कथ्य र लेख्य दुवै भाषाको प्रयोग गरिन्छ । उपन्यासमा कथ्य र लेख्य दुबै भाषाको प्रयोग आवश्यकता अनुरूप हुने गर्दछ (बराल र एटम्, २०५८ : ३९) । उपन्यासमा सरल भाषाको प्रयोग भएमा सबै पाठकले बुझ्छन् भने आलङ्कारिक प्रतीकात्मक र विम्बात्मक भाषाको प्रयोग भएमा वौद्धिक पाठकले बुझ्ने खालको हुन्छ । यही भाषाको प्रस्तुतिलाई नै शैली भनिन्छ । उपन्यासमा जस्तो किसिमको परिवेश हुन्छ त्यस्तै किसिमको भाषाशैलीको प्रयोग गर्नु पर्छ ।

**सुम्निमा** उपन्यासको भाषाशैली कलात्मक छ । जात र स्थान अनुसार फरक फरक भाषाको प्रयोग उपन्यासमा देखिन्छ । उपन्यासको भाषा गद्य हुँदाहुँदै पनि बिच बिचमा संस्कृतका श्लोकहरूले लयात्मक बन्न पुगेको छ । उपन्यासको शैली वर्णनात्मक तथा विश्लेषणात्मक किसिमको छ । आश्रमबासी तथा ब्राह्मण जाति भएकाले सोमदत्तको परिवारमा संस्कृतनिष्ठ भाषाको प्रयोग बढी देखिन्छ ।

"भवतु, भवतु भिक्षां मे देही ......" (पृ. ३) ।

"भित्रे चार्स्वौ........" (पृ. ५)

"अमोऽहस्मि सा त्वं सा त्वमस्यमोऽहं...." (पृ. ३९) ।

"विजिहियां द्यावा पृथ्वी. . ." (पृ. ३९)

किरातीहरू पहाडी भेगमा बस्ने हुँदा जातिगत, भाषिक, र शिक्षाको ज्योतिभन्दा टाढा भएकाले उनीहरूको भाषिक स्तर निम्न खालको देखिन्छ, जसलाई उपन्यासमा यसरी राखिएको छ ।

तल धाराबाट युवतीले पुकारी, - "बिजुवाबा । को एउटा ब्राह्मण आएको छ" (पृ. ४५) ।

"खोई, भिल्ल युवक कता लाग्यो त्यो......" (पृ. १२) ।

पात्र अनुसार र ठाउँ अनुसारको भाषा प्रयोगले उपन्यासमा स्वाभाविक रूप देखिन्छ । किरातीहरूको भाषा सामान्य रूपको छ भने सोमदत्तको परिवारको भाषा उच्च आदरार्थी रहेको देखिन्छ ।

### ४.२.५ स्थान र उद्देश्यको अन्तर सम्बन्ध

कुनै पनि साहित्यिक कृति कुनै न कुनै प्रयोजनका लागि लेखिएको हुन्छ । प्रयोजन विनाको रचनाले त्यति अर्थ राख्दैन र त्यो पाठकलाई पनि त्यति ग्राह्य हुँदैन । औपन्यासिक कृतिभित्र लेखकले निश्चित प्रयोजनको आयोजना गरेको हुन्छ (प्रधान, २०६१ : ११) । कुनै पनि कार्यको आफ्नै उद्देश्य हुन्छ, त्यसैगरी उपन्यास पनि मानव जीवनसँग सम्बन्धीत हुने हुँदा यसको उद्देश्य भनेको मानव जीवनका विविध परिवेशलाई समेट्नु हो भन्न सकिन्छ ।

**सुम्निमा** उपन्यासमा भौतिक र आध्यात्मिकको प्रतीक शरीरात्माको समन्वयमा नै मानव जीवन सुचारू रूपले सञ्चालन गर्न सकिन्छ भने विशिष्ट वैचारिक धरातललाई स्पर्श गर्दै हरेक जातिका प्रचलित विविध सांस्कृतिक रीतिरिवाज, सभ्यता आदि सबै समान हुन्छन् । प्रत्येकमा केही सवलता दूर्बलता रहने यथार्थताको विशेष अमीष्ट नै सुम्निमाको उद्देश्य हो (ढकाल, २०६७ : २०१) । उपन्यासमा दुई ध्रुवमा बाँडिएका पात्र मार्फत विभिन्न स्थानिक परिवेशको सिर्जना गरेर उपन्यासकारले समन्वयात्मक सन्देश दिन खोज्नु नै यस उपन्यासको उद्देश्य रहेको छ । भिल्लहरू र किरातहरूले राजाज्ञाको विरूद्धमा युद्ध गर्नु पर्छ भन्दा बिजुवाले यसरी समन्वयकारी भूमिका खेलेको छ : “उनीहरूले साँधभित्र गाई काट्न दिँदैनन् भनेर हामी आफै काटिनु खोज्नु वेस होइन । उनीहरूको साँधभन्दा अलिक मास्तिर हाम्रो गाई काट्ने थलो . . .” (पृ. १३) ।

सोमदत्तको आश्रमलाई आधार बनाएर तत्कालीन ऋषिहरूको जीवन र आर्य सभ्यताको परिचय दिनु अर्को उद्देश्य हो भन्न सकिन्छ । त्यस्तै पूर्वी नेपालको चतरा वराह क्षेत्रको प्राकृतिक परिवेशको चित्रण गर्नु अर्को उद्देश्य देख्न सकिन्छ । किरातीहरूको धर्म संस्कृतिलाई देखाउँदै उनीहरूको धार्मिक स्थल मनुवादहको बारेमा जानकारी दिनु पनि अर्को उद्देश्य हो भन्न सकिन्छ । त्यस्तै पौराणिक कालको घटनावली जोडेर वराहक्षेत्रलाई आर्यहरूको सांस्कृतिक स्थलका रूपमा परिचित गराउनु पनि अर्को उद्देश्य देख्न सकिन्छ । यसरी उपन्यासमा हरेक स्थानले कुनै न कुनै उद्देश्य लिएर आएको देखिन्छ ।

## ४.३ समय

परिवेशका विभिन्न पक्षहरू मध्ये समय पनि एक महत्वपूर्ण पक्ष हो । उपन्यासमा समयले अन्य तत्वहरूसँगको सम्बन्धबाट मात्र स्वभाविकता प्राप्त गर्छ । कुनै पनि घटना कुनै निश्चित कालखण्डमा घट्ने हुनाले समयले त्यस घटनाको परिवेशलाई समेटेको हुन्छ भन्न सकिन्छ । कालको तात्पर्य वातावरणको कुनै एउटा सीमा हो, जसको परिवेश अन्तर्गत उपन्यासले आफ्नो संसारको सृष्टि गर्छ (प्रधान, २०६१ : १०) । **सुम्निमा** उपन्यासमा प्रस्तुत भएको समयवस्था र त्यससँग उपन्यासका अन्य तत्वहरूको सम्बन्धलाई निम्नानुसार देखाउन सकिन्छ ।

### ४.३.१ समय र कथानकको अन्तर सम्बन्ध

**सुम्निमा** उपन्यास वि.सं. २०२७ सालमा प्रकाशनमा आएको देखिन्छ । २०२७ सालमा प्रकाशनमा आए पनि यसले वहन गरेको समयावधिलाई हेर्दा ज्यादै पुरानो देखिन्छ । उपन्यासको कालिक परिवेश तोकेर भन्न मिल्ने अवस्था देखिंदैन । **सुम्निमा** उपन्यासको विषयवस्तु इतिहास र पुराण सम्मत् कुरालाई पृष्ठभूमि बनाउँदै संरचित उपन्यास हो भन्न सकिन्छ । पुराण प्रसिद्ध विश्वामित्रको आश्रम कुनै बेला भएको र सो पृथ्वीकै गर्भमा लोप भएको कुरालाई उपन्यासकारले यसरी व्यक्त गरेका छन् : "जुन कालको यात्रा वृत्तान्त हो, त्यसवेला विश्वामित्र एउटा पौराणिक ऋषिका रूपमा मात्र स्मरणिय थिए । विश्वामित्रको शेषपछि. . ." (पृ. २)

सुम्निमाको विषयवस्तु पौराणिक भएको तथ्य यसरी प्रस्तुत गरिएको छ जुन नजानिदो गोर पुराणजस्तो ध्वनित हुन पुग्छ । उपन्यासका घटनावलीमा जति पनि प्रस्तुतिहरू छन् ती सबै प्रतीकात्मक र सङ्केतजनित भएको यथार्थता अभिव्यक्ति भएको पाइन्छ : "धेरै धेरै वर्षको कुरा हो, अतितको धमिलो गर्भबाट आएको कि वर्तमानमा हाम्रो कानमा पुराणजस्तो ध्वनित हुन्छ. . ." (पृ. १) । यही पुराण सम्मत कथानक र समयको अन्तर सम्बन्ध यसरी हेर्न सकिन्छ ।

**सुम्निमा** उपन्यासको कथानकलाई हेर्दा सोमदत्तको शिक्षा दीक्षाको लागि घरमा भन्दा आरण्य बासको आश्रम नै उचित देखिएको छ । आश्रममा आएपछि सोमदत्त विहानै बाबुसँग नुहाइ धुवाइँ गर्नु, पाठपूजा गर्नु, धर्म ग्रन्थका पुस्तक पढ्नु, जस्ता घटनावलीले तत्कालीन ऋषिमुनिको आश्रमवासी समयलाई झल्काएको छ । सोमदत्तले विहानै उठी गरेका कार्यहरूले तत्कालीन समयका ब्राह्मणहरूको जीवन पद्धतिको बारेमा जानकारी दिएको छ । दिउसो सोमदत्त गाई लिएर कोशी तटमा गएको छ र त्यहाँ सुम्निमासँग भेट भएको छ । सुम्निमा र सोमदत्त नजिकका साथी भएपछि उनीहरू आआफ्नो पक्षमा तर्क गर्न थाल्छन् । सोमदत्त रिसाएर घर जाँदा सुम्निमालाई रातभर निद्रा लागेको छैन र समयक्रमसँगै उनीहरू पनि युवा अवस्थामा प्रवेश गरेका छन् । सुम्निमाको नाङ्गो शरीर देखेर सोमदत्त आफ्नो तपस्यामा वाधा पर्ने ठानी एक दिन आश्रमै छोडेर अर्को स्थानमा तपस्या गर्न गएको देखिन्छ । यसरी उपन्यासमा सोमदत्त र सुम्निमाले विहान, दिउसो, राति जस्ता समयका सीमाभित्र रहेर कथानकलाई गति दिएको देखिन्छ ।

सोमदत्तले छोडेर गएपछि सुम्निमाले लामो समयसम्म सोमदत्तलाई पर्खेर बसेकी छ । उता सोमदत्त भने जाडो याममा हिमालय पर्वतमा, गर्मी याममा मरूभूमिमा पञ्चाग्नि बालेर तपस्या गरेको देखिन्छ । यहाँ जाडो याम, गर्मी याम जस्ता समयका पक्षले कथानकलाई अघि बढाएको देखिन्छ । लामो समयको अन्तरालपछि सोमदत्त तपस्यामा सफल हुन्छ र घर फर्कन्छ । एक दिन सोमदत्तलाई ब्राह्मण दम्पतिले छोरी दिन आउछन् र पुलोमा नामक ब्राह्मणीसँग सोमदत्तको विहे हुन्छ । लामो समयसम्म पनि उनीहरूको सन्तान नहुनाले उनीहरूको सम्बन्धमा वैमनस्यता उत्पन्न हुन्छ । सोमदत्त निराश भएर बिजुवाको शरणमा पर्छ, सुम्निमाले सोमदत्तको मनुवा ठीक पारि दिएपछि सोमदत्त उत्तेजित हुँदै आश्रम जान्छ । उता पुलोमा पनि तन्द्रा अवस्थामा भिल्ल युवकलाई संझेर बसिरहेका बेला सोमदत्त र पुलोमाले रातभर चरम सम्पर्क

गर्छन् । केही समयपछि उनीहरूको छोरो जन्मन्छ । सोमदत्त, पुलोमा, सुम्निमाको मृत्यु हुन पुग्छ भने सोमदत्तको छोरो र सुम्निमाकी छोरीले बिहे गर्छन् र धेरै सन्तान पनि जन्माउँछन् ।

प्रस्तुत उपन्यासको कथानकले विभिन्न समयावधिलाई आधार बनाएर पूर्ण भएको देखिन्छ । समय स्पष्ट नहुँदा पौराणिक र किरात कालीन कुन समयको घटना हो भन्ने अन्यौल भएकाले कथानक र समयको सम्बन्धलाई देखाउँदा पनि पौराणिक र किरात काल भनेर विश्लेषण गरिएको छ ।

### ४.३.२ समय र चरित्रको अर्न्तसम्बन्ध

"मानव जीवनको व्यापक भाष्य उतार्ने तत्व नै चरित्र हो । सामाजिक संरचनाको चित्र पनि चरित्रले उतार्ने गर्दछ" (सुवेदी, २०६४ : २३) । परिवेश अनुसारको पात्रको रहन सहन, चाल चलन आदि हुनु पर्छ । समय अनुसारको पात्रहरू वा चरित्रहरू देखिएनन् भने उपन्यासमा सत्यता देखिँदैन । त्यसैले जुन समयको कथानक छ सोही अनुसारको पात्रको प्रयोग भयो भने मात्र कृतिमा स्वाभाविकता छाउँछ । त्यसैले उपन्यासमा घटना जुन समयको हो त्यसको वास्तविक चीत्र देखाउने पात्रको प्रयोग हुनु पर्छ । उपन्यासमा प्रयुक्त पात्रहरूले विभिन्न समयमा गरेका कार्यहरूको वर्णन यसरी गरिएको छ ।

**सुम्निमा** उपन्यासकी प्रमुख नारी पात्र हो । सुम्निमाकै केन्द्रीयतामा यो उपन्यास प्रस्तुत भएकाले ऊ उपन्यासकी मञ्चीय र बद्ध पात्र हो । सोमदत्तसँग सानै उमेरदेखि साथी बनेकी सुम्निमालाई सोमदत्तले छोडे पनि लामो समयसम्म पर्खेर बसेकी छ । सोमदत्तले जति नै घृणा गरे पनि सोमदत्तलाई पछिसम्म सहयोग गरि रहने र नाश हुने शरीरलाई भोग गर्नु पर्छ भन्ने मान्यता राख्ने सुम्निमा उपन्यासकी अनुकूल पात्र हो । सुम्निमाले पूर्वार्द्धको सोंच र विचारलाई कथानको उत्तरार्धमा परिर्वतन गरेकी छे, त्यसैले उसलाई गतिशील पात्र मान्न सकिन्छ । उसले अङ्गालेका चाल चलनमा त्यस समयको किरातीहरूको संस्कार देखिन्छ, त्यसैले ऊ वर्गीय पात्र हो । दिनभरि सोमदत्तसँग कोशी तटमा घुमफिर गर्ने सुम्निमाले राति किरातीहरूको सभामा पाहुनाको सेवा गरेकी छ ।

सोमदत्त उपन्यासको अर्को पुरुष पात्र हो । सानै उमेरदेखि कठोर नियम र दृढ आदेशमा शिक्षा प्राप्त गरेको ऊ मेधावी देखिन्छ । उपन्यासमा बिहानै उठेर ब्राह्मण मुहूर्तमा कोशीतटमा नुहाउन जानु, यज्ञवेदी सञ्चालन गरी पाठपूजा गर्नु, दिउसो गाई लिएर कोशी तटमा चराउन जानु, गर्मी भयो भने शमीको वृक्षमुनि सुत्नु जस्ता घटनावलीमा सोमदत्तको दिनचर्या बितेको देखिन्छ । सुरूमा आत्मा अमर छ यसलाई जोगाउनु पर्छ भन्ने सोमदत्तले पछि गएर पुलोमासँगको सुखभोगमा समावेश हुनुले गतिशील चरित्रको उद्घाटन गर्छ । गर्मीमा पञ्चाग्नि बालेर र जाडोमा हिमालयमा बसेर तपस्या गर्ने सोमदत्तपछि गएर बिजुवाको शरणमा पर्नुले उसको स्वाभाव प्रतिकूलबाट अनुकूलतर्फ आएको देखिन्छ । उपन्यासको केन्द्रीय पात्र भएकाले सोमदत्त बद्ध पात्र हो भने आसन्नताको आधारमा ऊ मञ्चीय पात्र देखिन्छ ।

पुलोमा उपन्यासकी सहायक नारी पात्र हो । उपन्यासको अन्त्यतिर सोमदत्तकी श्रीमतीको रूपमा देखिएकी पुलोमा प्रतिकूल पात्र हो । सोमदत्तलाई निराश बनाउने पुलोमाले सोमदत्तसँग चरम सम्पर्क गरेकोले उसलाई गतिशील पात्र भन्न सकिन्छ । पुलोमा बद्ध र मञ्चीय पात्र हो । सोमदत्तसँग विहे गरेपछि बिहानै उठेर नुहाउन कोशी तटमा पुग्नु, दिउसो विभिन्न धर्म ग्रन्थका पुस्तकको वाचन गर्नु, सन्ध्या बत्ती बाल्नु जस्ता कालिक परिवेशमा सुम्निमाले आफ्नो कार्य पूरा गरेकी छ ।

बिजुवा उपन्यासको सहायक पुरुष पात्र हो । ऊ किरात संस्कृतिको पक्षपाती देखिन्छ, त्यसैले वर्गीय पात्र पनि हो । राति आफ्नो घरमा भएको सभामा युद्ध गर्नु पर्छ भन्ने भिल्ललाई संझाएको छ । स्वाभावका आधारमा गतिहीन जस्तो देखिए तापनि ऊ गाउँकै प्रमुख व्यक्ति हो । ऊ मञ्चीय र बद्ध पात्रको रूपमा उपस्थित छ ।

सोमदत्तको छोरो उपन्यासको पुरुष पात्र हो । सानै उमेरदेखि उचित स्याहार संहार नपाएको उसले सुम्निमाकी छोरीलाई साथी बनाउँछ । ऊ दिनहूँ कोशी तटमा गाई लिएर चराउन जान्छ । साँझपख सधैं कोशीकै किनारमा खेलेर दिन बिताउने जवान भएपछि सुम्निमाकी छोरीसँग प्रेम गर्छ र अन्त्यमा विवाह पनि गर्छ । प्रवृत्तिका आधारमा अनुकूल देखिने ऊ व्यक्तिगत पात्र हो भने आसन्नताको आधारमा मञ्चीय पात्र हो ।

सुम्निमाकी छोरी उपन्यासकी स्त्री पात्र हो । उपन्यासमा उसको कार्यले सकारात्मक रूप लिएकाले उसलाई अनुकूल पात्र मान्नु पर्दछ । उपन्यासको अन्त्यसम्म पनि सहभागी भएकाले ऊ मञ्चीय पात्र हो । सोमदत्तको छोरोसँग घुमेर दिन बिताउने उसले सोमदत्तको छोरालाई गाउँमा यावा भनेर चिनाएकी छ । ऊ आवद्धताको आधारमा बद्ध चरित्र हो ।

प्रस्तुत उपन्यासमा सुम्निमा, सोमदत्त, पुलोमा, बिजुवा, सोमदत्तको छोरो, सुम्निमाकी छोरी जस्ता पात्रले विभिन्न समयमा रहेर आफ्नो चरित्र निर्वाह गरेका छन् र विभिन्न कालिक परिवेशको सिर्जना गरेका छन् ।

### ४.३.३ समय र संवादको अन्तर सम्बन्ध

**सुम्निमा**मा संवादको प्रयोग रोचक र कौतुहलपूर्ण छन् । संवादको प्रयोग आवश्यक र सार्थक रूपमा गरिएको छ भने संवादकै माध्यमबाट उपन्यासका घटनाहरू विश्वसनिय रूपमा अघि बढेको देखिन्छ । संवादको प्रस्तुति र विचारले उपन्यास उच्चकोटीको बन्न पुगेको देखिन्छ । उपन्यासमा सोमदत्त र सुम्निमाको, सोमदत्त र पुलोमाको, सोमदत्त र बिजुवाको, सोमदत्त र सुम्निमाका छोरा छोरीको संवाद उल्लेख्य रूपमा आएको छ । संवादकै माध्यमबाट उपन्यासको वैचारिक पक्षलाई अभिव्यक्ति दिने काम पनि भएको छ ।

उपन्यासमा आफ्नो परिवारसँग चतरा आश्रम बस्न आएको सोमदत्त त्यहाँ सबैभन्दा पहिले सुम्निमासँग कुराकानी गरेको छ । सुम्निमा र सोमदत्त राम्रो साथी बनेपछि उनीहरूको बिचमा आआफ्नो धर्म र संस्कृतिको बिचमा तर्क चल्छ । राजपुत्र सिकार खेल्न आउदा सूर्यदत्तसँग गरेका संवाद, राजपुत्र, भिल्ल र बिजुवा बिचको संवाद पनि देख्न सकिन्छ । बिजुवाको घरमा रातभर

छलफल चल्नुले त्यतिबेलाको किराती समाजको झल्को दिन्छ । राजपुत्रले दिएको आदेशात्मक संवादले तत्कालीन समयमा पनि राजतन्त्रको प्रभाव देख्न सकिन्छ । सोमदत्त र सुम्निमाका संवाद छोटो र सरल छन् । सोमदत्त ऋषि आश्रमको र ब्राह्मण कूलको भएकाले उसको संवाद उच्च किसिमको देखिन्छ भने सुम्निमा अशिक्षित नारी भएकाले उसको संवाद साधारण देखिन्छ । सोमदत्त र सुम्निमाको परिचयात्मक संवादमै तत्कालीन समयमा रहेको जातीय विविधतालाई देख्न सकिन्छ, जसलाई उपन्यासमा यसरी देखाइएको छ ।

"हे कनकवदनी बालिके तिमी को हौ ?"

"म किराती छोरी हुँ - सुम्निमा ! तिमी को हौ नि ए दुब्ला केटा ?"

"म आर्यवंशी ब्राह्मण सूर्यदत्तको पुत्र सोमदत्त हुँ . . ." (पृ. ६) ।

समयक्रमसँगै सोमदत्त र सुम्निमा युवा अवस्थामा पुग्छन् । सुम्निमामा जवानीका लहरहरू देखिन थाल्छन् । जसलाई उपन्यासमा यसरी व्यक्त गरिएको छ :

"मध्याह्नको गर्मीमा रन्किन्छ रे आङ । सुद्धि पनि हराउँछ रे कहिलेकाहीँ त्यस्तै भएको थियो क्यारे हिजो मलाई चौध पन्ध्र वर्षको पनि त भएँ नि म" (पृ. १७) ।

"मलाई तिमीले पन्छाइदिएपछि धेरै वर्षसम्म दुःख मानेर मैले जीवन बिताएँ ।

लाग्दथ्यो केहीमा पनि स्वाद छैन खल्लो, खल्लो ।" (पृ. ६०) ।

सोमदत्त र पुलोमाको विहे भएपछि केही वर्षसम्म उनीहरू ज्यादै मिलेर बस्छन् । सोमदत्त र पुलोमाले आश्रममा गरेको संवाद बडो भद्र र उच्च देखिन्छ । सोमदत्त सन्तान नहुनाले बिजुवाको शरणमा पुगी आफ्ना व्यथा पोखेको छ । सुम्निमाले मनुवादहमा सोमदत्तको मनुवा ठीक पारि दिएपछिको उनीहरूको उत्तेजनात्मक संवादलाई यसरी देखाउन सकिन्छ ।

"मैले आफ्नो मुटुको तातो सासले तिम्रो मनुवालाई फुकि दिएकी छु.  
. . सोमदत्त !  
सोमदत्त !! सोमदत्त !!!  
"सुम्निमा !! सुम्निमा !!"  
"सोमदत्त म तिमीलाई आश्रममा पर्खिरहेकी छु; सपनाजस्तो  
तिमीबाट अङ्गालिन. . . (पृ. ५७)

प्रस्तुत उपन्यासमा विभिन्न समयलाई प्रतिविम्बित गराउने संवादहरू स्वाभाविक रूपमा प्रकट भएका छन् । यिनै समय अनुसारका संवादले नै उपन्यासमा परिवेशको सिर्जना भएको देखिन्छ ।

### ४.३.४ समय र भाषाको अन्तर सम्बन्ध

यस उपन्यासमा वर्णनात्मक र विश्लेषणात्मक भाषाशैलीको प्रयोग बढी भएको देखिन्छ । थोरै शब्दमा धेरै भन्न सक्ने कोइरालाको परिष्कृत कलाले उपन्यासको भाषाशैली छोटो, छरितो र रोचक बन्न पुगेको देखिन्छ । उपन्यासका केन्द्रीय पात्रहरू सोमदत्त र सुम्निमाले प्रयोग गरेको

भाषा क्रमशः बढी संस्कृतमय र बोलीचालीको छ भने उपन्यासको अन्त्यतिर स्वाभाविक भाषा नै बढी प्रयोग भएको देखिन्छ (ढकाल, २०६७ : १९४) । उपन्यासमा सोमदत्तको बौद्धिकता अनुसार भाषाको उच्च प्रयोग देखिन्छ भने सुम्निमाको भाषामा दार्शनिकताको प्रयोग अलि अमिल्दो देखिन्छ । उपन्यासमा संस्कृतका श्लोकले भाषामा अलि जटिलता थपेको छ ।

**सुम्निमा** उपन्यास पौराणिक शैलीको कथा हुनुको साथै किरात जातिको दन्त्यकथासँगै मिल्ने भएकाले उपन्यासमा विभिन्न भाषाको प्रयोग देखिन्छ । आर्य जातिको प्रतिनिधि पात्र सोमदत्त शिक्षित र ब्राह्मण कुलको भएकाले उसले उच्च स्तरको भाषा प्रयोग गरेको छ । सोमदत्तले उपन्यासमा "यो देवभाषा हो" (पृ. ७ ) भनेबाट पनि त्यतिबेलाको ब्राह्मणहरूको भाषालाई देवभाषा भन्ने गरेको देखिन्छ । त्यस्तै सुम्निमा किरात जातकी पात्र भएकीले र अशिक्षित पात्र देखिएकीले त्यतिबेलासम्म किरात जातिमा शिक्षाको पहुँच पुगेको देखिँदैन ।

उपन्यासमा राजपुत्र आउनु, ब्राह्मण दम्पतिको दर्शन गर्दै ब्राह्मणको सुरक्षा गर्नु आफ्नो धर्म भएको कुरा गर्नुले त्यतिबेला ब्राह्मण जाति उच्च रहेको र उनीहरूले प्रयोग गर्ने भाषा पनि उच्च रहेको देखिन्छ । उपन्यासमा घटना घटेको समयमा पात्रले प्रयोग गर्ने गरेका भाषिक शब्दहरूलाई यसरी देखाइएको छ :

**संस्कृत भाषाका शब्दहरू :** महर्षि , बालिके, 'भवतु, भवतु भिक्षा मे देही', "भित्र चार्स्वौ" "शुमस्य शीध्रम्", पञ्चामृत, चरू, पिता, कण्ठ आदि ।

**किराती जातिका शब्दहरू :** मनुवा, गुभा, बिजुवा, यावा, पोस्तक, पर्किति, आमा आदि ।

उपन्यासमा समय अनुकूल पात्रको प्रयोगले भाषालाई स्वाभाविकता दिएको छ । सोमदत्तले बोल्ने भाषा सबैभन्दा उच्च किसिमको देखिन्छ ।

### ४.३.५ समय र उद्देश्यको अन्तर सम्बन्ध

**सुम्निमा** उपन्यास आधुनिक कालमा प्रकाशनमा आए पनि यसले पौराणिक र किरात कालीन समाजलाई चित्रण गरेको छ । सूर्यदत्तको आरण्य आश्रमलाई आधार भूमि बनाएर पौराणिक कालका ऋषिमुनिहरूको तथा ब्राह्मणहरूको जीवनचर्याको चित्रण गर्नु यस उपन्यासको उद्देश्य देख्न सकिन्छ । उपन्यासमा सोमदत्त र सुम्निमाको भेट गराई उनीहरूको बहसद्वारा तत्कालीन समयमा समाजमा रहेको जातीय द्वन्द्वलाई देखाउनु अर्को उद्देश्य हो भन्न सकिन्छ । मानिसको महत्वपूर्ण आवश्यकता मध्ये यौन जस्तो विषयलाई धार्मिक तथा सांस्कृतिक अन्ध परम्पराले दमन गर्न खोजे तापनि त्यो सम्भव नहुने कुरा सोमदत्तको चरित्र मार्फत देखाइएको छ । उपन्यासमा राजपुत्र तथा बिजुवाको उपस्थिति गराई तत्कालीन समयमा रहेको राजनीतिक अवस्था र सामाजिक अवस्थालाई देखाउनु पनि यस उपन्यासको उद्देश्य हो भन्न सकिन्छ ।

उपन्यासमा भिल्लले राजाज्ञा उल्लङ्घनको लागि युद्धको घोषणा गर्ने भन्दा बिजुवाले युद्ध गर्नु हुँदैन भन्दै समन्वयवादी धारणा यसरी व्यक्त गरेको छ : "युद्धमा हामी धेरै पटक परास्त

भइसकेका छौँ । त्यसो हुँदा हाम्रो जाति मासिँदै, पातलिदै गएको छ । भर्खरै फेरि पलाएका बिरूवाजस्ता . . .” (पृ. १२) ।

सोमदत्त र पुलोमाको जीवनमा देह र आत्माको समन्वय नभएर सन्तान प्राप्त हुन नसकेका कारण उनीहरूको जीवन दुःखद् बनेको छ । बिजुवाको सल्लाहमा सुम्निमाले सोमदत्तको मनुवा ठीक पारेपछि सोमदत्त र पुलोमाले रातभरको चरम सम्पर्कपछि सन्तुष्टि प्राप्त गरेका छन् । सुम्निमा विहे गरेर घरजम भैसक्दा पनि कता कता सन्तुष्ट नभएको कुरा यसरी व्यक्त गरेकी छ : “ऊ सँगै रात बिताउँदा तिमीसँगै छु जस्तो लाग्छ.....” मेरो दुलाहा भन्छ, - सुम्निमा मैले तिमीलाई पाइनँ” (पृ. ५६) । माथि प्रस्तुत विचारहरू हेर्दा यौन र मानव प्रेमलाई जीवनवादी रूपमा नियाल्ने प्रयास गरेको देखिन्छ । उपन्यासकारले भौतिकवादको रूपमा फ्रायडवादी दर्शनलाई स्वीकार गरी शरीरको महत्वलाई एकातिर प्रस्टयाएका छन् भने अर्कातिर अध्यात्मवादी दर्शनलाई अँगाल्दै आत्माको महत्वलाई पनि प्रतिष्ठापित गर्न चुकेका छैनन् । मानव जीवनमा दुवैको महत्व समान भएको मानवतावादी जीवन दर्शन यस उपन्यासमा व्यक्त भएको छ (ढकाल, २०६७ : ११९) । तत्कालीन समयको परिवेशलाई आधार बनाएर वर्तमान समयमा पनि समन्वय नै मुख्य कुरा हो भन्ने सन्देश दिनु नै उपन्यासको उद्देश्य हो भन्न सकिन्छ ।

## ४.४ वातावरण

परिवेशको एक पक्षको रूपमा देखा पर्ने वातावरणलाई अर्को शब्दमा सेरोफेरो पनि भनिन्छ । पात्रको मनोभावलाई प्रकट गर्नका लागि प्रस्तुत गरिएको अवस्थालाई वातावरण भनिन्छ । “उपन्यासको सशक्तता र लोकप्रियताको धरातल नै मानव समाज हो, यही समाजको मानसिक र भौतिक धरातल नै वातावरण हो” (ढकाल, २०६७ : ९) । वातावरणले उपन्यासमा कथानकलाई गति दिन सहयोग गर्छ भने चरित्रका कार्यव्यापारले पनि वातावरणको सिर्जना गर्छ । **सुम्निमा** उपन्यासमा पनि पात्रको मनोभावलाई व्यक्त गर्न विभिन्न प्रकारको वातावरणको सिर्जना गरेको देखिन्छ । उपन्यासका अन्य तत्वसँग वातावरणको सम्बन्धलाई तल यसरी प्रस्तुत गरिएको छ ।

### ४.४.१ वातावरण र कथानकको अन्तर सम्बन्ध

**सुम्निमा** उपन्यासको कथानक विभिन्न वातावरणमा घटेको छ । उपकथा शीर्षकमा चतरा भूमिको प्राकृतिक वातावरणको चित्रण गरिएको छ जहाँ पौराणिक ऋषि विश्वामित्रको आश्रम रहेको देखिन्छ । आश्रमको वातावरण शून्य, शान्त र मौन रहेको देखिन्छ । दोस्रो खण्डको कथानकमा सूर्यदत्तको आश्रमको वातावरण देखिन्छ । एकाविहानै चरा चुरूङ्गी समेत सुतेको वेला कोशीमा नुहाइँ धुवाइँ गरी आश्रममा यज्ञवेदी सञ्चालन गर्दथे । पिता पुत्रको वेदका उच्चारणले वायुमण्डल नै तरङ्गित हुन्थ्यो । घिउ, चामल, तिल, जौ, चरूको सुगन्धले वातावरण नै मादक बन्दथ्यो । उपन्यासमा सूर्यदत्तको आश्रमको प्राकृतिक वातावरणलाई यसरी देखाइएको छ :

> एकाबिहानै ब्रामहृणमुर्हूतमा चराचरजगत् निन्द्रामग्न नै भएको बेला
> बालक सोमदत्त पितासँगै शैय्या त्याग गर्थ्यो र एउटा जलपात्र

> शुचिवस्त्र तथा कुशासन लिँदै कोशीतटमा पुग्थ्यो । कोशी तट असांसारिक स्तब्धताले व्याप्त रहन्थ्यो । बनजङ्लको हरितिमा रात्रिको अन्धकारसँगै अझै असम्पृक्त भैसकेको हुँदैनथ्यो । . . . विश्राम गर्न नजानेकी कोशी नदी गजर्न गर्दै एकनासले प्रवाहित भइरहन्थिन् (पृ. ५) ।

सोमदत्त गाई लिएर कोशी तटमा पुगेको देखिन्छ । कोशीको छेवैमा शमीको वृक्ष पनि रहेको छ भने वरपरको हरिया फाँटले प्राकृतिक वातावरणको सिर्जना गरेको देखिन्छ । त्यही स्थलमा सोमदत्त र सुम्निमाको भेट हुन्छ र उनीहरू नजिकका साथी बनेका छन् । सोमदत्त र सुम्निमाले आ आफ्नो संस्कृतिको वकालत गरेकाले उपन्यासमा सांस्कृतिक वातावरणको सिर्जना भएको देखिन्छ ।

सोमदत्त र सुम्निमा युवा युवती भएपछि उनीहरूको बिचमा वेग्लै किसिमको वातावरणको सिर्जना हुन पुग्छ । सुम्निमाको नाङ्गो शरीर देखेर सोमदत्तको मनभित्र पनि उत्तेजित वातावरणको सिर्जना भएको छ भने सुम्निमाले पनि सोमदत्तलाई पाउनका लागि लालायित देखिन्छे । यस्तो किसिमको उत्तेजित वातावरणले आफ्नो तपस्यामा बाधा पर्ने देखेर सोमदत्त आश्रम नै छोडेर हिंडेको छ । तेस्रो खण्डको कथानकले कुनै किसिमको कथावस्तुलाई ग्रहण गरेको देखिंदैन केवल दोस्रो र चौथो खण्डलाई जोड्ने सेतुको काम मात्र गरेको देखिन्छ ।

चौथो खण्डको कथानकमा सोमदत्त कठोर तपस्यामा बसेको देखिन्छ । सुम्निमालाई बिर्सनका लागि उसले शरीरको मासु काटेर आगोमा होमेको छ भने जाडोमा हिमालयमा बसेर तथा गर्मीमा पञ्चाग्नि तापेर तपस्या गरेको कारूणिक वातावरणको सिर्जना भएको छ । तपस्या सफल भएपछि फर्केको सोमदत्त पुलोमा नामक युवतीसँग विहे गर्न पुग्छ । सन्तान प्राप्ति नभएपछि सोमदत्त र पुलोमाको मनको निराश वातावरणलाई उपन्यासमा यसरी देखाइएको छः "...यदि पितामाताको आज्ञा र धर्मशास्त्रको आदेशको बाध्यता नभएको भए म उहिल्यै सन्यासी भैसक्ने थिएँ" पुलोमा भन्थी- "म पनि धर्मोपदेशको बाध्यताले यो वैवाहिक जीवनमा अडिरहेकी छु नत्र उहिल्यै तापसी भएर वनभित्र पसिसक्थेँ" (पृ. ४२) ।

सोमदत्त निराश भएर बिजुवाको शरणमा पुगेको छ । बिजुवाले सोमदत्तको मनुवा रिसाएको भन्दै मनुवा खुसी पार्न सुम्निमालाई जिम्मा दिएको छ । सोमदत्त र सुम्निमा मनुवादहमा पुगेपछि त्यहाँको प्राकृतिक वातावरण देखेर सोमदत्त मन्त्रमुग्ध बनेको छ । एउटा बनभित्र अर्को वन, त्यसमा पनि विभिन्न वृक्षले घेरेको मनुवादह देख्दा उसले आफ्नो आमाको कोखभित्र रहेको महसुस गरेको छ । उपन्यासमा सोमदत्तले मनुवादहको वातावरणलाई यसरी व्यक्त गरेको छ : "कस्तो मादक भूखण्ड रहेछ यो, बनस्पतिले परिवेष्टित उपवन त्यसै लट्ठ पार्ने . . ." (पृ. ५२) ।

सोमदत्तको मनुवा ठीक पारी सुम्निमाले मुखमा चुम्बन गरि दिएकी छ । सोमदत्त ज्यादै उत्तेजित बनेर पुलोमासँग सम्पर्क गर्न पुगेको छ र दुबैले आनन्दको महशुस गरेका छन् । सोमदत्त र सुम्निमाका छोराछोरीको फेरि उही शमीको वृक्षमुनि भेट हुन्छ र उनीहरूले एक आपसमा प्रेम

गर्छन् । उपसंहार शीर्षकको खण्डमा पुलोमाको मृत्यु भएपछि सोमदत्तको अवस्था पनि कमजोर बनेको छ । केही समयपछि सोमदत्तको पनि मृत्यु हुन पुग्छ । सोमदत्त र सुम्निमाको छोराछोरीले विहे गर्छन् र धेरै सन्तान जन्माउँछन् ।

उपन्यासमा घटेका यी सम्पूर्ण घटनावलीले कथानकमा विभिन्न प्रकारको वातावरणको सिर्जना हुन पुगेको छ । कथानक अनुसार पात्रको प्रयोगले पनि फरक फरक किसिमको वातावरणको सिर्जना भएको छ ।

### ४.४.२ वातावरण र चरित्रको अन्तसम्बन्ध

**सुम्निमा** उपन्यासमा घटित घटनालाई विभिन्न चरित्रका माध्यमबाट स्वाभाविक र गतिशील बनाउने कार्य भएको छ । उपन्यासमा प्रस्तुत गरिएका पात्रहरू विभिन्न संस्कृतिका छन् जसका माध्यमबाट उपन्यासमा विभिन्न किसिमको वातावरणको सिर्जना भएको पाइन्छ । सुम्निमा, पुलोमा, बिजुवा, सोमदत्तको छोरा, सोमदत्तकी छोरी आदि उपन्यासलाई गति दिने चरित्रहरू हुन् ।

सुम्निमा उपन्यासकी प्रमुख नारी पात्र हो । उपन्यासमा सोमदत्तसँग परिचय हुँदादेखि नै आफ्नो संस्कृतिको पक्षमा तर्क गर्ने उसले भौतिकताको पक्षमा वकालत गरेकी छ । आफूले हरेक दुःखमा साथ दिएको सोमदत्तले लत्याएपछि सुम्निमा निराश बनेकी छ । सोमदत्तले छोडेपछि उसले लामो समयसम्म पर्खेर बसेकी छ जसबाट सुम्निमाको मनमा उदास वातावरणको सिर्जना भएको छ । युवावस्थाको उमेरमा सुम्निमामा चढ्दै गएको जवानीको भावलाई व्यक्त गर्नको लागि कोशीको वातावरणलाई पनि चित्रण गरेको देखिन्छ । विहेपछि आफ्नो श्रीमान्ले आफूलाई कहिल्यै नपाएको भनेपछि सुम्निमा ज्यादै दुःखित देखिन्छे जसबाट सुम्निमाको निराश मनको वातावरण देखिन्छ । सुम्निमा कथानकलाई सकारात्मक तर्फ डोऱ्याउने अनुकूल पात्र हो भने आवद्धताका आधारमा बद्ध पात्र हो । किरात संस्कृतिकै प्रतिनिधित्व गरेकी ऊ वर्गीय पात्र हो भने उसकै केन्द्रीयतामा उपन्यासले गति लिएकोले मञ्चीय पात्र हो । सुम्निमाले गरेका हरेक कार्यहरूले उपन्यासमा विभिन्न वातावरणको सिर्जना भएको देख्न सकिन्छ ।

सोमदत्त उपन्यासको प्रमुख पुरुष पात्र हो । उपन्यासको सुरूवात मै देखापर्ने ऊ अन्त्यसम्म पनि देखिने मञ्चीय र बद्ध पात्र हो । आश्रमबासी सोमदत्तले आर्य संस्कृतिको प्रतिनिधित्व गरेको छ । सुम्निमासँग भेटघाट भएपछि आफ्नो संस्कृतिको वकालत गरेको छ जसले उपन्यासमा सांस्कृतिक वातावरणको सिर्जना भएको देखिन्छ । सुम्निमालाई बिर्सन अनेक कठोर तपस्या गरेको सोमदत्त अन्त्यमा पुलोमासँग विहेको सम्बन्धमा जोडिन पुग्छ । अनेक उपाय गरे तापनि सन्तान प्राप्ति नभएपछि ऊ बिजुवाको शरणमा परेको छ जहाँ सोमदत्तको निराश मनको वातावरण चित्रित छ । सुम्निमाले उसको मनुवा ठीक पारेर मुखमा चुम्बन गरेपछि सोमदत्तका साथै प्राकृतिक वातावरण नै उत्तेजित हुन पुगेको छ, जसलाई उपन्यासमा यसरी देखाइएको छ : “मानौ सारा बनप्रान्त नै उ जस्तै उन्मत्त भैरव भएर सहस्र कण्ठले चीत्कार गर्दैछ; सुम्निमा !

सुम्निमा !!" (पृ. ५७) । यसरी सोमदत्तले गरेका कार्यहरूमा हरेक किसिमको वातावरणको सिर्जना भएको देखिन्छ ।

पुलोमा उपन्यासकी सहायक नारी पात्र हो । सोमदत्तको जीवनमा प्रत्यक्ष प्रभाव पारेकी र मूल कथानकमा सहभागी हुनाले उसलाई उपन्यासको सहयात्रीका रूपमा लिन सकिन्छ । विहेपछि आश्रमकै वातावरण भित्र रहेकी पुलोमाले सोमदत्तसँग गरेको विद्वतापूर्ण छलफल हेर्दा ऊ शैक्षिक वातावरणमा हुर्किएकी पात्र देखिन्छे । पुत्र प्राप्ति नहुँदा वेला वेलामा भिल्ललाई संझनु, सन्यासी भएर घुम्ने इच्छा प्रकट गर्नु जस्ता घटनालाई हेर्दा उसभित्र जीवनप्रति नै निरसको वातावरण जागेको देखिन्छ । सोमदत्तसँगको उत्तेजित सम्पर्कपछि पुलोमाको मन पनि खुसी देखिन्छ । उपन्यासमा पुलोमा गतिशील मञ्चीय र बद्ध पात्रका रूपमा उपस्थित देखिन्छे ।

बिजुवा उपन्यासको अर्को पुरुष पात्र हो । किराती धर्म गुरूका र किराती समाजको नेताको रूपमा रहेको उसले युद्ध हुनबाट रोकेको छ र किरात र भिल्ललाई संझाएर समन्वयात्मक वातावरणको सिर्जना गरेको छ । बिजुवा किराती समाजको नेता हुनाले राजनीतिक वातावरणको प्रभाव पनि देख्न सकिन्छ । सोमदत्तलाई सहयोग गरेर अनुकूल चरित्र बनेको बिजुवा मञ्चीय र बद्ध पात्रको रूपमा उपस्थित देखिन्छ ।

सोमदत्तको छोरो उपन्यासको पुरुष पात्र हो । बाबुआमाको बेमेलले गर्दा दु:खद् जीवन यापन गरेको उसले सुम्निमाकी छोरीलाई साथी बनाउँदै गाई चराउन गएको वेला कोशी तटको आसपासको वातावरणमा ऊ रमाएको छ । अन्त्यमा किरात पुत्रीसँग विहे गरेर समन्वयात्मक वातावरणको सिर्जना गरेको छ । ऊ अनुकूल प्रवृत्तिको व्यक्तिगत पात्र हो भने आवद्धताका आधारमा बद्ध र आसन्नताका आधारमा मञ्चीय पात्र हो ।

सुम्निमाकी छोरी उपन्यासकी नारी पात्र हो । आफ्नो श्रीमान् आफै चुनेकी उसलाई अनुकूल चरित्र मान्नु पर्छ । दिनभर कोशीमा पौडी खेल्ने र सोमदत्तको छोरालाई आफ्नो गाउँमा लगेर यावा भन्दै घुमाएकीले त्यहाँ कोशीको वातावरण र किराती गाउँको वातावरणको चित्रण देखिन्छ । उपन्यासको अन्त्यसम्म कार्य गरेकीले उसलाई मञ्चीय र बद्ध पात्रका रूपमा लिन सकिन्छ ।

प्रस्तुत उपन्यासमा फरक फरक धर्म संस्कृतिबाट प्रेरित पात्रले गरेको कार्यबाट विभिन्न किसिमको वातावरणीय परिवेशको सिर्जना भएको देखिन्छ । हरेक पात्रले आफ्नो कार्यका माध्यमबाट विभिन्न वातावरणको सिर्जना गरेका छन् ।

### ४.४.३ वातावरण र संवादको अन्तर सम्बन्ध

**सुम्निमा** उपन्यास वर्णनात्मक शैलीको भए तापनि पात्रका संवादले रोचक र कौतुहलपूर्ण वातावरणको सिर्जना भएको छ । उपन्यासमा वातावरणको सिर्जना गर्न पात्रले गरेको संवादको महत्वपूर्ण भूमिका रहन्छ । वातावरण अनुसार संवाद पनि सरल लामा छोटा किसिमका देखिन्छन् । सोमदत्तको परिवार आश्रमवासी र ब्राह्मण कुलको भएकाले उसको संवाद बढी औपचारिक देखिन्छ । सोमदत्त र सुम्निमाको संवादलाई हेर्दा ज्यादै रोचक र तर्कपूर्ण देखिन्छ । छोटो र सरल

किसिमका वाक्यात्मक संवाद देखिन्छ भने विवादात्मक संवादले सांस्कृतिक वातावरणको सिर्जना गरेको देखिन्छ । राजपुत्र, सूर्यदत्त, भिल्ल र किरातीहरूको संवादले युद्धको वातावरणको सिर्जना गरेको देखिन्छ ।

उपन्यासमा सोमदत्त र सुम्निमाको संवाद हेर्दा उनीहरू यौवनावस्थामा पुगेको देखिन्छ । सोमदत्तले सुम्निमाको शरीरलाई पापको खाडल भन्नु र सुम्निमाले आफ्नो मनभित्र पनि गर्मी याममा कोशीको बालुवा तातेर आएको बाफजस्तो हुने भनाइले उनीहरूको मनको यौवनावस्थाको वातावरणलाई यसरी देखाइएको छ :

"आमा भन्नुहुन्थ्यो, म असाध्यै राम्री छु रे, मेरो जीउ भरिलो छ रे, पेट सुलुक्क पऱ्या, स्तन पनि ठिक्क ठाउँमा छन् रे. . .होइन त सोमदत्त ?

सुम्निमा ! तिमी आफ्नो शरीरलाई ढाक्ने गर" (पृ. १८) ।

राजपुत्रले किरातीलाई गोवध र हत्याहिंसामा रोक लगाएपछि किरात, भिल्ल र ब्राह्मण परिवारको संवादले सांस्कृतिक वातावरणको सिर्जना यसरी भएको देखिन्छ :

"त्यहाँ हामीले हाम्रो पूजाको नियमानुसार सुँगुरका पाठा चढाउने गरेका छौँ । त्यो चढाउन पाएनौँ भने अन्धेर हुन्छ राजपुत्र

ल भयो तिमीहरूलाई त्यो ठाउँ. . .तर त्यहाँ हिंसा नगर्नु । त्यो ठाउँ आजदेखि वराहक्षेत्र कहलाइने छ" (पृ. ११)

सुम्निमाले सोमदत्तको मुखमा चुम्बन गरि दिएपछि सोमदत्त उत्तेजित भएर कराएको छ भने सुम्निमा पनि सोमदत्तलाई आश्रममा पर्खेकी छु भन्दै कराएर भागेकी छ । त्यहाँ सोमदत्त र सुम्निमाको उत्तेजित संवादले पूरै वातावरण नै उत्तेजित भएको यसरी देखाइएको छ :

"मैले आफ्नो मुटुको तातो सासले तिम्रो मनुवालाई फुकिदिएकी छु सोमदत्त ! सोमदत्त !! सोमदत्त !!!

सुम्निमा ! सुम्निमा !!

सोमदत्त म तिमीलाई आश्रममा पर्खिरहेकी छु, सपनाजस्तो तिमीबाट अंगालिन" (पृ. ५७) ।

उपन्यासमा विभिन्न संवादले फरक फरक किसिमको वातावरणको सिर्जना गरेको देखिन्छ ।

### ४.४.४ वातावरण र भाषाको अन्तर सम्बन्ध

**सुम्निमा** उपन्यासमा परिष्कृत किसिमको गद्य भाषाको प्रयोग भएको देखिन्छ । वर्णनात्मक र दृश्यात्मक पद्धतिको प्रयोग गरिएको यस उपन्यासमा संस्कृतका श्लोकहरूले कलात्मकता थपेको देखिन्छ । सोमदत्तलाई शिक्षा दीक्षा दिनको लागि आश्रम प्रस्थान गरेको ब्राह्मण परिवारले प्रयोग गर्ने भाषा उच्च आदरार्थी किसिमको देखिन्छ । पिता र पुत्रको वेदका उच्चारणले आश्रमको वातावरण नै रमाइलो भएको छ । सोमदत्त र सुम्निमाको छलफल दुबैले आआफ्नो सांस्कृतिक भाषामा जोड दिएको देखिन्छ । सोमदत्तले जन्म दिने व्यक्तिलाई देवीको रूपमा मान्नु पर्छ भन्दै माता शब्दको प्रयोग गरेको छ भने सुम्निमाले आमा भनेर सम्बोधन गरेकी छ । यहाँ आश्रमको शैक्षिक वातावरणलाई यसरी चित्रण गरिएको छ : "पिता पुत्रको सम्मिलित कण्ठले उच्चरित

वेदका ऋचाहरू वायुमण्डलमा तरङ्गित हुन्थे । पिता भन्थे -"मित्रे चार्स्वौ" पुत्र धोक्थ्यो, "मित्रे चार्स्वौ" (पृ. ५) ।

उपन्यासमा राजपुत्रले दिएको आदेशले मर्माहित भएका किरात तथा भिल्लहरू छलफलका लागि बिजुवाको घरमा भेला हुन्छन् । भिल्ल तथा किरात युवकहरूले आक्रोशित भएर उत्तेजित भाषामा युद्धको घोषणा गरेको देखिन्छ भने बिजुवाले युद्ध शान्त गर्न सरल र सौम्य भाषाको प्रयोग गरेर सम्झाएको छ । उनीहरूको यस्तो छलफललाई देखाउन रातको वातावरणको प्रयोग गरिएको छ जसलाई उपन्यासमा यसरी देखाइएको छ : "रातभर बिजुवाको घरमा किरातीहरूको सभा भयो" (पृ. १३) ।

सुम्निमाले सोमदत्तको मनुवा ठीक पार्न मनुवादहमा लगेपछि त्यहाँको रमणीय वातावरण देखेर सोमदत्त मख्ख पर्छ । हरियो जङ्गलको बिचमा शान्त तलाउ चारैतिरबाट बनस्पतिले घेरेको माथि निलो आकाश र सुनसान स्थानको चित्रण काव्यात्मक भाषामा सोमदत्तले यसरी गरेको छ : "चारैतिरबाट बनस्पतिले सुरक्षित यो सुरभ्य खाडल, मलाई माताको गर्भको स्मरण गराउँछ । . . .जसबाट गर्भमा शिशु पोषण प्राप्त गर्छ" (पृ. ५०) ।

उपन्यासमा पुलोमा र सोमदत्तको विहे भएको छ । केही समय उनीहरू ज्यादै मिलेर बसेको छन् तर सन्तान प्राप्ति नभएपछि आश्रमको रमाइलो वातावरण नै ज्यादै उराठलाग्दो र शुन्य देखिन्छ भने उनीहरूका बिचमा भएको भाषामा पनि ज्यादै निकृष्ट खालको देखिन्छ ।

### ४.४.५ वातावरण र उद्देश्यको अन्तर सम्बन्ध

**सुम्निमा** उपन्यासको कथानकमा विभिन्न भाव र अवस्थालाई प्रस्तुत गर्नका लागि विभिन्न प्रकारको वातावरणको प्रस्तुति देखिन्छ । उपन्यासमा विभिन्न प्रकारको प्रकृतिको चित्रण गरेर पात्रको मनोभाबना स्वाभाविक रूपमा प्रकट गरिएको छ । उपन्यासमा पात्रका दुःखद् र सुखद् भाबना प्रस्तुत गर्न उचित किसिमको वातावरणको प्रस्तुति पाइन्छ । वातावरणगत उद्देश्यले हेर्ने हो भने घरमा शिक्षित पिता भए तापनि शिक्षा दीक्षाको लागि गुरुकुल आश्रम नै उचित हुने र प्राकृतिक शान्त वातावरण भित्रको शिक्षा पद्धति नै उचित हुन्छ भन्ने उद्देश्य यस उपन्यासको रहेको छ । समाजमा रहेका भिन्न धार्मिक सांस्कृतिक जातिहरूका आ आफ्नै मुख्य मान्यता हुन्छन् । तर आफ्नो धर्म संस्कृति भन्दैमा प्रकृतिलाई नै जित्नु वा प्रकृतिमाथि नै विजय हासिल गर्न खोज्नु मूर्खता हो भन्ने सन्देश दिनु यस उपन्यासको अर्को उद्देश्य हो । प्रकृति नै सबैभन्दा ठुलो कुरा हो र प्राकृतिक वातावरणमा नै हामी रम्न सक्नु पर्छ भन्ने कुरालाई उपन्यासमा सुम्निमाले यसरी व्यक्त गरेकी छ : "पर्कितिले मिलाएको ऱ्याङठयाङलाई कहाँ कहाँका धर्मका अमिल्दा कुरा ल्याएर वित्थ्यामा किन भत्काउन खोज्छौ ?" (पृ. १५)

यौन जस्तो अति आवश्यक चिजलाई धर्म संस्कृतिको नाममा जति नै दवाउन खोजे तापनि सोमदत्त असफल भएको छ । सुम्निमालाई भुल्न विभिन्न किसिमको कठोर वातावरणमा तपस्या गरे पनि अन्त्यमा ऊ पुनः सुम्निमाकै शरणमा परेको छ । त्यसैले मनको इच्छा, चाहना रोक्नु हुँदैन भन्ने सन्देश दिनु पनि अर्को उद्देश्य देखिन्छ, जसलाई उपन्यासमा यसरी देखाइएको छ

: “समुन्द्रको ज्वारलाई मानिसले कदाचित आफ्नो हत्केलाले थाम्न सके पनि यौवनको वेगलाई के दमन गर्न सकिएला र ?” (पृ. १९)

**सुम्निमा**मा शरीर र आत्मा, अध्यात्मवाद र भौतिकवाद अनि आर्य संस्कृति र किरात संस्कृतिक बिच घटित द्वन्द्व चरम चुलीमा पुगेको छ । कथावस्तुमा यस द्वन्द्वलाई बडो खरो पाराले चर्काइएको छ । सोमदत्त र पुलोमाले अध्यात्मवाद र आर्य संस्कृतिको वकालत गर्छन् भने सुम्निमा र बिजुवाले भौतिकवाद र किरात संस्कृतिको महिमा गाउँछन् । यसरी कोइरालाले दुई ध्रुवमा बाँडिएका पात्रहरूको सिर्जना गरी समाधानको निकास स्वरूप समन्वयवादी वातावरणको सिर्जना गराउनु नै यस उपन्यासको मुख्य उद्देश्य हो (राई, २०५५ : ८६) ।

## ४.५ निष्कर्ष

परिवेश उपन्यासको एउटा महत्वपूर्ण तत्व हो । परिवेशले उपन्यासका अन्य तत्वहरूसँग मिलेर कथानकलाई अघि बढाएको हुन्छ । परिवेश स्थान, समय र वातावरणको समग्रता हो । यही परिवेशका स्थान, समय र वातावरण जस्ता पक्षहरूले उपन्यासका अन्य तत्वहरू कथानक, चरित्र, संवाद, भाषाशैली र उद्देश्यसँग अन्तर सम्बन्ध राखेर उपन्यासमा विभिन्न परिवेशको सिर्जना गरेको पाइन्छ । **सुम्निमा** उपन्यासभित्र प्रयुक्त स्थानिक परिवेशहरू कोशीको चतरा आश्रम, वराहक्षेत्र, किराती गाउँ, मनुवादह आदिले अन्य तत्वहरू कथानक, चरित्र, संवाद भाषाशैली, उद्देश्य जस्ता तत्वहरूसँग अन्तर सम्बन्ध राखेर उपन्यासलाई अघि बढाएका छन् । त्यस्तै उपन्यासको समयावधिलाई हेर्दा पौराणिक काल किरात काल र आधुनिक कालको परिवेश देखिन्छ जसले उपन्यासका अन्य तत्वहरू कथानक, चरित्र, संवाद, भाषा उद्देश्यसँग अन्तर सम्बन्ध राखेर समय अनुसार परिवेशको सिर्जना गरेको देखिन्छ । उपन्यासमा परिवेशको महत्वपूर्ण पक्षको रूपमा रहेको वातावरण हो जसले पात्रका मनस्थितिका आधारमा कथानकको संवाद, भाषा र उद्देश्यको आधारमा फरक फरक वातावरणले उपन्यासका अन्य तत्वहरू कथानक, चरित्र, संवाद, भाषाशैली, र उद्देश्यसँग अन्तर्सम्बन्धित भएर उपन्यासमा विभिन्न परिवेशको सिर्जना गरी उपन्यासलाई गति दिन सहयोग पुऱ्याएका छन् ।

# पाँचौं परिच्छेद

# उपसंहार तथा निष्कर्ष

## ५.१ उपसंहार

वि.सं. १९७१ भदौ २४ गते भारतको वाराणसीमा जन्मिएका र २०३९ साल साउन ६ गते ६८ वर्षको उमेरमा यस धर्तीबाट बिदा भएका विश्वेश्वरप्रसाद कोइराला नेपाली सात्यिका विशिष्ट प्रतिभा हुन् । १९९२ सालमा **चन्द्रवदन** कथा लेखेर प्रथम पटक नेपाली साहित्यमा भित्रिएका कोइरालाले नेपाली साहित्यमा पाश्चात्य मनोवैज्ञानिक धारालाई **भित्र्याउने** काम समेत गरेको देखिन्छ । छिटफुट रूपमा कविता, निबन्ध, जीवनी, आत्मवृत्तान्त जस्ता विधामा कलम चलाए पनि आख्यान विधामा भने ज्यादै उत्कृष्ट मानिन्छन् । आख्यानतर्फ दुई वटा कथा सङ्ग्रह र छ वटा उपन्यास प्रकाशित भइ सकेका छन् । साहित्यका विभिन्न क्षेत्रमा सक्रिए भए पनि आफ्नो लेखन यात्राको अन्तिम समयतिर उपन्यास लेखनमा बढी सफल मानिन्छन् । कोइराला नेपाली उपन्यास विधाका एक चार्चित उपन्यासकार हुन् । उनका छ वटै औपन्यासिक कृतिलाई तिन (३) चरणमा राखेर अध्ययन तथा विश्लेषण गर्न सकिन्छ । पहिलो चरण (२०२५-२०२६) मा **तीनघुम्ती** (२०२५), **नरेन्द्रराई** (२०२६) प्रकाशित देखिन्छन् । यस चरणको मुल प्रवृत्ति भनेको **अस्तित्ववाद** हो । उनको उपन्यासको दास्रो चरण (२०२७-२०३७) मा पनि दुई वटा उपन्यासहरू प्रकाशन भएका देखिन्छन् । यस चरणमा **सुम्निमा** (२०२७) **मोदी आइन** (२०३७) मार्फत पौराणिक कालीन परिवेशको सिर्जना गर्दै मिथकीय धारालाई जोड दिएको पाइन्छ । तेस्रो चरण (२०३८-२०४५) मा **हिटलर र यहुदी** (२०४०) **बाबु, आमा र छोरा** (२०४५) गरी दुईवटा विसङ्गतिवादी चेतना र नियतिवादी प्रवृत्तिलाई बोकेका उपन्यासको रचना गरेका छन् । कोइरालाको **अस्तित्ववाद** र नियतिवाद मूल औपन्यासिक प्रवृत्ति नै हो । उपन्यासको तिनवटै चरणमा यसको पूर्ण प्रयोग भएको देखिन्छ भने यसै प्रवृत्तिसँगै विसङ्गतिवाद, मिथकीयता, मनोविश्लेषण, मानवता, समन्वय जस्ता प्रवृत्तिहरू आएको देखिन्छ । कोइराला मिश्रित प्रवृत्तिका गतिशील उपन्यासकार हुन् । उनका छ वटा औपन्यासिक रचनाहरूले समान प्रवृत्तिहरूलाई आत्मसात गर्न सकेका छैनन् । उनले आफ्ना रचना मार्फत राष्ट्रिय परिवेश तथा स्थान विशेषको व्यापक चित्रण गरेका छन् ।

कोइरालाको औपन्यासिक यात्राको दोस्रो चरणमा प्रकाशित कृति **सुम्निमा** (२०२७) हो । यस उपन्यासले पौराणिक ऋषि विश्वामित्रको आश्रमलाई आधार बनाएर तत्कालीन समाजमा रहेको आर्य र अनार्य संस्कृति बिचको जातीय द्वन्द्वलाई चित्रण गरेको पाइन्छ । प्रस्तुत उपन्यासले प्राचीन समयको मानवीय अवस्था, धारणा, धार्मिक-सांस्कृतिक समन्वय आदिको सजीव चित्र प्रस्तुत गरेको छ । प्रस्तुतिकै क्रममा आर्य संस्कृतिको अपकर्षित, निरस, असन्तुलित दाम्पत्य जीवनको चित्रण गर्दै किराती संस्कृतिको व्यवहारिक, मोहक, सन्तुलित चित्र समेत यस उपन्यासमा कोइरालाले प्रस्तुत गरेका छन् । मूलतः **सुम्निमा** उपन्यासको पृष्ठभूमि ब्राह्मण परम्पराको औचित्यको सम्बन्धमा गम्भीर प्रश्न उठाउनुका साथै आर्यहरूको आत्मवादी चिन्तन र किरातीहरूको जीवनवादी चिन्तनको मुल्याङ्कनमा आधारित रहेको देखिन्छ । पूर्वी नेपालको वराह

चतरा क्षेत्रलाई आधार भूमि बनाएर लेखिएको उपन्यासमा सुम्निमा, सोमदत्त, पुलोमा, बिजुवा, सोमदत्तको छोरो, सुम्निमाकी छोरी जस्ता थुप्रै पात्रहरूले कथानकलाई गति दिएका छन् ।

परिवेश भनेको हाम्रो वरपरको वातावरण हो । कुनै पनि पात्रले कार्यव्यापार गर्ने आधार भूमिलाई परिवेश भनिन्छ । उपन्यासका अन्य तत्व झैँ परिवेश पनि एउटा महत्वपूर्ण तत्व हो । कुनै निश्चित देश, काल र वातावरणमा उपन्यासले पूर्णता पाउनका लागि परिवेशको आवश्यकता पर्दछ । परिवेशविना उपन्यासमा कथानक अघि बढ्न सक्दैन् । परिवेशलाई अर्को शब्दमा कार्यपीठिका पनि भनिन्छ । परिवेश उपन्यासको एक तत्व भएकाले काल्पनिकता, स्थानियतामा जोड, सूक्ष्म अध्ययनमा सहयोग जस्ता विशेषताहरू देख्न सकिन्छ । परिवेश विश्लेषणका लागि दृश्यात्मक र वर्णनात्मक जस्ता पद्धतिहरू अपनाउन सकिन्छ । परिवेशको सम्बन्ध उपन्यासका अन्य तत्वहरूसँग पनि रहेको देखिन्छ । कथानक अघि बढ्दै जाँदा उपन्यासमा विभिन्न किसिमको परिवेशको सिर्जना भएको देखिन्छ । परिवेश अनुसारको पात्र प्रयोग गरिन्छ भने पात्रले पनि विभिन्न किसिमको परिवेशको सिर्जना गरेको देखिन्छ । परिवेश अनुसारको संवाद भयो भने उपन्यासमा स्वाभाविकता छाउँछ । त्यस्तै, भाषाशैली र परिवेशको सम्बन्धले उपन्यासमा फरक किसिमको वातावरणको सिर्जना हुन्छ भने परिवेश अनुसारको उद्देश्यको पनि निर्माण हुन्छ । यसरी परिवेश उपन्यास निर्माणमा नभई नहुने तत्व हो भने देश, काल र वातावरण परिवेशका महत्वपूर्ण पक्षहरू हुन ।

**सुम्निमा** उपन्यासको परिवेशको चित्रण गर्न देश, काल र वातावरणको अध्ययन गर्नु पर्ने देखिन्छ । उपन्यासमा प्रयुक्त स्थानहरूमा पूर्वी नेपालको कोशी तटिय क्षेत्र, चतरा आश्रम, वराह स्थान, किराती गाउँ, मनुवादह आदि दृश्यात्मक र भिल्लको गाउँ, विश्वामित्रको आश्रम, जनकपुर, कोशी आदि सूच्यात्मक स्थानका रूपमा आएका छन् । विश्वामित्रको आश्रमलाई आधार भूमि बनाएर सुरू भएको उपन्यासमा सूर्यदत्तको परिवारले आश्रम बनाएको छ । पहाडमाथिको किराती गाउँमा सोमदत्त र उसको छोरो पुगेको देखिन्छ । मनुवादह किरातीहरूको धार्मिक तथा सांस्कृतिक स्थल हो जहाँ लगेर सुम्निमाले सोमदत्तको मनुवा खुसी पारेकी छ । वराह स्थान हिन्दूहरूको धार्मिक स्थल हो जहाँ सूर्यदत्तले हिँसा गर्न रोक लगाएका छन् । यसरी उपन्यासमा प्रयुक्त स्थानहरूले प्रकृति, भाषा, रहन सहन आदिसँग सम्बन्ध राखेर विभिन्न स्थानिक परिवेशको सिर्जना गरेको देखिन्छ ।

**सुम्निमा** उपन्यासको कथावस्तु पौराणिक स्रोतबाट लिएको देखिन्छ । पौराणिक ऋषि विश्वामित्रको आश्रम पुराणमा वर्णित भएको र यही ऋषि आश्रमलाई आधार भूमि बनाएर **सुम्निमा**को कथानक सुरू भएकाले पौराणिक कालको उपन्यास हो भन्ने आधार देखिन्छ । त्यस्तै, कृतिमा कथानकले किराती समाज र किराती पात्रको प्रयोग गरी गति लिएको देखिन्छ भने उपन्यासको अग्र पृष्ठमै 'किरात देशको एउटा कथा' लेखेको हुनाले किरात कालको उपन्यास हो भन्न सकिन्छ । किराती दन्त्यकथाको नायिकाको नाम र उपन्यासकी नायिकाको नाम मिल्न गएको हुनाले पनि किरात कालीन घटना भन्न सकिन्छ । उपन्यासको लेखन प्रकाशन र यसले

पारेको प्रभावका आधारमा आधुनिक कालको सङ्केत पनि देखिन्छ । यसरी उपन्यासमा प्रयुक्त पौराणिक, किरात र आधुनिक कालले विभिन्न कालिक परिवेशको सिर्जना गरेको देखिन्छ ।

**सुम्निमा** उपन्यास ग्रामीण परिवेशमा घटित हुनाले प्राकृतिक वातावरणको राम्रो चित्रण गरिएको छ । आश्रम वरपरको हरियाली, कोशीको सेरोफेरो तथा मनुवादहको प्राकृतिक सुन्दरताको राम्रो वर्णन भएको छ । दुई भिन्न संस्कृतिमा हुर्केका सांस्कृतिक पात्रको प्रयोगले कृतिमा सांस्कृतिक वातावरणको सिर्जना भएको छ भने राजपुत्रले राजाज्ञा दिनु, बिजुवा गाउँको प्रमुख व्यक्ति हुनुले राजनीतिक वातावरणको सिर्जना भएको छ । कृतिमा प्रयुक्त सुम्निमा, सोमदत्त, पुलोमा आदि पात्रको मनको आन्तरिक वातावरणको पनि राम्रो चित्रण भएको छ । यसरी प्राकृतिक, सांस्कृतिक, राजनीतिक वातावरणका साथै पात्रको मनको आन्तरिक वातावरणको पनि प्रयोग भएको छ ।

**सुम्निमा** उपन्यासको तत्वहरू कथानक, चरित्र, संवाद, भाषाशैली र उद्देश्य जस्तै परिवेश पनि एक महत्वपूर्ण तत्व हो । उपन्यासमा परिवेशका महत्वपूर्ण पक्षहरू स्थान, समय र वातावरण हुन् । यिनै स्थान, समय र वातावरणले उपन्यासका अन्य तत्वहरूसँग अन्तर सम्बन्ध राखेर विभिन्न परिवेशको सिर्जना गरेको देखिन्छ । उपन्यासमा प्रयुक्त चतरा आश्रम, वराह थान, मनुवादह, किराती गाउँ आदि स्थानले कथानक, चरित्र, संवाद, भाषाशैली र उद्देश्यसँग अन्तर सम्बन्ध राखेर स्थानिक परिवेशको सिर्जना गरेका छन् भने पौराणिक र किरात कालीन घटनाले पनि उपन्यासका तत्वहरू कथानक, चरित्र, संवाद, भाषाशैली र उद्देश्यसँग अन्तर सम्बन्ध भएर कालिक परिवेशको सिर्जना गरेका छन् । त्यस्तै सामाजिक, सांस्कृतिक, राजनीतिक र पात्रको आन्तरिक मनको वातावरणले उपन्यासका अन्य तत्वलाई गति दिएका छन् ।

## ५.२ निष्कर्ष

**सुम्निमा** पौराणिक कथास्रोत ग्रहण गरी लेखिएको र किरात कालीन समाजमा घटेका समन्वयवादी उपन्यास हो । उपन्यासमा कोशीको चतरा आश्रम, किराती गाउँ, वराह स्थान, मनुवादह आदि स्थानलाई आधार भूमि बनाइएको छ । चतरा आश्रममा सूर्यदत्तको परिवार बसेको छ भने पहाडको माथि अवस्थित किरात बस्तीले ग्रामीण परिवेशको सिर्जना गरेको छ । वराह थान आर्यहरूको धार्मिक स्थल हो भने मनुवादह किरातहरूको धार्मिक तथा सांस्कृतिक स्थान हो । पौराणिक ऋषि विश्वामित्रको चर्चा गरी उपन्यास सुरू भएको हुँदा कथास्रोत पौराणिक मानिन्छ भने किरात कालीन सामाजमा किराती पात्रको प्रयोगका साथै अग्र पृष्ठमा किरात देशको एउटा कथा लेखिनुले किरात कालीन समयको उपन्यास मान्न सकिन्छ । त्यस्तै, उपन्यास लेखिएको र प्रकाशन भएको समय तथा त्यसले पारेको प्रभावले आधुनिक कालको सङ्केत दिएको छ । किरात कालीन समाजमा घटना घटेको हुँदा सामाजिक परिवेश देखिन्छ भने दुई भिन्न संस्कृतिका पात्रले कार्यव्यापार गरेको हुँदा सांस्कृतिक वातावरणको सिर्जना भएको देखिन्छ । सुम्निमा, सोमदत्त, पुलोमा आदि पात्रको मनको आन्तरिक वातावरणको चित्रण पनि देखिन्छ । यसरी विभिन्न स्थान,

समय र वातावरण अनुकूल कथानक, चरित्र, उनीहरूको संवाद, भाषाशैली, जीवन भोगाई संस्कार, रहन सहन आदिको चित्रण गरी उपन्यास परिवेश प्रधान बनेको छ ।

**प्रस्तुत शोधकार्यबाट हासिल हुन आएका प्राप्तिलाई बुँदागत रूपमा यसप्रकार उल्लेख गरिएको छ :**

१. **सुम्निमा** उपन्यासमा प्रयुक्त चतरा आश्रम, वराह थान, किराती गाउँ, मनुवादह मुख्य स्थान हुन् । चतरा आश्रमले ब्राह्मण समाज र वरपरको सेरोफेरोलाई सङ्केत गरेको छ भने मनुवादहले किरातीहरूको धार्मिक तथा सांस्कृतिक महत्वलाई प्रष्ट्याएको छ । वराह थानले आर्यहरूको धार्मिक महत्व दर्शाएको छ भने किराती गाउँले प्राचीन ग्रामीण परिवेशलाई झल्काएको छ ।

२. **सुम्निमा** उपन्यासको कालिक परिवेश त्यति स्पष्ट रूपमा तोकेर भन्न सकिंदैन्, त्यसैले यहाँ पौराणिक काल, किरात काल र आधुनिक काल भनेर उल्लेख गरिएको छ । पौराणिक ऋषि विश्वामित्रको आश्रमलाई आधार बनाएर उपन्यास अघि बढेकाले कथास्रोतका आधारमा पौराणिक कालको उपन्यास भन्न सकिन्छ । किराती भूमिमा किराती पात्रकै प्रयोग भएर घटनावली अघि बढेकाले किरात काल पनि भन्न सकिन्छ भने उपन्यासको लेखन, प्रकाशन तथा त्यसले पारेको प्रभावका आधारमा आधुनिक काल पनि भन्न सकिन्छ । त्यसैले कथास्रोतका आधारमा पौराणिक काल, विषयवस्तुका आधारमा किरात काल र लेखन तथा वातावरणका आधारमा आधुनिक कालको उपन्यास भन्न सकिने आधार प्राप्त भएको छ ।

३. **सुम्निमा** उपन्यासमा वातावरण चित्रणलाई निकै महत्व दिइएको छ । किरात कालीन समाजको सामाजिक, सांस्कृतिक, राजनीतिक वातावरणको चित्रण भएको देखिन्छ भने पौराणिक कालीन ऋषि आश्रमको शान्त र प्राकृतिक वातावरणको पनि चित्रण देखिन्छ । फरक फरक सांस्कृतिक पात्रको मनको आन्तरिक वातावरणको पनि चर्चा भएको छ ।

४. **सुम्निमा** उपन्यासको परिवेशलाई सघन, प्रभावकारी, उपन्यासोचित र वास्तविक बनाउनका लागि यसको कथानक, चरित्र, संवाद, भाषाशैली र उद्देश्यले विशेष भूमिका खेलेको हुनाले परिवेशको ती तत्वहरूसँग घनिष्ट अन्तर सम्बन्ध रहेको छ ।

५. **सुम्निमा** उपन्यास जातीयताको आधारमा सुरूदेखि नै द्वन्द्वात्मक परिवेशको सिर्जना भए पनि अन्त्यमा समन्वयात्मक वातावरणमा कथानक समाप्त भएको छ । आर्य संस्कृति र किरात संस्कृतिको समन्वय देखाइएको हुनाले बहु सांस्कृतिक सम्मिलन नै **सुम्निमा** उपन्यासको मुख्य परिवेशगत उपलब्धि हो ।

## ५.३ भावी शोधकार्यका लागि उपयुक्त शीर्षकहरू

१. द्वन्द्वात्मक पक्षमा **सुम्निमा** उपन्यास ।

२. नारीवादी दृष्टिकोणमा **सुम्निमा** उपन्यासको विश्लेषण ।

# सन्दर्भ सामग्री सूची

## नेपाली पुस्तक


कोइराला, विश्वेश्वरप्रसाद. २०६६. **सुम्निमा** (आ.सं.). ललितपुर : साझा प्रकाशन ।

चापागाईं, नरेन्द्र. २०४३. **केही सृष्टि केही दृष्टि**. ललितपुर : साझा प्रकाशन ।

ढकाल, भूपति. २०६७. **विश्वेश्वरप्रसाद कोइरालाका कथा र उपन्यासको विश्लेषण** (दो.सं.) काठमाडौं : एबिसी प्रकाशन ।

धरावासी, कृष्ण. २०४८. **विश्वेश्वरप्रसाद कोइरालाका उपन्याहरू**. झापा : जीविका इन्टरप्राइजेज ।

न्यौपाने, टंकप्रसाद. २०३८. **साहित्यको रूपरेखा**. ललितपुर : साझा प्रकाशन ।

पराजुली, ठाकुर. २०३३. **"नेपाली उपन्यासको ऐतिहासिक विवेचना"** ज्ञानविज्ञानको दिशा. डिल्लीराम तिमल्सिना (सम्पा.) : वाराणसी ।

पोखेल, छविलाल. २०५३. **"विश्वेश्वरप्रसाद कोइराला र उहाँका केही कृति"** विश्वेश्वरप्रसाद कोइराला : समालोचना र विचारमा जीवनचन्द्र कोइराला (सम्पा). वाराणसी : वी.पी अनुसन्धान केन्द्र ।

पौड्याल हिरामणि, २०४१. **समालोचनाको बाटोमा**. फलेवास, पर्वत : इन्दिरा शर्मा पौड्याल ।

प्रधान, कृष्णचन्द्र. २०६१. **नेपाली उपन्यास र उपन्यासकार** (चौ.सं.). ललितपुर : साझा प्रकाशन ।

प्रधान, प्रताचन्द्र. २०४०. **नेपाली उपन्यासः परम्परा र पृष्ठभूमि**. दार्जिलिङ्ग, दीपा प्रकाशन ।

बराल, ईश्वर. २०५५. **नेपाली साहित्यकोश**. काठमाडौं : ने. रा. प्र. प्र. ।

बराल, कृष्णहरि र एटम नेत्र. २०५८. **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** (दो.सं.) ललितपुर : साझा प्रकाशन ।

––––, २०६६. **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** (ते.सं.) ललितपुर : साझा प्रकाशन ।

बराल, ऋषिराज. २०६३. **उपन्यासको सौन्दर्यशास्त्र** (दो.सं.) ललितपुर : साझा प्रकाशन ।

भट्टराई, तुलसी. २०५३. "विश्वेश्वरप्रसाद कोइराला. नेपाली वाङ्मयका ध्रुवतारा". **विश्वेश्वरप्रसाद कोइराला : समालोचना र विचारमा** जीवनचन्द्र कोइराला (सम्पा.). वाराणसी : वी. पी. अनुसनधान केन्द्र ।

भट्टराई, हरिराज. २०५३. "कोइरालाको साहित्यमा पात्रहरुको उपस्थिति". **विश्वेश्वरप्रसाद कोइराला : सामालेचना र विचारमा** जीवनचन्द्र कोइराला (सम्पा.). वाराणसी : वी. पी. अनुसन्धान केन्द्र ।

राई, इन्द्रबहादुर. २०५०. **नेपाली उपन्यासका आधारहरु.** ललितपुर : साझा प्रकाशन ।

रेग्मी मुरारिप्रसाद. २०५०. **मनोविश्लेषणात्मक समालोचना : उपन्यास खण्ड** (दो. सं.). ललितपुर : साझा प्रकाशन ।

शर्मा, गोपिकृष्ण. २०४४. **अवलोकन र विवेचना.** काठमाडौं : रत्न पुस्तक भण्डार ।

शर्मा, मोहनराज. २०५५. **समकालीन समालोचना र सिद्धान्त प्रयोग.** काठमाडौं : ने.रा. प. प. ।

सुवेदी, राजेन्द्र. २०५३. **नेपाली उपन्यास परम्परा र प्रवृत्ति.** वाराणसी : भूमिका प्रकाशन ।

----, २०६६. **नेपाली उपन्यास परम्परा र प्रवृत्ति** (दो. सं.). ललितपुर : साझा प्रकाशन ।

**पत्र पत्रिका**

अधिकारी, बालकृष्ण. २०६७. "परालको आगो कथामा ग्रामीण परिवेश" **शब्दाङ्कुर**. वर्ष १०, अङ्क २, पूर्णाङ्क ११०, पृ. १८ ।

ढकाल, भूपति. २०४८. "**सुम्निमा**मा पाइने द्वन्द्वात्मक पक्ष". **गरिमा.** वर्ष ९, अङ्क ९, पूर्णङ्क १०५, पृ. ४९ ।

प्रधान, भिक्टर. २०३१. "**सुम्निमा** उपन्यासभित्र प्राचीन इतिहास". **संचय.** वर्ष ५, अङक १, पूर्णाङ्क २४, पृ. १७।

वतन. २०५५. "**सुम्निमा** उपन्यास : पूर्वाग्रह र सुनियोजित षडयन्त्र". **गोर्खा सैनिक आवाज**. वर्ष ६, अङ्क ५, २०५५, पृ. ११ ।

**हिन्दी**

बर्मा, धिरेन्द्र र अरु (सम्पा.). २०२०. **हिन्दी साहित्यकोश** (दो.सं.). वाराणसी : ज्ञानमण्डल लिमिटेड ।

**अङ्ग्रेजी**

Abrams, M.H. 2012. **A Glossary of Literary Terms** (7th ed.). A Harcourt Higher Learning Company.

**Elements of Story**. 2012 February, 26. http// hrsbstaff. ednet. ns. ea. /enqrmja / elements.html.

Hudson W.H. 1991. **An Introducation to the study of literature. reprint**. Ludhiana. Kalyani Publishers.

**Wikipidia**. 2012 February 12. **Setting,** http//en.wikipidia.org/wikip.